



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)






**परम्परा धान्दै :** बुङमतिका महिला चर्खाको सहायतामा धागो कात्दै । यहाँका स्थानीयको मुख्य पेसा खेतीपाती भए पनि जीविकोपार्जन सहज बनाउन खाली समयमा धागो बनाएर बेच्ने गर्छन् । तस्वीर : अनिल आङदेम्बे/काठमाडौं

# थ्रेसहोल्डले डुबायो साना दललाई

सुनील महर्जन, काठमाडौं

अब बन्ने संसद्मा पाँचवटा दलले मात्र राष्ट्रिय मान्यता पाउने संकेत देखिएको छ। प्रतिनिधिसभा र प्रदेशसभाको सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको मतगणना अन्तिम चरणमा पुग्दा पाँच दलले राष्ट्रिय मान्यता पाउन आवश्यक तीन प्रतिशतको 'थ्रेस होल्ड' कटाएका छन्।

राजनीतिक दलसँग सम्बन्धित ऐनले राष्ट्रिय मान्यता पाउन प्रतिनिधिसभाको प्रत्यक्षतर्फको निर्वाचनमा न्यूनतम एक सिट जित्नुपर्ने र समानुपातिक प्रणालीतर्फबाट प्रतिनिधित्वका लागि दलहरूले ल्याउनुपर्ने न्यूनतम मतको सीमा अर्थात् 'थ्रेसहोल्ड' तीन प्रतिशत तोकेको थियो।

न्यूनतम मत सीमा वा थ्रेसहोल्डमा व्यवस्था गरिएअनुसार समानुपातिकतर्फ सदर भएको मतको कम्तीमा ३ प्रतिशत ल्याउने दल मात्र संघीय संसद्मा उपस्थित हुनेछन्। यसले गर्दा अब बन्ने संसद्मा दलहरूको संख्या ह्वात्तै घट्ने भएको छ।

थ्रेसहोल्ड कटाएका दलहरूमा नेकपा (एमाले), नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, संघीय समाजवादी फोरम, राष्ट्रिय जनता पार्टी रहेका छन्। निर्वाचन आयोगका प्रवक्ता नवराज ढकालका अनुसार समानुपातिकतर्फ ५ दलले थ्रेसहोल्ड कटाइसकेका छन् भने अन्य केहीले त्यसका लागि संघर्ष गरिरहेका छन्। 'समानुपातिकबाट सिट पाउने सन्दर्भमा गरिएको व्यवस्थाअनुसार यसपटक समानुपातिकमा थ्रेसहोल्ड पार गर्न सक्ने दलहरू सीमित हुने देखिएको छ।' -उहाँले भन्नुभयो।

> न्यूनतम मत सीमा वा थ्रेसहोल्डमा व्यवस्था गरिएअनुसार समानुपातिकतर्फ सदर भएको मतको कम्तीमा ३ प्रतिशत ल्याउने दल मात्र संघीय संसद्मा उपस्थित हुने भएकाले अब बन्ने संसद्मा दलहरूको संख्या ह्वात्तै घट्ने भएको छ।

निर्वाचन आयोगको सूचना प्रणाली व्यवस्थापन शाखाबाट प्राप्त पछिल्लो विवरणअनुसार, हालसम्म ८८ लाख ३५ हजार ८ सय ६८ मतगणना सम्पन्न भएको छ। प्राप्त मत परिणामअनुसार, नेकपा एमालेले २९ लाख ९७ हजार १ सय ३० मत, नेपाली कांग्रेसले २९ लाख ९ हजार २ सय ९३, नेकपा माओवादी केन्द्रले १२ लाख २ हजार ३२, संघीय समाजवादी फोरम नेपालले ४ लाख २१ हजार ५ सय २८, राष्ट्रिय जनता पार्टी नेपालले ३ लाख ८३ हजार ७ सय ६ मत प्राप्त गरेका छन्।

प्रतिनिधिसभाको प्रत्यक्षतर्फ एक सिट जिते पनि चार दलले थ्रेस होल्ड कटाउन सकेनन्। राष्ट्रिय प्रजातान्त्रिक पार्टी (प्रजातान्त्रिक)ले ८३ हजार १ सय ४३, नयाँ शक्ति पार्टी नेपालले ७६ हजार १ सय ९४, नेपाल मजदुर किसान पार्टीले ५२ हजार ६ सय ९३ मत ल्याएका छन्। संसद्मा ती दलहरूको हैसियत स्वतन्त्रको दलको हैसियतमा सीमित हुनेछ।

अन्य दलले ३ लाख २१ हजार ८ सय १६ मत प्राप्त गरेका छन्। त्यसैगरी प्रत्यक्षतर्फ एक सिट पनि नजितेको राष्ट्रिय प्रजातन्त्र पार्टीले १ लाख ८९ हजार २ सय ८० मत र विवेकशील साझा पार्टीले १ लाख ९९ हजार ५३ मत ल्याएको छ। आयोगका अनुसार कुल सदर मतको तीन प्रतिशत नकटाउने दलको मत हिसाब हुनेछैन।

पहिलो र दोस्रो चरणमा भएको प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको ७३ जिल्लाको मतगणना कार्य सकिएको छ। अब ४ जिल्लामा मतगणना कार्य जारी रहेको छ। मतगणना जारी रहेका जिल्लामा सुनसरीको क्षेत्र नं. २ र ३, सर्लाहीको क्षेत्र नं. २ र ३, सुर्खेतको क्षेत्र नं. १ र कैलालीको क्षेत्र नं. १ को मतगणना जारी रहेको आयोगको संयुक्त निर्वाचन सञ्चालन केन्द्रले जनाएको छ।

(क्रमश: पृष्ठ ९ मा)

# को बन्ला प्रदेश नम्बर ३ को मुख्यमन्त्री

नेपाल समाचारपत्र

काठमाडौं

संघीय सरकार गठनको तयारीसँगै प्रदेशसभाका मुख्यमन्त्री को बन्ने भन्ने दौड शुरू भएको छ। मुख्यमन्त्री बन्नका लागि वाम गठबन्धनका तर्फबाट निर्वाचित सांसदहरूले गृहकार्य अगाडि बढाएका छन्।

प्रदेशसभा क्षेत्र नम्बर ३ मा वाम गठबन्धनले दुई तिहाइ बहुमत वाम गठबन्धनले ल्याएको छ। वाम गठबन्धनकै नेतृत्वमा प्रदेश सरकार गठन हुने भएका एक दर्जनभन्दा बढी मुख्यमन्त्रीको आकांक्षी देखिएका छन्। नेकपा एमाले र नेकपा माओवादी केन्द्रका सांसदहरू मुख्यमन्त्री बन्नका लागि पार्टीको नेतृत्वसँग लबिङ गर्न थालेका छन्। ६६ वटा प्रदेशसभा निर्वाचन क्षेत्र रहेको प्रदेश नम्बर ३ मा ६६ मध्ये ५७ सिट वाम गठबन्धनले जितेको छ।

मुख्यमन्त्रीका लागि झन्डै एक दर्जन आकांक्षी देखिएका छन्। मुख्यमन्त्रीका लागि नेकपा एमालेका उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, राजेन्द्र पाण्डे, एमालेका पोलिटब्युरो सदस्य सानुकुमार श्रेष्ठ, पशुपति चौलागाईं, अरुण नेपाल, कैलाश ढुंगेललगायतले दौडधुप बढाएका छन्। एमालेभित्र प्रमुख दाबेदारका रूपमा उपाध्यक्ष शाक्य रहनुभएको छ। केशव स्थापितले पनि निर्वाचनअघि नै ३ नम्बर प्रदेशको मुख्यमन्त्री आफू हुने सार्वजनिकरूपमा नै घोषणा गर्नुभएको थियो।

प्रदेश नं ३ मा एमालेले ४२, माओवादी केन्द्रले १५, कांग्रेसले ७ तथा नेपाल मजदुर किसान पार्टी र नयाँ शक्ति नेपालले एक/एक सिट जितेका छन्। प्रदेश नं ३ मा काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुपाञ्चोक, काभ्रेपलाञ्चोक, मकवानपुर, चितवन, धादिङ, दोलखा, रामेछाप, सिन्धुली, रसुवा र नुवाकोट जिल्ला रहेका छन्।

नेकपा एमालेका पोलिटब्युरो सदस्य चौलागाईंले मुख्यमन्त्रीका लागि आफूले दाबी गरेको बताउनुभयो। उहाँले भन्नुभयो- 'म प्रदेश नम्बर ३ को मुख्यमन्त्री भए विकास र समृद्धि नयाँ युग शुरुआत गर्छु।' प्रदेशसभाको अन्तिम परिणाम सार्वजनिक भएको २० दिनभित्र प्रदेशसभा गठन हुने संवैधानिक व्यवस्था रहेको छ। प्रदेश नं ३ को अस्थायी मुकाम मकवानपुरको हेटौंडा तोकिएको छ।

एमालेले नै मुख्यमन्त्री पाउने करिब निश्चित भएकाले एमालेभित्र मुख्यमन्त्रीको बारेमा छलफल शुरू भएको छ। माओवादी केन्द्रले मुख्यमन्त्रीमा आफूहरूको दाबी नभए पनि बाँकी मन्त्रालयको बारेमा पनि गृहकार्य अगाडि बढाएको छ। १५ सिट जितेको माओवादी केन्द्रले प्रदेश सरकारको गृहमन्त्रीका लागि लबिङ थालेको छ।

# संघीय संसद्को आफ्नै भवन किन बनेन

मधुसूदन रायमाझी, काठमाडौं

व्यवस्थापिका संसद्को आफ्नै भवन नहुँदा भाडाकै भवनमा बैठक बस्ने भएको छ। संसद्को अहिलेसम्म आफ्नै भवन निर्माण हुन सकेको छैन। सिंहदरबारस्थित पुतली बगैंचामा संसद् भवन निर्माण गर्ने प्रस्तावअनुसार मन्त्रिपरिषद्को बैठकले निर्णय गरे पनि भवन निर्माण कार्य अगाडि बढ्न सकेको छैन।

सिंहदरबारको पुतली बगैंचामा रहेको १ सय ५२ रोपनी क्षेत्रफलमा संसद् भवन बनाउने निर्णय गरे पनि सरकारले निर्माण कार्य अगाडि बढाउन बजेट नदिँदा भवन बनाउने कुरा नारामा सीमित भएको छ।

संसद्को आफ्नै भवन नहुँदा वार्षिक रूपमा संसद् सचिवालयले करिब १० करोड रुपियाँ अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रलाई भाडा तिर्दै आएको छ। सम्झौताअनुसार वार्षिक दश प्रतिशत भाडा बढ्ने उल्लेख गरिएको छ। वार्षिक करोडौं रुपियाँ भाडा तिर्नुपर्दा पनि सरकारले भने आफ्नै भवन निर्माणमा चासो देखाएको छैन।

संसद् सचिवालयले सिंहदरबारको उत्तर-पूर्वीकुना पुतली बगैंचाको १ सय ५२ रोपनी जग्गालाई नै भवनका लागि उपयुक्त भन्दै सिफारिस गरेको थियो। संसद् सचिवालयका अनुसार संसद् भवन निर्माणका लागि करिब चारदेखि पाँच वर्ष समय लाग्छ।

संसद् सचिवालयले प्राविधिकरूपले गुणस्तरीय तथा आधुनिक भवन बनाउने तयारी गरेको छ। तर भवन निर्माण प्रक्रिया भने अन्योलमा परेको छ। संसद् सचिवालयका अनुसार भवन निर्माणका लागि करिब ६ अर्ब रुपियाँ लाग्नेछ। सांसदहरूको संख्या बढ्दै गएपछि २०६४ सालबाट संसद्को बैठक अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा बस्दै आएको छ।

अबको प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठक पनि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा बस्ने संसद् सचिवालयका प्रवक्ता डा. भरत गौतमले बताउनुभयो। उहाँले संसद् भवन निर्माण कार्य अगाडि बढाउने प्रक्रियामा रहेको बताउनुभयो।

> भाडामै काम चलाउँदै

उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'सरकारले संसद् भवन निर्माणका लागि प्रक्रिया अगाडि बढाए पनि अहिलेसम्म काम अगाडि बढ्न सकेको छैन।' आफ्नै संसद् भवन नभए पनि संसद्को बैठक बस्नका लागि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा पर्याप्त ठाउँ भएको उहाँले बताउनुभयो।

निवर्तमान सभामुख ओनसरी घर्तीले संसद्को आफ्नै भवन निर्माणका लागि पहल गरेको भए पनि बजेटको अभावमा काम अगाडि बढ्न नसकेको बताइएको छ। वार्षिक १० करोड रुपियाँ भाडा तिर्न राजी भएको सरकारले संसद् भवन निर्माण गर्न भने चासो देखाएको छैन।

# सर्वोच्चद्वारा निर्वाचित सांसद चौधरीको रिट अस्वीकार

प्रशान्त वली, काठमाडौं

कैलाली क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभामा विजयी टीकापुर घटनाका मुख्य अभियुक्त रेशम चौधरीका अभिभावकले घरमै प्रमाणपत्र उपलब्ध गराइदिन सम्बन्धित निकायसँग आग्रह गरेका छन्। चौधरीका बुबा लालवीर चौधरीले आफ्नो छोराले जनताको मन जिते पनि निर्वाचन आयोगले अन्याय गरेको भन्दै प्रमाणपत्र उपलब्ध गराइदिन आयोग र सम्बन्धित कार्यालयलाई आग्रह गर्नुभएको छ।

उहाँले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'मेरो जेठो छोराले निर्वाचन जितेको छ। तर, राज्यले हामीलाई अन्याय गर्‍यो। बहाना बनाएर जित हासिल गरेको प्रमाणपत्र नदिने षड्यन्त्र रचिएको छ।' चौधरी ३४ हजार ३ सय ४१ मतसहित निर्वाचित हुँदा उहाँका निकटतम प्रतिस्पर्धी वाम गठबन्धबाट एमाले उम्मेदवार मदनकुमारी शाहले १३ हजार ४ सय ६ मत प्राप्त गर्नुभएको थियो। चौधरीले वारेसनामामार्फत राष्ट्रिय जनता पार्टीका तर्फबाट उम्मेदवारी दिनुभएको थियो।

यता भारतमा निर्वासित जीवन बिताइरहेकै अवस्थामा प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएका चौधरीको रिट दर्ता गर्न सर्वोच्च अदालतले अस्वीकार गरेको छ। चौधरीका भाइ मिठुलाल चौधरीले प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएको प्रमाणपत्र वारेसमार्फत पाउनुपर्ने माग गर्दै सर्वोच्चमा रिट दिनुभएको थियो। तर, निर्वाचन अधिकृतको कार्यालय कैलालीले वारेसमार्फत विजयी भएको प्रमाणपत्र नदिएपछि उहाँ अदालत पुग्नुभएको थियो।

प्रमाणपत्र दिलाउन माग गर्दै रिट हाल्न गए पनि अदालतले अस्वीकार गरेको चौधरीका भाइ मिठुलाल चौधरीले बताउनुभयो। अदालतले निर्वाचित चौधरी आएपछि मात्रै रिट दर्ता गर्न सकिने बताएको भाइ मिठुलाल चौधरीले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# सरकार गठन गर्न ओली–प्रचण्ड परामर्श

काठमाडौं, (नेस)

वाम गठबन्धनका प्रमुख दुई अध्यक्षबीच नयाँ सरकार गठन र पार्टी एकताका बारेमा परामर्श भएको छ। प्रत्यक्षतर्फको सबै क्षेत्रको मत परिणामअनुसार वाम गठबन्धनले दुई तिहाइ बहुमत हासिल गरेपछि नयाँ सरकार गठनका लागि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच छलफल भएको छ।

शुक्रबार भएको ओली र प्रचण्डबीचको भेटमा नयाँ सरकार सञ्चालन र पार्टी नेतृत्व कसले गर्ने भन्ने विषयमा गृहकार्य शुरू भएको छ। निर्वाचनअघि ओली र प्रचण्डले निर्वाचनलगत्तै पार्टी एकता गर्ने सार्वजिनिक रूपमा घोषणा गर्नुभएको थियो। तर सरकार गठन भएपछि मात्र पार्टी एकताको विषयले प्रवेश पाउने भएको छ। निर्वाचन अघि ६०/४० को भागवण्डा गरेर निर्वाचनमा होमिएका एमाले र माओवादी केन्द्रबीच पार्टी एकीकरण गर्ने यसअघि नै सहमति भइसकेको छ।

(क्रमश: पृष्ठ ९ मा)

# मेलम्चीको पानी अर्को वर्ष मात्रै

सुरेश तामाङ, काठमाडौं

काठमाडौंबासीले मेलम्ची खोलाको पानी खान अब अर्को एक वर्ष कुर्नुपर्ने भएको छ। आयोजना कार्यान्वयन निर्देशनालयअन्तर्गतको मेलम्ची उपआयोजना-२ ले मेलम्चीको पानी अर्को वर्ष मात्रै वितरण गर्ने जनाएपछि काठमाडौंबासीमा निरासा छाउन थालेको छ।

आयोजना कार्यान्वयन निर्देशनालयका प्रवक्ता लीला ढकालले काठमाडौंबासीले अर्को वर्षदेखि मात्रै खानेपानी प्रयोग गर्न पाउने बताउनुभयो। उहाँले भन्नुभयो- 'वर्षा शुरु हुनुअगावै खानेपानीको पाइपलाइन बिच्छयाएर सडक कालोपत्रे गर्छौं। त्यो काम सकेपछि अर्को वर्षको सुख्खा याममा मात्रै यहाँका स्थानीयले पानी पिउन पाउनेछन्। हामी घरघरमा पानी पुर्‍याउने योजनामा छौं।'

अहिले उपत्यकाका विभिन्न वितरण सञ्जालमा भल्ब चेम्बर बनाउने, पाइपलाइन विस्तार गर्ने, खानेपानी ट्यांकी बनाउने, पाइप बिच्छयाउन खनेको सडक कालोपत्रे गर्ने, घरघरमा धारा जडान गर्ने काम भइरहेको निर्देशनालयले जानकारी दिएको छ।

निर्देशनालयका प्रवक्ता ढकालले उपत्यकामा भइरहेको कामको बारेमा जानकारी गराउँदै भन्नुभयो- 'भल्ब चेम्बर बनाउने कार्य भइरहेको छ। यो ३ महिनाभित्र सम्पन्न गर्ने हामीले लक्ष्य लिएका छौं।'

उहाँका अनुसार पाइपलाइन विस्तार गर्ने कार्य ९३ प्रतिशत सम्पन्न भइसकेको छ। साना पाइपलाइन ३५ किमि र ठूलो पाइपलाइन ७ किमि अझै विस्तार गरी बिच्छ्याउन बाँकी छ।

अहिले निर्देशनालयले पाइपलाइन विस्तार गर्दा भत्काइएको सडक पनि धमाधम कालोपत्रे गरिरहेको छ। यो काम ३५ प्रतिशत सकिएको निर्देशनालयले जनाएको छ। त्यस्तै गरी उपत्यकाको विभिन्न ठाउँमा बनाउने भनिएको ९ पानी ट्यांकी मध्ये ८ सम्पन्न भइसकेको र १ को निर्माण शुरू गर्ने तयारीमा रहेको निर्देशनालयले जनाएको छ।

मेलम्चीको पानी ल्याएर फेरि वितरण सञ्जाललाई चेकजाँच गर्ने तयारी निर्देशनालयले गरेको प्रवक्ता ढकालले बताउनुभयो। गएको भदौमा मात्रै वितरण सञ्जालको बाग्मतीको पानी सुन्दरीजल पानी प्रशोधन केन्द्रमा प्रशोधन गरेर चेकजाँच गरेको थियो। काठमाडौंबासीलाई स्वचालित प्रणालीबाट




पानी खुवाउने निर्देशनालयको योजना रहेको छ। यसका लागि निर्देशनालयले बिडिङ गर्ने तयारीसमेत गरेको छ। वितरण सञ्जालमा पानी सञ्चालन भइसकेपछि जडान हुने स्वचालित प्रणालीलाई दुई वर्षभित्र सम्पन्न गर्ने निर्देशनालयले लक्ष्य राखेको छ।

त्यस्तै गरी मेलम्ची उपआयोजना-१ ले काठमाडौंबासीलाई खानेपानी खुवाउन सुन्दरीजलमा पानी प्रशोधन केन्द्रको निर्माण सम्पन्न गरिसकेको छ भने सुन्दरीजलसम्म मेलम्चीको पानी ल्याउन सुरुङ खन्ने कामलाई तीव्रता दिएको छ।

सुरुङ सम्पन्न हुन अब ७ सय ४० मिटर बाँकी छ। अहिले निर्माण पक्षले दैनिक १५ मिटर खनिरहेको आयोजनाका सिनियर डिभिजनल इन्जिनियर राजेन्द्रप्रसाद पन्तले बताउनुभयो।

उहाँका अनुसार आउँदो जनवरीभित्र सुरुङ खन्ने कार्य सम्पन्न गर्न ठेकेदार पक्ष लागिपरेको छ। अहिले अम्बाथान-ग्याल्थुम र ग्याल्थुम-सिन्धुको ४ खण्डमा सुरुङ खन्ने कार्य भइरहेको छ।

हालसम्म २३ अर्ब ५४ करोड खर्च गरिसकेको आयोजनाले सुरुङ खन्ने कार्य ९७ प्रतिशत सम्पन्न गरिसकेको छ। २ सय ४० मिटर बाँकी रहेको अम्बाथान-ग्याल्थुम खण्डमा यही डिसेम्बर र ग्याल्थुम-सिन्धुखण्डको सुरुङ ५ सय मिटर जनवरीभित्र ब्रेक थ्रु गर्ने लक्ष्य निर्माण पक्षले लिएको छ।

# महानगर

पोलिटिक्स गर्नु नेताको क्यारियर हो आफ्नो काममा दख्खल भएनन् जनतालाई खुसी राखेनन् भने उनीहरु बिग्रन्छन्। नेताका कारणले आफू बिग्रनु हुंदैन। आफ्नो क्यारियर के हो त्यसलाई चिनेर लाग्नुपर्छ।

2017, DEC
Saturday
16

Go Ahead

# शिक्षा क्षेत्रका तारा

कमल ढकाल
dhakal_kamal@hotmail.com

डक्टर योगी विकासानन्द सधैं भन्ने गर्नुहुन्छ- 'शुरूमा पीडा नभएको काम रोज्यो भने क्षण-क्षणमा पीडादायक हुन्छ जिन्दगी। शुरूको सजिलो पछिको गाह्रो शुरूको गाह्रो पछिको सजिलो। त्यसैले आफू केही बन्न हिँड्नेहरूले शुरूमा गाह्रो काम रोज्छन्। पछि सजिलो हुन्छ।'

रसियन एक भनाइ छ- 'काम रोज्दा ब्रेकफास्टमा भ्यागुतो खाउ दिनभरि योभन्दा घिन लाग्दो काम अरू आउँदैन।' अफ्ठेरो काम पहिले गरेपछि शक्ति आउँछ,

शक्तिशाली र महान् बन्ने मान्छे आफूले जे गर्छन् त्यसमा नै मनोरन्जन लिन्छन्। त्यसैले अरूले कठिन देखेका काममा उनीहरू मनोरन्जन गर्दै जिन्दगीको बाटो उक्लन्छन्। हेर्नेले देख्छ यस्तो गाह्रो काम कति सजिलै गरेको उनलाई त महान् मान्छे मान्नै पर्छ। महान् मान्छेलाई भेटौ अझै धेरै गर्न बाँकी छ के गरेको छ र भन्छन्। जति गर्दै गयो लक्ष्य क्षितिज जस्तो बन्छ महान् मान्छेको। अझै गर्न बाँकी देखिने।

सिन्धुली खुर्कोटमा जन्मेका डाक्टर सुरेशराज शर्माले पनि ठूलै लक्ष्य लिए जिन्दगीमा। सिन्धुली खुर्कोट समयक्रममा परिवर्तन भयो। त्यहाँ जन्मेका डाक्टर सुरेशराज शर्मा पनि किन हेरी बस्थे र परिवर्तन। उनले आफ्नो जिन्दगीको आयतन खुर्कोटले मारेको बुर्कुसीभन्दा पनि चौडा बनाए। जिल्लामै स्कुल नभएको ठाउँबाट आएर पीएचडी पास गरे सुरेशले। बाटो नै नभएको गाउँबाट आएका उनी राजधानीको व्यस्त शहरमा आफूलाई उभ्याउन सफल बने। बाबुले गाउँमा स्कुल खोले, सुरेशले काठमाडौं विश्वविद्यालय नै बनाए। डिट्ठा बाबुले खोलेको स्कुलबाट कखरा खारेका सुरेशले यति गरे कि उनी आज नेपालकै शिक्षा क्षेत्रका नअस्ताउने तारा बनेका छन्।

जिन्दगीले यति रफुचक्कर मार्दा मेहनत परिश्रमका कथा एक किताबभन्दा बढी लामो बन्न सक्छ। साइन्स पढ्नकै लागि दौडादौड गरेर जनकपुर आएका सुरेशले त्यहीं बाट एसएलसी गरे। पुरानो समयको पुरानो कथा हुन्छ। अहिलेको अमृत साइन्स क्याम्पसलाई उतिबेला पब्लिक साइन्स भनिन्थ्यो। त्यहींबाट आईएस्सी र बीएस्सी त्रिचन्द्रमा पास गरेपछि एमएस्सी केमेस्ट्रीमा कर्नाटकबाट गरे।

पढाइको एक सेल समाप्त भयो। अब जागिर खाने विचार मात्र गर्दैथे एमएस्सी पास गरेर आउनेबित्तिकै जब पाए। हिजो जहाँ कापी बोकेर जान्थे आज उही चक र डस्टर लिँदै जानुपर्‍यो। उही कक्षा उही भूगोल तर परिचय फरक बोकेर ६ वर्ष बसे त्रिचन्द्र कलेजमा सुरेश। हिजोको विद्यार्थीको परिचय आज त्रिचन्द्रका लेक्चरर बन्यो। झन्डै ९ वर्ष काम गरेपछि नयाँ सपना पलायो। पीएचडी त्यो पनि यूके वा यूएसएबाट गर्न पाए त। विचार बदलिएपछि जिन्दगी पनि बदलिन्छ। मात्र सकरात्मक विचार गर्नुपर्छ। सोचेको कुरा व्यवहारमै पुग्यो। सन् १९७४ मा पीएचडीको मौका पाए। यूकेमा गएर केमेस्ट्रिमा पीएचडी गरेर फर्के।

यूकेबाट डक्टर भएर आएपछि भाग्यको ढोका खुल जा सिमसिम भन्ने कथाझैं खुल्दै गयो। आफूमा कन्फिडेन्स बढेपछि जे पनि गर्न सक्छु भन्ने लाग्छ मान्छेलाई। हो त्यही आत्मविश्वासले नै मान्छेलाई प्रगतितर्फ लैजान्छ। डाक्टर सुरेशलाई पनि त्यस्तै भयो। आउनेबित्तिकै प्रोफेसर भए। नयाँ शिक्षा लागू गर्ने शिक्षा समितिमा मेम्बर सेक्रेटरी भए।

कार्पेन्टरलाई काठको काम नआउने भने जस्तै भोकेसनल ट्रेनिङ २ सयदेखि ४ सय मार्कको पढाइ गर्ने शिक्षक नै उतिबेला थिएनन्। टेक्निकल पढाउनुपर्छ भन्ने मनभरि बोकेका सुरेशलाई देश विकासका लागि कागजी शिक्षा मात्र काम छैन भन्ने भित्रैदेखि लागेको थियो। त्यसैले उनले राजालाई र डोनर दुवैलाई भनेर बालाजु, जिरी, धनकुटा लाहान र जुम्लामा टेक्निकल इन्स्टिच्युट बनाए। प्राविधिक शिक्षा विकास तालिम केन्द्रबाट सर्टिफिकेट पाउने व्यवस्था भएपछि त्यहाँ पढ्नेहरूले तात्तातै काम पाउन थाले।

राम्रै चलेको त्यो काममा २०४६ सालको राजनैतिक परिवर्तनले पञ्चायतको पालामा भएको राम्रा काम वास्ता गरेन। नयाँ कुरा के गर्ने भन्ने पनि सकेन। त्यो निराशामा सुरेशराजलाई नयाँ आशा जन्म्यो। शिक्षा क्षेत्रमा लामो समयदेखि लागेका आफूजस्तै साथीभाइलाई लिएर एउटा विश्वविद्यालय बनाउने।

मुलुकमा एक किसिमको ठप्पको अवस्था थियो २०४६ सालमा। पुराना नेता नयाँ राजनैतिक पार्टीले काम गर्लान् भनेर हेर्थे। नयाँ राजनीतिमा आएका पुराना सबै हटाउन खोज्थे। कतै केही काम हुन नसकेको त्यो बेला डाक्टर सुरेशलाई भने विश्वविद्यालय खोल्ने योजनाले बसी खप्न दिएन।



जिल्लामै स्कुल नभएको ठाउँबाट आएर पीएचडी पास गरे सुरेशले। बाटो नै नभएको गाउँबाट आएका उनी राजधानीको व्यस्त शहरमा आफूलाई उभ्याउन सफल बने। बाबुले गाउँमा स्कुल खोले सुरेशले काठमाडौं विश्वविद्यालय नै बनाए। डिट्ठा बाबुले खोलेको स्कुलबाट कखरा खारेका सुरेशले यति गरे कि उनी आज नेपालकै शिक्षा क्षेत्रका नअस्ताउने तारा बनेका छन्।

कम्प्युटरको एज आयो कम्प्युटरको पढाइ छैन। नगरपालिका थपिएको छ म्युनिसिपलिटी कसरी वेल म्यानेज गर्ने भन्ने थाहा भएन। शिक्षा नै नभएपछि कसरी देश विकास हुन्छ र? कहीं कतै दक्ष जनशक्ति नभएपछि सुन्दै असम्भव विश्वविद्यालय खोल्ने काममा सुरेशराजले आफ्नो पाइला बढाए।

साना कुरा महत्त्वपुर्ण हुन्छन्। त्यसै भनिएको हैन स्मल इज ब्युटिफुल। विश्व यात्रा पनि एक पाइलाबाट शुरू हुन्छ भनेझैं डाक्टरसाबको टिमले काम शुरू गर्‍यो। सरकारले तिमीहरू काम शुरू गर हामी सकेको गर्छौं भन्ने उत्साहका कारण लागेको उनको टिमले धुलिखेलमा जग्गा लियो। नौलो काम गर्न रिसोर्स चाहिँदैन। डोनर खोज्ने, सरकारी सपोर्ट लिने पब्लिक सपोर्ट लिने, जग्गा लिने सब काम गरेर विश्वविद्यालय पूरै तयार गर्‍यो त्यो टिमले। सुन्दा असम्भव काम गर्दा सम्भव भयो।

जागिर खाने कामको लागि क्षमतावान् विद्यार्थी निकाल्न लागेको डाक्टर सुरेशराज शर्माको टिमले अहिले साउथ एसियामै पहिलो जोमेटिक इन्जिनियरियर्स फार्मेसेटिकल साइन्स, बायो टेक्नोलोजी, इन्भारमेन्टल र न्याचुरल साइन्सलगायतका विषयमा पढाइ हुने केयू नेपालको नमुना विश्वविद्यालयको रूपमा विकसित भइसकेको छ। मेडिकल साइन्समा पनि लागेको केयूले एमबीबीएस, बीएस्सी, स्टाफ नर्स, फिजियोथेरापी, पढाउँछ। एमबीबीएस पढन विदेश जाने नेपालीको पैसा मात्र केयूले रोकेको छैन। ठाउँ-ठाउँमा केयूसँग सम्बन्धित मेडिकल कलेज खुल्नाले स्वास्थ क्षेत्रमै कायापलट भएको छ।

'जुनसुकै सरकारले आशा बढाउँछ त्यो अनुसारको काम हुन सक्दैन र मान्छेलाई निराशा बढेको छ। पानी छैन। बिजुली छैन। बाटो त्यस्तै हालत छ। सुरक्षा छैन। राजनैतिक अस्थिरता छ। विकास हुने अत्तोपत्तो छैन। बसी सुख न उठी सुखको अवस्थामा जनता छ। राजनीति गर्नेले त देश बिगारे-बिगारे प्लान गर्नेले पनि देश बिगारे' -यसै भन्छन् डाक्टर सुरेश। 'पोर प्लानले देश बिग्रियो। बाटो भत्काएको छ तर गाडी रोक्ने ठाउँ छैन के गाडी गुड्ने मात्र हो रोक्नु पर्दैन ?

राजनीति गर्नेलाई हेरेर आफू कामै नगरी बस्नु राम्रो होइन। पोलिटिक्स गर्नु नेताको क्यारियर हो आफ्नो काममा दख्खल भएनन् जनतालाई खुसी राखेनन् भने उनीहरू बिग्रन्छन्। नेताका कारणले आफू बिग्रनु हुँदैन। आफ्नो क्यारियर के हो त्यसलाई चिनेर लाग्नुपर्छ। जनतालाई त्यो हदमा निराशा आउन नदिन केयूले आफूले हात हालेका काममा पूर्ण दख्खल भएको मान्छे निकाल्ने मोटो विकसित गरेको छ', डा. साब भन्दै थिए- 'जहाँ गए पनि लिडर निकाल्ने काठमाडौं युनिभर्सिटिको मोटो हो।'

७७ वर्षीय सुरेश आज पूर्व उपकुलपतिको रूपमा छन्। युवामा हुने जोश अझै छ उनीसँग। समय खेर नफाल्ने सुरेश पढ्ने लेख्ने मान्छे भेट्ने र विकासका खाका कोरिरहेका छन्। ज्ञानले भरिएको मान्छेसँग भेट्दा आउने आनन्द उनीसँग भेट्दा आउँछ।

# सुदर्शनले बम पड्काए, प्रदीपले गरे पूरा करिडोर

अनिल खत्री, गुल्मी

देख्दाको भीर हो, खानी त खिर हो, देउ छोरी अर्बेनीमा' चार वर्ष पहिलासम्म गुल्मीको अर्बेनीबासीले छोरी माग्न जाँदा यो उखान भनेर मात्र दुलहीको माइतीलाई फकाउनुपर्थ्यो। बीचमा ठूलो फाँट र गाउँ रहे पनि दुवैतिर ठूला पहराहरूका कारण गाउँबाट बाहिर जाने र आउने बाटो नभएकाले बुहारी भित्र्याउन पनि समस्या थियो। मुरीका मुरी धान फलाउने गाउँले पशुपालन गरेर पाथीका पाथी घिउ बेच्थे। खान लाउन र आर्थिकरूपमा गाउँमा कुनै कुराको अभाव थिएन, थियो त गाउँ बाहिर आवतजावत गर्ने मोटरबाटो।

२०५४ तिर वरिपरि मोटरबाटो खोल्ने लहर चल्यो। त्यहाँका जनता र नेता पनि सडक खोल्नका लागि पहल गरे। तर बीचमा थियो १४ किलोमिटर कडा चट्टान। त्यो बाध्यताले त्यहाँका जनता र नेताले धेरै विकल्प खोजे। उक्त समस्या समाधानका लागि गाउँलेले थुप्रै प्रयास गरे, चट्टानभित्र काटेर गोरेटो बाटो बनाउनसमेत सकेनन्। माओवादीले युद्ध गरिरहेको थियो। स्थानीय शिक्षक नरेन्द्रप्रसाद न्यौपानेलाई एउटा जुक्ति फुर्‍यो माओवादीले पड्काउने बम ल्याउने र बाटो खोल्ने।

'त्यो बेला स्कुल बिदा भएपछि माओवादी खोज्दै रातारात भार्सेमा पुगेर गाउँको समस्या राखेँ', उनी भन्छन्- 'त्यतिबेलाका नेता सुदर्शन बरालको टोलीले आएर गोलाङखोलाको पहरोमा बम पड्काएपछि बाटो खन्ने काम शुरू भयो।' त्यही उपाय अहिले अर्बेनीको मुहार फेर्ने आधार मात्र बनेन भारतदेखि चीनसम्म जोड्ने कालीगण्डकी करिडोर बन्यो।

पहिला लहरा समाउने भीर अहिले भारत-चीन जोड्ने मार्ग बन्यो ।

भीरमा लहरा समाउँदै घरखर्च लिन हिँडेका सँगैको दौंतरी पूर्णबहादुर घोप्टेसालबाट कालीगण्डकीमा खसेर मरेको ठाउँमा अहिले सरर्र जिप हिँड्दा गुल्मी जयखानीका जोगप्रसाद क्षेत्री अहिले पनि भक्कानिन्छन्।

'भीरमा लहरा समाएर हिँड्ने हो, डोको बोकेर कुरा गर्दै हिँड्दा उछिट्टिएर कालीमा खस्यो, मेरो साथी विचरा, कस्तो मिल्थ्यौं', पुरानो कुरा सम्झँदै जोगप्रसाद भन्छन्- 'कस्ले कल्पना गरेको थियो र यो लहरामा झुन्डिएर हिँड्ने ठाउँमा अहिले सरर्र मोटर गुड्ला भनेर। अहिलेजस्तो भए त मर्ने थिएन नि, विचरा!'

हिँड्ने गोरेटोको अभावमा खत्री जस्तै सास्ती व्यहोरेका गुल्मीको क्षेत्र नं. १ का आधा दर्जन, बागलुङ र पर्वतका एक दर्जन गाविसका गाउँले अहिले सरर्र मोटरमा हिँड्न पाउँदा निकै खुसी छन्। करिब १४ किलोमिटर पूरै पहाडी कडा चट्टान नेपाली सेनाले ब्लास्टिङ गरेर ७ मिटर चौडा सडक निर्माण गरेको छ।

अर्बेनी गाउँका भगवान् सुदर्शन

अर्बेनीका जनताले ठूलो पहल गरेर मोटरबाटो निर्माणको पक्रिया शुरू गरे पनि कालीगण्डकी करिडोरको सर्भे गर्ने समयमा अर्बेनी गाउँभन्दा तल सेतीबेनीबाट गरियो।



अर्बेनीका जनता फेरि जिल्ल परे। २०६४ सालमा सुदर्शन बराल सभासद निर्वाचित भएपछि उनीहरूले फेरि हारगुहार गरे अनि पुनः गाउँबाट बाटो खन्नेगरी सर्भे गरियो।

'हामी बीच परियो, अब तलबाट खनेपछि पहिरोले न गाउँ रहन्छ, न बाटो भनेर हामीले कुरा गर्‍यौं', अर्बेनीका नरेन्द्र न्यौपानेले भने- 'उहाँले सर्भे टोली ल्याएर गाउँबाट सर्भे गराउनुभयो, पछि राष्ट्रिय योजना आयोगका सचिव युवराज भुसाललाई ल्याएर यहींबाट बाटो खन्ने निर्णय गराउनुभयो, त्यसैले सुदर्शन त अर्बेनीका लागि भगवान् जस्तै हुनुभयो।'

हिँडेर आउँदिन भनेका प्रदीप गाडी चडेर आए

शुरूमा चट्टान फुटान नसकेपछि रुद्रवेणी-हर्मीचौर-पूर्तिघाट-कुश्मिसेरा-बागलुङ भनेर बाटो दर्ता गरेको र त्यसबाट बाटो खन्न सक्ने कुनै उपाय नलागेपछि २०५८ सालमा पश्चिमाञ्चलका १६ जिल्लाका जनप्रतिनिधि पाल्पाको श्रीनगरमा भेला भएर पश्चिमाञ्चललाई जोड्ने सडक बनाउने निर्णय गरेको करिडोर सरोकार समूहका प्रवक्ता टीकाराम ढकालले बताउनुभयो।

२०५७ सालको फागुनमा कालीगण्डकी 'ए' जलविद्युत् परियोजनाबाट ५० लाख रुपियाँ विनियोजन गरी काम शरू गरिएको र २०६२ मा असारको १४ गते तम्घास बजार पिच गर्ने विषयको अध्ययन गर्ने क्रममा राष्ट्रिय योजना आयोगका तत्कालीन उपाध्यक्ष शंकर शर्मा आउँदा कालीगण्डकी करिडोरको हवाई सर्भे गराइएको थियो।

त्यसपछि गाउँमा पुगेका प्रदीप ज्ञवालीलले अब मोटर नचढी आउँदिन भनेर प्रतिबद्धता जनाएका थिए। अघिल्लो वर्ष करिडोरको उद्घाटन गर्न उनी गाडी चढेर पुगे। 'बोलीमा पक्का हुनुहुँदोरहेछ, आखिरमा मोटर चढेरै आउनुभयो', कालीगण्डकी गाउँपालिका २ अर्बेनीका वडाअध्यक्ष देवीप्रसाद न्यौपानेले भने- 'मोटर चल्न थालेपछि अहिले यो क्षेत्रकै मुहार खुसी छ।'

लीलामणि पौडेल र युवराज भुसालको कुटनीतिक सहयोग

२०५९ साल माघ ११ गते काठमाडौं बागबजारको मदरल्याण्ड होटलमा लुम्बिनीदेखि लोमान्थाङसम्मका सरोकारवाला, प्रशासक, जनप्रतिनिधिको बैठक बसेर मुस्ताङका सांसद श्रीमाया थकालीको संयोजकत्वमा सरोकार समिति गठन गरी बेलहिया-लोमान्थाङ-घोप्तान उत्तरदक्षिण कालीगण्डकी राजमार्ग नामकरण गरी रणनैतिक मार्गमा दर्ता भएपछि यसको विकासले गति लियो।



# कृमा अनमोलको एक्सन र रोमान्टिक रूप



तस्वीर : रंगराज आचार्य

आगामी माघ २६ गते रिलिज हुने बहुचर्चित फिल्म *कृ*को ट्रेलर सार्वजनिक गरिएको छ। पछिल्लो समयमा स्टारका रूपमा स्थापित नायक अनमोल केसीलाई फरक गेटअप र भूमिकामा प्रस्तुत गरिएका कारण रिलिजअघि नै चर्चा पाएको *कृ*को ट्रेलर शुक्रबार राजधानीमा आयोजित एक समारोहबीच सार्वजनिक गरिएको हो।

यसअघि लगातार चार फिल्ममा रोमान्टिक भूमिकामा देखिएका अनमोल पाँचौं फिल्म *कृ*मा शानदार एक्सन हिरोका रूपमा प्रस्तुत भएका छन्।

शुक्रबार सार्वजनिक ट्रेलरमा अनमोललाई एक्सनसँगै रोमान्टिक मुडमा देखाइएको छ। तर ट्रेलरको अधिकांश दृश्य एक्सनले भरिपूर्ण छ। ट्रेलरमा लामो कपाल र दाह्री पालेका रिसाहा अनमोल र अर्को चकलेटी अनुहारका अनमोलको रूप देख्न सकिन्छ। ट्रेलरमा अदिती बुढाथोकीलाई रोमान्टिक र डराएको रूपमा देख्न सकिन्छ।

ट्रेलर सार्वजनिक कार्यक्रममा अनमोलले आफू बोलेरभन्दा पनि कामले देखाउने भएकाले फिल्ममा त्यो काम





दर्शकले हेर्न पाउने बताए। नायिका अदितीले राम्रो टिम र स्क्रिप्टमा काम गर्न पाउँदा खुसी लागेको बताइन्। त्यसै गरी फिल्म सम्पादकबाट निर्देशक भएका निर्देशक सुरेन्द पौडेलेले आफ्नो यो दोस्रो फिल्मले बदलाको कथालाई प्रस्तुत गर्ने खुलाए। निर्माताद्धय भुवन केसी र सुवास गिरीले फिल्ममा आफूहरूले गरेको मेहनतलाई दर्शकले न्याय दिने विश्वास व्यक्त गरे।

फिल्ममा निर्देशक पौडेलकै कथा छ भने अनमोल केसी र अदिती बुढाथोकीका साथमा सरोज खनाल, लक्ष्मी गिरी, रुपा राना, अनुपविक्रम शाही, कामेश्वर चौरासियालगायतका कलाकार मुख्य भूमिकामा छन्। फिल्ममा पुरुषोत्तम प्रधानको छायांकन, चन्द्र पन्तको एक्सन छ।

निर्माता सुवास गिरीको सुवास इन्टरटेनमेन्ट र निर्माता, निर्देशक तथा अभिनेता भुवन केसीको द सुपर काजोल फिल्मसको ब्यानरमा निर्माण भएको फिल्ममा कमल गिरी कार्यकारी निर्माता र श्रीपराजुली सहनिर्माता छन्।



**ओहो?** बिहीबार राजधानीमा सम्पन्न *डाइङ क्यान्डल* निर्देशक नरेशकुमार केसी निर्देशित फिल्म *रोमियो एन्ड मुना*को गीत रिलिज कार्यक्रममा त्यसका नायक तथा निर्मातामध्येका एक विनय श्रेष्ठ प्रमोसनका नाममा हलिउड र बलिउडको शैलीलाई पनि माथ खुवाउँदै यसरी दुई विकिनी गर्लका साथ मञ्चमा देखिए।

# शाहिद एसियाकै कामुक



बलिउड अभिनेता शाहिद कपुर यस वर्षको एसियाको कामुक पुरुष घोषित भएका छन्। बिट्रेनको साप्ताहिक अखबारको वार्षिक पोलमा उनी यस वर्षको सबैभन्दा कामुक युवक चुनिएका हुन्।

समाचारमा जनाइएअनुसार यस पोलमा संसारभरका प्रशंसकबाट प्राप्त भोटका आधारमा वार्षिक सूची तयार गरिएको थियो भने ५० *सेक्सियस्ट एसियन म्यान*को लिस्टमा उनी पहिलो नम्बरमा आएका हुन्। उनले आफ्नो यस स्थानको लागि आफूलाई भोट गर्नेहरूप्रति आभार व्यक्त गरेका छन्। 'यो ट्याग पाउँदा सम्मानित महसुस गरिरहेको छु। मेरो विचारमा मानिस शारीरिक कारणले मात्र कामुक हुँदैन', उनले भनेका छन्- 'यो त जिन्दगीको मानसिक पहलसँग जोडिएको हुन्छ।

यस लिस्टको दोस्रो नम्बरमा बलिउड नायक रितिक रोशन छन् भने ब्रिटिस पाकिस्तानी गायक जायन मली तेस्रो नम्बरमा छन्। रितिक लगातार तीन वर्षसम्म दोस्रो नम्बरमा नै परेका हुन्। यस लिस्टको चौथो नम्बरमा टेलिभिजन नायक विवियान डिसेना तथा पाँचौ स्थानमा आशीष शर्मा रहेका छन्।

केही दिनपहिले बलिउड नायिका प्रियंका चोपडा लन्डनको साप्ताहिक अखबार इस्टर्न आईद्वारा गरिएको एक सर्वेक्षणमा एसियाको सबैभन्दा कामुक महिला घोषित भएकी थिइन्।





सम्मान चलचित्रको उत्सव उत्कृष्टताको

CG Entertainment Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्डस् २०७४
मन परेको फिल्म र फिल्मकर्मीलाई SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: prabhu Bank

ASSOCIATE SPONSOR: NIC ASIA एन आई सी एशिया बैंक लि. | IME International Money Express Fast, Reliable And Secure Remittance | KILOMETER

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

**विधाः सर्वोत्कृष्ट चलचित्र**
छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

**विधाः सर्वोत्कृष्ट निर्देशक**
सुवर्ण थापा - बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल - चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी - गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी - के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत - लुट-२
Type KFA space 2E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेता**
दयाहाङ राई - वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी - गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की - जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती - निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल - शब्द
Type KFA space 3E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेतृ**
प्रियंका कार्की - छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा - डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत - जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी - लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना - निर्भय
Type KFA space 4E & send to 32722

**विधाः सर्वोत्कृष्ट खलपात्र**
ध्रुव कोइराला - बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा - वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी - छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल - जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया - पलाँस
Type KFA space 5E & send to 32722

**विधाः सर्वोत्कृष्ट हास्य कलाकार**
केदार घिमिरे - छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा - जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई - लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत - गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ - छक्का पञ्जा
Type KFA space 6E & send to 32722

**विधाः सर्वोत्कृष्ट संगीतकार**
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा - लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल - निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा - राधा/छपक्कै
Type KFA space 7E & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायक**
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले - छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास - के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं - पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वस्पराज आचार्य - शब्द/हरपल
Type KFA space 11F & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायिका**
जलजला परियार - बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य - हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त - किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला - लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई - राधा/छपक्कै
Type KFA space 10E & send to 32722

**विधाः लक्स पपुलर च्वाइस अवार्ड**
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

नेपाल समाचारपत्र

www.newsofnepal.com

2017, DEC
Saturday
16

# साहित्य

कमाएँ नाम जो भन्छ, त्यो वैरत्व
कमाउँछ। कमाएँ दाम जो भन्छ,
आफ्नै खाल्डो ऊ खन्छ।
– बालकृष्ण सम

जीवनमा विभिन्न माध्यमबाट
धेरथोर जुन ज्ञान र सीपको सञ्चय
गरिन्छ, त्यही नै साहित्य हो।
– रोचक घिमिरे

यात्रा संस्मरण

## रसुवासँग प्रेम साटियो

मोहन दुवाल




रसुवामा बास बस्न पाएको छैन। बागमती अञ्चलकै ७ वटा जिल्लाहरुमध्ये सिन्धुपाल्चोक, धादिङ, नुवाकोट, भक्तपुर, ललितपुर र काठमाडौंमा बरोबर बास बस्न पाएको छु। काभ्रे जिल्ला आफू जन्मेको जिल्लामा पनि धुलिखेल, साँगा, पाँचखाल, भकुण्डे, दोलालघाट, पनौती, खोपासी, मण्डन, दुङ्खर्क, घर्तीछाप, मादनकुँडारी, मङ्गलटार, वनखु, वाल्टिङ, रयाले, कुशादेवी, श्रीखण्डपुर, चौकोटलगायत थुप्रै गाउँठाउँमा बास बसेको छु। तर नजिक भएर पनि रसुवा जान नपाएकोले रसुवालाई नजिकले हेर्ने र एकरात बास बसेर अनुभूत गर्ने मन भएकोले मोटर भएका मित्र गणेशदास उलकलाई मेरो मनको धोको सुनाएँ। उनी उत्ति नै खेर रसुवा जान राजी भए।

कार्तिक २४ गते शुक्रबार बिहानै जाने कार्यक्रम तय भयो। तर जाँदाजाँदै १०:४५ तिर मात्र हामी गोङ्गबु चोक भएर टोखाको नयाँ बाटोबाट रसुवा जाने भयौं। गणेशदास उलक र भाउजू, म र भारती गणेश दाइको मोटरबाट रसुवातर्फ हुइँकियौं। टोखाको नयाँ बाटो (बन्दै रहेको उबडखावड बाटो) भएर रसुवालाई मनमा राख्दै हामीहरु कुदिरह्यौं। थानाभज्याङमा १२:४५ मा खाना खायौं। खानापछि पुनः हामी मोटरमार्फत रसुवा मनमा झुन्ड्याएर गुडिरह्यौं। बाटो गतिलो नभएको, जहाँतहीं पहिरोको स्लखन देखिँदो पहाडहरु हेरेर हामी मोटरबाट कुदिरह्यौं। डरलाग्दा पहाडका शृङ्खलाहरु हेर्दै, माथिबाट धेरै तल बहँदै गरेका खोलाका छालहरु मनमा राख्दै हामीहरु कुरा गर्दै लम्किरह्यौं।

लाङटाङ हिमाल लुकिरहेजस्तो अर्थात् अग्लाअग्ला पहाडहरुबाट छेकिरहेको जस्तो सेताम्मे हिमाल देखिँदो छ। साँझ पर्न लागेको छ, हामी अप्ठ्यारो बाटो पार गर्दै छौं। खोटाङतिरको बाटोभन्दा डरलाग्दो बाटो भएर हामी रसुवा पुग्न हतारिँदै मोटरमा गुडिरहेछौं। मेरा साहित्यिक मित्र दिलबहादुर नेवारले बरोबर कता पुग्नुभयो भनी सोध्ने गर्छन्, यिनै मित्रका माहिली बुहारी हीरादेवी श्रेष्ठ पनि फोनबाट हामी कता पुग्यौं भनी बरोबर सम्पर्क गरिरहे। धुन्चेको चौकीअगाडि नै घर, पसल भएको बताउँदै हामीलाई त्यतैतिर ओर्लिन अनुरोध गरे। हामी चौकीनेर पुग्दा ६:३० बज्यो, बुहारी हीरादेवी चौकीनेर उभिइरहेकी देखियो। भेटघाट भयो, पहिलोचोटि भेटेर पनि आत्मीयता गाँसिएका इष्टकै व्यवहार प्रदर्शन भयो। हामीलाई डोर्‍याएर सनसाइन होटेलमा लगिन्। धुन्चेकै प्रख्यात होटेलमा दुईवटा कोठा देखाइदिइन्। एकछिन् होटेलकै एकठाउँमा रमेर हीरादेवीले ल्याइदिएको लालीगुराँस जुस पिउन शुरु गर्‍यौं। खाना पाकिसकेको खबर होटेलका साहूजीले गरेलगत्तै खाना खान हामी तयार भयौं। धुन्चेको स्वादिलो खाना खाएर हामी आ-आफ्ना कोठातर्फ लाग्यौं। दुईवटा खाट मिलाइएको कोठामा भारती र म विभाजित भएर आरामले सुत्यौं। धुन्चेमा आरामले निदाइयो। अघिपछि जस्तै बिहान ४:०० बजे नै निद खुल्यो। भारती पनि बिस्तारै उठिन्। बिहान ५:०० बजे नै केरुङतिर लाग्ने कार्यक्रम बनेकोले भारती र म मोटर पार्किङ गरेको ठाउँमा पुग्यौं। गणेश दाइ र भाउजू पनि सँगसँगैजसो मोटर पार्किङ गरेकै ठाउँमा देखा परे। हाम्रो मोटर रहेको छेउमा चारजना युवायुवती देखा परे। र, उनीहरुले आफूहरु पनि केरुङतिर जाने रहर गरेको कुरा सुनाए। हुन्छ, जाऊँ भनेर हामीले मोटरमा लिफ्ट दियौं। हामी ८ जना केरुङ पुग्ने रहर बोकेर गुड्यौं। बाटो साना दुईवटा गाडी जसोतसो चल्ने, अप्ठ्यारो बाटो, ट्रक डिजाइल गाडीहरु बाटोभरि यत्रतत्र फिँजिएका छन्। मोटर पास हुन नै गाह्रो बाटो हेर्दै हामी स्याफ्रुबेंसीमा चिया पिउन मोटर रोक्यौं। र, एकछिन् त्यहाँको जनजीवन, वातावरण नियाल्यौं। अनि मीठो चिया पिएर हामी गन्तव्यमा पुग्न उठ्यौं।

सिन्धुपाल्चोकको तातोपानी गाउँजस्तो देखिँदो थातथलो स्याफ्रुबेंसीमा चिसो शुरु हुन लागेको मौसम भोग्दै शेर्पाहरुको बाहुल्य रहेको बस्ती नियालियो। यस क्षेत्रकै चल्तीको बजार केहीक्षण अप्ठ्यारा बाटोहरुमा मोटरका डोबहरु छोड्दै हामी केरुङछेउ पुग्यौं। नेपाल र चीनको सिमाना तोकिएको पुलमा फोटाहरु खिँच्यौं। नेपालको भन्सार क्षेत्रमा एकछिन् अलमलियौं, पास चाहिने रहेछ, हामीसँग पास नभएको कारणले चीनतिरको भन्सार टाढैबाट हेरेर मन बुझायौं। सम्पन्न चीन र असम्पन्न नेपालको चित्र सीमानाभित्र देखिँदो छ, मनभित्र राख्यौं। प्रबन्ध नभएको देशमा रमाउन बाध्य हामी नेपालीको गति र मति देशका सिमाना-सिमानामा दुखदाका दृश्यहरु हेनुपर्ने बाध्यता छ। यहीं पनि त्यही स्थिति देखियो, भोगियो। धुन्चेका स्थानीयहरुलाई पास नचाहिने व्यवस्था गरेका रहेछन्। त्यसैले धुन्चेवासीहरु केरुङभित्र छिरेर पोकापुन्तुरा काँधमा झुन्ड्याएर, हातमा राखेर आफ्ना निन्याउरा मुहारहरु देखाउँदै यत्रतत्र कुदिरहेको देखिन्छ। केरुङभित्र पुग्न १६ किलोमिटर पार गर्नुपर्ने, पास चाहिने, सामान खरिद गर्ने रहर नभएको आदि कारणले गर्दा हामी केरुङभित्र छिर्न मन गरेनौं। केरुङको तल बजारसम्म पुग्न सक्ने हामीसँगै आएका युवाहरुले माध्यम देखाइदिएको भए तापनि हामी भित्र छिरेनौं। बाटो जाम होला भन्ने एकातिर डर रहेको र अर्कोतिर हामी आजै बनेपा पुग्नुपर्ने बाध्यता रहेकोले नअलमलिईकन धुन्चे फर्किने भयौं। र, एक रफ्तारले बाटोका अजंगका सुख्खा पहाडहरु छोडेर, लाङटाङको मीठो स्पर्शलाई बाइबाई गरेर हामी धुन्चे फर्कियौं।

धुन्चेको नागबेली परेको एकसरो बजार नियाल्यौं। पहाडले घेरिएको अप्ठ्यारो बस्ती हेर्‍यौं। लाङटाङ हिमालको बाहुल्य रहेको यस ठाउँमा चारैतिर आँखाहरु कुदायौं। यही धुन्चेको बजारमा लालीगुराँसको जुसको व्यापार-व्यवसायमा आफूलाई सफल राख्न सक्षम व्यवसायी बाबुराम श्रेष्ठ नेवार धुन्चेका एकजना व्यापारी, एकजना साहित्यकार पनि हुन्। उनी काम विशेषले धादिङमा रहेकै कारणले हाम्रो सत्कार यिनकै दुईवटी बुहारीहरुलाई जिम्मा दिएकाले बुहारीहरु हस्याङफस्याङ गर्दै खाना पकाउँदै गर्दा हामी घरछेउ पुग्यौं। बिहानको खाना घरैमा खुवाउने उनीहरुको रहर रहेछ। हामीले आनाकानी नगरीकन उनीहरुले सत्कारमा दिएको मिष्ठान्न भोजन गर्‍यौं। खानापछि हामीले फर्किने चाँजोपाँजो मिलायौं र हामी फर्कियौं। फर्किंदा एकठाउँमा मोटरको ब्रेक फेल भएकोले केही क्षण अलमलियौं। नुवाकोटको बटार बजारमा खाजा खायौं। बनेपा, घर पुग्दा अबेर भयो। रसुवाको आतिथ्यता न्यानो रहेकै कारणले कवितामा रसुवालाई यसरी कैद गर्‍यौं-

*लाङटाङ हाँसिरहेको हेरेर मस्तीमा रमेको*
*आत्मीयता मीठो र सौहार्द थियो यो धुन्चेको*
*सोझासीधा मनहरु चिसो स्याँठ भोग्न जानेको कसरी ?*
*केरुङबाट आउने हावा भोग्दै आफूलाई हेर सम्हालिरहेको।*

पुस्तक चर्चा

## अनुदित कथाको पोको

रोहिणी घिमिरे

पत्रकारिता छोडेर ८-१० वर्षअगाडि अमेरिका पसेका हिकमत डंगोलको 'प्रारम्भ' नामक अनुदित कथासंग्रह बजारमा आएको छ। यस संग्रहमा एन्तोन चेखव, लियो टाल्सटाय, भ्लादिमिर नावाकोभ, चार्ल्स मिल्टन ली, एडगर एलन पो, ओहेनरी लगायतका विश्वप्रशिद्ध लेखकहरुका आठवटा कथा समावेश गरिएका छन्। अंग्रेजी भाषाको ज्ञान नभएका तर पाश्चात्य कथाहरु पढ्न रुचि भएका नेपालीभाषीहरुका लागि यो कथासंग्रह पठनीय हुने देखिन्छ। अनुवादक डंगोलले युवायुवतीदेखि बूढाबूढीसम्म सबैलाई मनोरञ्जनका साथै शिक्षा दिने खालका कथाको छनोट गरी अनुवाद गरेका छन्। कथा छनोटमा लेखक डंगोल निकै कुशल देखिन्छन् तर यसको सम्पादन भने निकै कमजोर देखिन्छ।

यसमा संग्रहित केही कथाका बारेमा भन्नुपर्दा, 'कालो बिरालो' शीर्षकको कथाले अन्याय गर्दा आफैंलाई हानि गर्छ भन्ने दर्शाएको छ भने 'अन्तिम पात' कथाले मनोवैज्ञानिक असर र यसको निराकरणको राम्रो चित्रण गरेको छ। यस्तै 'कुकुर र एक युवती' जस्ता प्रेमकथाहरु मनोरञ्जनात्मक एवम् भावुक छन्।




एडगर एलन पोद्वारा लिखित 'कालो बिरालो' शीर्षकको कथामा एक जनावरप्रेमीले पालेका जनावरहरुमध्ये कालो बिरालोसँग उसको निकै मित्रता हुन्छ। तर विवाह भएको केही अविधिपछि भने सो बिरालोप्रति उसको वितृष्णा जाग्दै जान्छ। एक दिन उसले बिरालोको एउटा आँखा नै चक्कुले निकालिदिन्छ। यति गर्दा पनि बिरालो ऊसँग लुटपुटिन छोड्दैन। एक दिन साँझ घरबाहिर रुखमा त्यो बिरालोलाई झुन्ड्याएर ऊ सुत्छ।

राति घरमा ह्वारह्वार आगो दन्केको आवाजले ऊ बिउँझिन्छ र श्रीमतीसहित बाहिर भागेर उसले ज्यान बचाउँछ। बिहान डढेको घरको भित्तामा धुवाँले बनेको सोही कालो बिरालोको आकृति दाख्दा ऊ भयभित हुन्छ। आखिर सो बिरालोलाई बिर्सन नसकेर त्यस्तै अर्को बिरालोको खोजीमा ऊ हिँड्छ। अर्को त्यस्तै बिरालो पाएपछि उसले त्यसलाई माया गर्छ। तर एक दिन बिरालोले अल्झाएर लड्न खोज्दा रिसले चुर भई बन्चरो उजाउन पुग्छ। श्रीमतीले देखेर हत्तपत्त रोक्न खोज्दा बिरालोलाई हानेको बन्चरो श्रीमतीमाथि बज्रिन पुग्छ। के गर्न खोजेको तर के भयो, ऊ आत्तिन्छ। अब लासलाई घरको भित्ता फोरेर त्यहीं लुकाई भित्ता जस्ताको त्यस्तै बनाउँछ।

प्रहरी घर खानतलासी गर्न आउँदा केही नभेटी हिँड्न लाग्दा भित्ताबाट आवाज आउँछ। प्रहरीले भित्ता भत्काउँछन्। त्यहाँबाट बिरालो फुत्त निस्किन्छ। त्यहाँ लास पनि देखिन्छ। कथा यत्तिकैमा सकिन्छ। 'पाप धुरीबाट कराउँछ' भन्ने नेपाली उखानसँग यो कथा मेल खान्छ।

यस्तै पुस्तकको अन्त्यमा भएको ओ हेनरीद्वारा लिखित 'अन्तिम पात' शीर्षकको कथा अप्रत्यक्षरुपमा मनोवैज्ञानिक छ। यस कथामा सु र जोन्सी नामका दुई महिला चित्रकारिताको काम गर्ने हुनाले सँगै बस्छन्। जोन्सी ठण्डाले गर्दा निकै बिरामी परेकी हुन्छिन्। सिकिस्त भएकाले बेडबाट झ्यालबाहिर पर्खालमा रहेको ओइलाउँदै गरेको एक लहराको पातसँग उनी आफूलाई तुलना गर्छिन्। दैनिक पात झरेर सकिँदा आफ्नो जीवन पनि समाप्त हुने उनी कल्पना गर्छिन्। त्यसैले ओछ्यानबाटै दैनिक ती पातको ८-७-६ भन्दै काउन्ट डाउन गरिरहन्छिन्। ती पात झरिसक्दा आफू पनि अन्तिम पातसँगै मर्छु भन्नेमा उनी विश्वस्त भएको डाक्टरले थाहा पाउँछन्। शायद डाक्टरले सोही अनुसारको उपचारको तरिका अपनाएका हुन सक्छन्।

अन्त्यमा एक रात लहरामा एउटा मात्र पात बाँकी रहन्छ। सो रात बढी नै ठण्डा हुन्छ र पानीसमेत पर्छ। उता जोन्सीमा भने रातिको पानी र हावाले पात झर्‍यो होला, अब मेरो पनि अन्तिम समय भयो भन्ने विचार आउँछ। भोलिपल्ट बिहानै डाक्टर आएर जोन्सीकी साथी सुलाई जोन्सी खतारामुक्त भएको खबर गर्छन् र सोही घरमा बस्ने एक बूढो चित्रकारको उपचारका लागि उसको कोठातिर लाग्छन्। जोन्सीचाहिँ आफ्नो अन्त्यका लागि झ्याल खोल्न लगाउँछिन् र लहरामा हेर्छिन्। तर पात जस्ताको त्यस्तै।

वास्तवमा सो पात सोही रात झरिसकेको हुन्छ। जोन्सीले देखेको पात त सोही घरमा बस्ने वृद्ध चित्रकारले राति पर्खालमा पेन्ट गरेर बनाइदिएको चित्र हुन्छ। जोन्सीलाई यो कुरा के थाहा ? पात जस्ताको त्यस्तै देखेर जोन्सी मर्दिनन्। तर बूढो चित्रकार रातिको पानीको भिजाइ र ठण्डाले बिहानसम्ममा मरिसकेको हुन्छ। कथा सकिन्छ। जोन्सीलाई बचाउने उपाय डाक्टरले गरेको होला भन्ने कुरा बुझ्न कठिन पर्दैन।

यस पुस्तकमा कथा मात्र नभएर केही प्रणादायी वास्तविक घटना पनि समावेश गरिएको छ। आजकल प्रेम पाउन गाह्रो मात्र होइन, प्रेममा स्वार्थ, धोका, छलकपट पनि हुने गरेको पाइन्छ। यस्ता प्रेमबाट दिक्क भएकाहरुलाई पुनः प्रेमको सुन्दरता, पवित्रता, स्वच्छतातर्फ आकर्षित गराउने अर्थात् प्रेमप्रति आस्थावान् बनाउने खालका दशवटा प्रेरणादायी वास्तविक घटनालाई पनि डंगोलले अनुवाद गरेर पुस्तकमा समावेश गरेका छन्।

एकै दिन जन्मेर वैवाहिक बन्धनमा बाँधिएका एक जोडी ९५ वर्षको उमेरमा सँगै मरेका, भागेर प्रेम विवाह गरी सबैभन्दा लामो अवधि वैवाहिक जीवन सँगै बिताएका जोडी, पहिलो चुम्बन गरेको ७५ वर्षपछि जीवनसाथी बनाएका जोडी आदिका तस्वीरसहित सत्य प्रेमकहानीले पुस्तकलाई सजीवता प्रदान गरेको छ। यसो हेर्दा कथाको पुस्तक नभएर यो सत्य घटनाको सँगालो हो कि जस्तो लाग्न सक्छ। कभर पृष्ठमा 'अनुदित कथासंग्रह' भनिदिएको भए पाठकले अनुवाद गरिएको कथा रहेछ भन्ने सजिलै थाहा पाउँथे। यस्ता कमी-कमजोरी धेरै छन्। आगामी दिनमा सुधारको खाँचो छ।

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## साताको राशिफल

**ज्यो. चन्द्रेश शर्मा**

पुस १ देखि ७ गतेसम्म

**मेष**
तपाईंका लागि यस साताको पछिल्ला दिनहरु उत्तम फलदायक छन्। राज्यबाट लाभ होला। इज्जत-प्रतिष्ठामा वृद्धि होला। पढाइ-परीक्षामा सफलता हात लाग्ने देखिन्छ। आर्थिक लाभ हुने सम्भावना छ। खाद्यान्न, भोजनादि वस्तु प्राप्ति होला। तर सोमबारसम्म चाहिँ शारीरिक कष्ट, काममा बाधा व्यवधान, रोगव्याधिको भय, अधिक खर्च होला। यी कुराहरुमा सावधानी अपनाउनुपर्ने देखिन्छ।

**वृष**
यो साता तपाईंका लागि मिश्रित फलदायक छ। साताको शुरुका दिनहरु धेरै राम्रा छन् भने सोमबारबाट काममा बाधा-व्यवधान आउने, पढाइ-लेखाइमा रुचि कम हुने, आकस्मिक खर्च हुने देखिन्छ। यो अवधिमा शारीरिक एवम् बौद्धिक कसरत गर्नुपर्ला। बिहीबारबाट भने शुभ फलदायक छ। काममा रुचि जाग्नाले सफलता प्राप्त हुनेछ। सुख-सन्तोष हुनेछ। रोमान्टिक यात्राको सम्भावना देखिन्छ।

**मिथुन**
तपाईंका लागि यो साता उपलब्धिमूलक देखिन्छ। इच्छित वस्तु वा सेवा प्राप्ति होला। कार्य सफल हुनाले मन आनन्दित होला। राजनीतिकर्मीबाट फाइदा लिन सकिने देखिन्छ। स्वस्थता एवम् आनन्दको अनुभूति होला। धेरथोर आर्थिक लाभ पनि हुनसक्छ। इज्जत प्रतिष्ठा बढ्नेछ। तर बिहीबार र शुक्रबार भने केही चिन्ता होला। कार्य बाधा, स्वास्थ्यमा समस्या आउन सक्छ।

**कर्कट**
तपाईंका लागि साताको शुरुका दुई दिन शुभ देखिँदैन। शोक-सन्ताप बढ्ने, कार्य असफल हुने, ग्यास्टिक, अपचजस्ता समस्याले सताउला। सोमबारदेखि समय उत्तम फलदायक छ। पढाइ, प्रतियोगिता, खेलकुद, मुद्दामामिला आदिमा विजय हुनेछ। अधुरा कार्यहरु पूरा हुनेछन्। प्रेमप्रसंग सफल हुनेछ। आफ्नो जीवनसाथीबाट धेरै सहयोग मिल्नेछ। कतैबाट पुरस्कृत भइने सम्भावना छ।

**सिंह**
तपाईंका लागि साताको धेरैजसो समय फलदायक नै देखिन्छ। हुन त सोमबारसम्म रोगव्याधिको भय, शारीरिक कष्ट, काममा बाधा, आकस्मिक खर्च होला। तर मंगलबारबाट क्रमशः समस्या समाधान हुनेछन्। राज्यका तर्फबाट लाभ, इज्जत-प्रतिष्ठामा वृद्धि, पढाइ वा परीक्षा प्रतियोगितामा सफलता हासिल हुनेछ। राजनीतिमा सफलता, कतैबाट आर्थिक लाभ एवम् खाद्यान्न प्राप्ति हुने सम्भावना छ।

**कन्या**
तपाईंका लागि साताको शुरु र अन्त्यका दिन उत्तम फलदायक देखिन्छन् भने मध्यदिनहरु उपलब्धिमूलक छैनन्। सोम, मंगल र बुधबार स्वास्थ्य समस्या, विवाद, हानि-नोक्सानी, चोटपटकको सम्भावना देखिन्छ। अधिक खर्च र कष्ट बेहोर्नुपर्ला। तर बाँकी दिनमा भने धन, खाद्यपदार्थ, कोसेली-उपहार आदि प्राप्त होला। गरिरहेको पेसा व्यवसायबाट आशातीत लाभ होला। पढाइ-लेखाइमा प्रगति होला।

**तुला**
यो साताका सोम, मंलल र बुधबार केही आम्दानी हुने देखिन्छ। सानै प्रयासले पनि केही प्रगति होला। शुभ मांगलिक कार्यमा सरिक भइएला। मित्रजनबाट सहयोग मिल्ने सम्भावना छ। तर बाँकी दिनहरु भने शुभ फल दिनेवाला देखिँदैनन्। धन हानि, मानसिक तनाव, काममा अरुचि होला। इज्जत-प्रतिष्ठामा आँच आउन सक्ने देखिन्छ। आशातीत उपलब्धि नहुँदा निराश भइएला।

**वृश्चिक**
तपाईंका लागि यो साताका दिनहरु उत्तम फलदायक देखिँदैनन्। झमेला आइलाग्न सक्छ। आम्दानीमा कमी हुँदा आर्थिक भार बढ्न सक्छ। राम्रै बोले पनि उल्टो अर्थ लाग्ने, झुटा आरोप खेप्नपर्ने, विवादमा फस्ने सम्भावना देखिन्छ। त्यसैले आफ्नो बोलीमा नियन्त्रण गर्नुपर्ला। साताको मध्यभाग विशेष गरी सोमबार भने समय अनुकूल नै छ। सकारात्मक सोच पलाउनुका साथै स्फूर्ति जाग्ला।

**धनु**
तपाईंका लागि साताको शुरुका दुई दिन शुभ देखिँदैन। शोक-सन्ताप बढ्ने, कार्य असफल हुने, ग्यास्टिक, अपचजस्ता समस्याले सताउला। सोमबारदेखि समय उत्तम फलदायक छ। पढाइ, प्रतियोगिता, खेलकुद, मुद्दामामिला आदिमा विजय हुनेछ। अधुरा कार्यहरु पूरा हुनेछन्। प्रेमप्रसंग सफल हुनेछ। आफ्नो जीवनसाथीबाट धेरै सहयोग मिल्नेछ। कतैबाट पुरस्कृत भइने सम्भावना छ।

**मकर**
तपाईंका लागि साताको शुरु र अन्त्यका दिनहरु उत्तम फलदायक देखिन्छन्। साथीभाइहरुबाट सहयोग, धन, खाद्यपदार्थ, उपहार, मिष्ठान्न भोजन प्राप्ति होला। व्यापार व्यवसायमा सफलता हासिल हुनुका साथै हर्षोल्लास बढ्ला। पढाइ, लेखाइमा प्रगति होला। तर साताको बीचभाग सोम, मंगल र बुधबार भने रोगव्याधिको भय, विवाद, चोटपटकको सम्भावना देखिन्छ। अधिक खर्च, तनाव, कष्ट बेहोर्नुपर्ला।

**कुम्भ**
तपाईंका लागि साताका शुरुका दिनहरु धेरै उत्तम फलदायक छन्। धन लाभ, स्वस्थता, रोमान्टिक जमघट, रमाइलो वातावरण होला। उत्तम भोजन प्राप्ति, पुरस्कारको सम्भावना, सानो बोलीले ठूलो काम बन्ने देखिन्छ। आर्थिक उन्नति एवम् मान-सम्मान बढ्ला। व्यापारीलाई विशेष लाभ हुने सम्भावना छ। साताको अन्त्यमा भने व्यर्थमा खर्च, दौडधुप, दिनचर्या अस्तव्यस्त होला।

**मीन**
तपाईंका लागि साताको अधिकांश समय राम्रो फल दिनेवाला देखिन्छ। आइतबारसम्म उदरजन्य रोगको सम्भावना, दिनचर्या अस्तव्यस्त, पारिवारिक विवादको सम्भावना छ। तर त्यसपछिका दिनहरु धेरै उपलब्धिमूलक छन्। कहींबाट आफू र आफ्नो परिवारको अनुकूल शुभ समाचार सुनिने, गरेको काम सफल हुने, आर्थिक लाभ हुने, प्रतिस्पर्धी वा शत्रुमाथि विजय हासिल हुनेछ। आँटेको काम पूरा हुनसक्छ।

{ मत दिएर विजय बनाउनुभएको छ। त्यो मतको सम्मान गर्दै तपाईंहरुले गर्व गरेर हिंड्न सक्ने हामी बनाउछौं, यो हाम्रो प्रतिबद्धता भयो, तर कहीँकतै बरालिन, अलमलिन खोज्यौं भने दबाब दिने र खबरदारी गर्ने र निगरानी गर्ने काम तपाईंहरुको पनि हो, अविछिन्न रुपमा गर्नुहुनेछ।'





# कुनै पनि समुदायले विभेदको महसुस गर्ने छैनन् : *ओली*

**नेपाल समाचारपत्र**
भक्तपुर



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेपालमा अब कुनै पनि जाति वा समुदायले आफू विभेदमा परेको महसुस गर्नु नपर्ने बताउनुभएको छ। सबै अल्पसंख्यक समुदायको संरक्षण सरकारले गर्ने ओलीले बताउनुभयो।

अध्यक्ष ओलीलाई बधाई दिन शुक्रबार आफ्नै निवास बालकोट आएको नेपाल जामे मस्जिद व्यवस्थापन समितिको टोलीलाई संक्षिप्त सम्बोधन गर्दै ओलीले विगतमा मुस्लिमलाई पनि मधेसीमा समूहमा राखेर त्यसको लाभ अरुले नै उठाउँदै आएको बताउनुभयो। 'हामीले मुस्लिमलाई अलग पहिचान दिनुपर्ने भनेर छुट्टै समूहमा राखेपछि मुस्लिमले राज्यबाट प्रत्यक्ष लाभ लिन पाएका छन्।'

नेपालीहरूमा आपसी विश्वास र सद्भाव भएकै कारण जाति, धर्म र समुदायका बीचमा मिलेमतो भएको ओलीको भनाइ थियो। आगामी सरकारले सबै वर्ग र समुदायलाई समान व्यबहार गरेर राज्यको मूल प्रवाहमा समाहित गर्न सहयोग गर्ने ओलीले बताउनुभयो।

प्रतिनिधि तथा प्रदेशसभामा मुस्लिम समुदायबाट यथासक्य धेरै प्रतिनिधित्व गराउन आफ्नो पार्टी सकारात्मक भएको ओलीले बताउनुभयो।

# बृद्धभत्ता बढाएर ज्येष्ठ नागरिकको समस्या समाधान हुँदैन

भक्तपुर, (नेसं)

सरोकारवालाहरूले ज्येष्ठ नागरिकमैत्री नीति बनाउनका लागि सरकारलाई सुझाव दिएका छन। अबको २० देखि ३० वर्ष नेपालमा ज्येष्ठ नागरिकको संख्या तेब्बर हुने भन्दै उहाँहरूले अहिलेदेखि नै सरकारले ज्येष्ठ नागरिकमैत्री नीति निर्माण गर्नुपर्नेमा जोड दिनुभयो। राष्ट्रिय ज्येष्ठ नागरिक कोष, मञ्जुका फाउन्डेसन र एजिङ नेपालले शुक्रबार संयुक्त रूपमा गरेको अर्न्तक्रिया कार्यक्रममा उहाँहरूले ज्येष्ठ नागरिकले अपनत्व गर्ने गरी सरकारले ज्येष्ठ नागरिकमैत्री नीति बनाउनुपर्नेमा जोड दिनुभयो। अहिले नेपालमा करिब २७ लाख ज्येष्ठ नागरिक रहेका छन्।

एजिङ नेपालका अध्यक्ष कृष्णमुरारी गौतमले सरकारले ज्येष्ठ नागरिकका लागि बृद्धभत्ता मात्र वितरण गरेर उहाँहरूको समस्याको समाधान नहुने भन्दै अहिलेदेखि नै सरकारले ज्येष्ठ नागरिकमैत्री निर्माण गर्न सरकारलाई सुझाव दिनुभयो।

एजिङ नेपालले नेपालमा ज्येष्ठ नागरिकका विषयमा अध्ययन र अनुसन्धान गरी सरकारलाई सुझाव दिन सधैं तयार रहेको उहाँको भनाइ छ। राष्ट्रिय ज्येष्ठ नागरिक कोषका अध्यक्ष रामकृष्ण कर्माचार्यले ज्येष्ठ नागरिकले अपनत्व गर्ने गरी सरकारले नीतिनिर्माण गर्नुपर्ने बताउनुभयो। उहाँले तत्कालका लागि बृद्धभत्ता मात्र वितरण गरेर ज्येष्ठ नागरिकका समस्या समाधान नहुने भएकाले अहिलेदेखि नै सरकारले ज्येष्ठ नागरिकमैत्री नीति निर्माण गर्नुपर्छ। ज्येष्ठ नागरिकका लागि निःशुल्क स्वस्थ्य बीमा, ज्येष्ठ नागरिकहरूले गर्न सक्ने कामका लागि सरकारले निरब्याजी ऋृण उपलब्ध गराउनुपर्ने, प्रत्येक टोलमा ज्येष्ठ नागरिक घुलमलि गर्ने क्लब निर्माण गर्नुपर्ने र नयाँ पुस्तालाई ज्येष्ठ नागरिकप्रति हेर्ने दृष्टिकोणमा सकारात्मक बनाउँदै जानुपर्ने आवश्यकता औंल्याउनुभयो।

कार्यक्रममा कोषका सदस्य सचिव जयप्रकाश केरुले ज्येष्ठ नागरिकका हरेक समस्याप्रति सरकार सजक र सचेत रहनुपर्ने भन्दै त्यसका लागि आफूहरू सरकारलाई सधैं सहयोग गर्न तयार रहेको बताउनुभयो। प्राडा. पुष्पकमल सुवेदीले अहिले ज्येष्ठ नागरिकले भोग्दै आएका समस्या र सोको समाधान बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

# जनताको खबरदारी आवश्यक

**नेपाल समाचारपत्र**
काठमाडौं

नेकपा एमालेका महासचिव तथा काठमाडौं क्षेत्र नं ५ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य ईश्वर पोखरेलले वाम गठबन्धनले निर्वाचनका समयमा गरेका प्रतिबद्धता इमानदारीपूर्वक कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

मंसिर २१ गते भएको निर्वाचनमा भारी मतले निर्वाचित हुनुभएका नेकपा एमालेका महासचिव ईश्वर पोखरेल र एमालेका युवा नेता दीपक निरौला प्रदेशसभा सदस्यमा निर्वाचित हुनुभएकोमा धापासी बुद्धिजीवी समाजले बधाई तथा सम्मान कार्यक्रमको आयोजना गरेको थियो।

सो कार्यक्रममा बोल्दै पोखरेलले निर्वाचनका बेला आफूले गरेका प्रतिबद्धता कार्यान्वयन गराउन बुद्धिजीवीहरू र आमनागरिकहरूले खबरदारी पनि गर्नुपर्ने बताएका छन्। पोखरेलले भने- 'निर्वाचनका बेला प्रतिबद्धता भाषणमा मात्र होइन लेखेर गरेका छौं।' ती प्रतिबद्धता दृढतापूर्वक पूरा गर्न लाग्ने बताउँदै यसका लागि दबाब र खबरदारी गर्ने जिम्मा जनताको पनि भएको बताए।

'हामी काम गर्छौं, ढुक्क हुन म आग्रह गर्दछु ,मत दिएर विजय बनाउनुभएको छ। त्यो मतको सम्मान गर्दै तपाईंहरूले गर्व गरेर हिँड्न सक्ने हामी बनाउछौं, यो हाम्रो प्रतिबद्धता भयो, तर कहीँकतै बरालिन, अलमलिन खोज्यौं भने दबाब दिने र खबरदारी गर्ने र निगरानी गर्ने काम तपाईंहरूको पनि हो, अविछिन्न रुपमा गर्नुहुनेछ' -उनले भने।

पोखरेलले जनतासँग दूरी नबढोस् भन्ने उद्देश्यका साथ निश्चित समय निर्धारण गरेर महिनामा १ पटक २ घण्टा भेटघाटको कार्यक्रम बनाउने बताउँदै यस्ता कार्यक्रममा जनताका गुनासा अप्ठ्याराहरू सुन्ने पनि बताए।

उनले भने- 'महिनामा एकपटक भेटघाटको कार्यक्रम बनाउदै छौं, कार्यक्रमको उद्देश्य जनताको मनमा कुराहरू थुप्रिएर नबसून् र जनताले आफ्ना प्रतिनिधिलाई आफ्ना गुनासा अफ्ठ्यारा सुनाउन नपाएर र उकुसमुकुस हुन नपरोस् भन्ने नै हो।' काठमाडौं क्षेत्र ५ 'ख'बाट निर्वाचित दीपक निरौलाले यस क्षेत्रको समृद्धि र विकासका लागि आफूले प्रभावकारी रूपमा काम गरी मत दिने नागरिकको मन खुसी बनाउने उल्लेख गरेका छन्।

कार्यक्रममा धापासी बुद्धिजीवी समाजका अध्यक्ष एवं वरिष्ठ पत्रकार टंक पन्तले कुराभन्दा काम गरेर देखाएमा १ हजार प्रश्नको जवाफ एउटै कामले दिने बताएका छन्।

समाजका सचिव एवं अधिवक्ता सूर्यकुमार बिमलीले स्वागत गर्दै अब बन्ने स्थायी सरकारले जनताका अपेक्षा पूरा गर्ने विश्वास व्यक्त गरेका छन्। काठमाडौं क्षेत्र ५ का बुद्धिजीवी, आम नागरिकहरूको तर्फबाट धापासी बुद्धिजीवी समाजले हस्तान्तरण गरेको बधाई तथा सम्मानपत्रमा भनिएको छ, पार्टीको महत्त्वपूर्ण पदमा रहेर नेकपा एमालेलाई पहिलो शक्ति बनाउन यहाँको नेतृत्वदायी भूमिका रहेकाले पनि आगामी दिनमा यहाँले संसद् र महत्त्वपूर्ण भूमिका रहेकाले अब संसद् र कार्यकारिणी पदमा रही देशको समृद्धि र विकास गरी नयाँ नेपाल निर्माण गर्न सफल हुनुहुनेछ भन्ने विश्वाससहित सफलताको कामना गर्दछौं।

# नेमकिपाको गढमा एमाले पहिलो

**पुष्कर बुढाथोकी, भक्तपुर**

नेपाल मजदुर किसान पार्टीको गढका रूपमा चिनिएको भक्तपुर जिल्लामा प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचनमा एमाले पहिलो पार्टी भएको छ। भक्तपुरमा एमालेले ४२ हजार ७ सय ७६ मत प्राप्त गरेको छ भने नेमकिपाले ३५ हजार ५ सय ९० मत पाएको निर्वाचन कार्यालयले जानकारी दिएको छ।

कार्यालयका अनुसार कांग्रेसले २६ हजार १ सय ५३ मत ल्याई तेस्रो स्थान हासिल गरेको छ। कार्यालयका निर्वाचन अधिकृत उमेश राईका अनुसार भक्तपुर क्षेत्र नं १ मा एमालेले १६ हजार ३ सय ८५, कांग्रेसले १० हजार १ सय ५८ र नेमकिपाले ३० हजार ७९ मत पाए भने क्षेत्र नं २ मा एमालेले २६ हजार ३ सय ९१, कांग्रेसले १५ हजार ९ सय ९५ र नेमकिपाले ५ हजार ४ सय ११ मत पाएका छन्।

भक्तपुर क्षेत्र नं १ को प्रतिनिधिसभामा नेपाल मजदुर किसान पार्टीका प्रेम सुवाल र क्षेत्र नं २ मा वाम गठबन्धनका तर्फबाट एमालेका महेश बस्नेत विजयी भएका थिए। भक्तपुर क्षेत्र नं १ अन्तर्गत एउटा प्रदेशसभामा नेमकिपाले जित हासिल गरे पनि जिल्लाका अन्य ३ वटै प्रदेशसभामा वाम गठबन्धनले नै जितेका छन्।

भक्तपुर क्षेत्र नं २ को समानुपातिक निर्वाचनमा पनि एमाले पहिलो भएको छ। प्रतिनिधिसभाको समानुपातिकतर्फ २६ हजार ३ सय ९१ मत ल्याएर एमाले पहिलो बनेको हो। कांग्रेसले १५ हजार ९ सय ९५ मत ल्याएको छ। कांग्रेसभन्दा पछि रहेको विवेकशीलले ५ हजार ७ सय ३४ मत, नेमकिपाले ५ हजार ४ सय ११, माओवादी केन्द्रले ४ हजार १ सय १५ र राप्रपाले १ हजार ७ सय ९३ मत पाएका छन्। समानुपातिकतर्फ ६३ हजार ९ सय ४९ मत खसेकोमा २ हजार ६६ मत बदर भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

त्यस्तै, प्रदेश 'क' र 'ख' मा पनि एमाले पहिलो पार्टी बनेको छ। प्रदेश 'क' मा एमालेले १५ हजार २ सय ७० ल्याएर पहिलो पार्टी बनेको छ। कांग्रेसले ६ हजार ७ सय ५६ मत पाएर दोस्रो स्थानमा रहेको छ। कांग्रेसभन्दापछि रहेको विवेकशीलले ३ हजार ३ सय ९२ मत, नेमकिपाले २ हजार ८ सय ३, माओवादी केन्द्रले १ हजार ५ सय ४१ र राप्रपाले १ हजार ९ मत पाएका छन्। समानुपातिकतर्फ प्रदेश 'क' मा ३३ हजार ७ सय १४ मत खसेकोमा १ हजार ८ सय ५८ मत बदर भएको कार्यालयले जनाएको छ।

प्रदेश 'ख' मा एमालेले ९ हजार ६ सय ३० ल्याएर पहिलो पार्टी बनेको छ। कांग्रेसले ८ हजार १ सय ८९ मत पाएर दोस्रो स्थानमा रहेको छ। कांग्रेसभन्दा पछि रहेको नेमकिपाले २ हजार ८ सय २, माओवादी केन्द्रले २ हजार ६ सय ९७, विवेकशीलले २ हजार ५ सय ९० मत र राप्रपाले ८ सय ५ मत पाएका छन्। समानुपातिकतर्फ प्रदेश 'ख' मा २८ हजार ५ सय ४३ मत खसेकोमा १ हजार ६ सय ९२ मत बदर भएको कार्यालयले जनाएको छ।

# अध्यादेशलाई राष्ट्रपतिले स्वीकृति दिनुको विकल्प छैन : *अध्यक्ष केसी*

**नेपाल समाचारपत्र**
काठमाडौं

नेपाल बार एसोसियसनका अध्यक्ष शेरबहादुर केसीले नेपाल सरकारले राष्ट्रपतिसमक्ष लगेको अध्यादेशलाई राष्ट्रपतिले स्वीकृति दिनुबाहेकको अरु कुनै विकल्प नभएको स्पष्ट पारेका छन्।

अध्यादेशका कारण निर्वाचन नहुने र नयाँ सरकारसमेत गठन हुन नसक्ने अवस्था भएकाले अध्यादेश रोक्न नहुने केसीले बताउनुभयो। 'निर्वाचन आयोगलाई चुनावको अन्तिम नतिजा घोषणा गर्न नदिने हो भने रोके हुन्छ।' -केसीले भने।

अध्यक्ष केसीले प्रधानमन्त्रीले सिफारिश गरेको अध्यादेश राष्ट्रपतिले स्वीकृत गरेर पठाउनुको विकल्प नभएको समेत तर्क गरे। 'राष्ट्रियसभाको अध्यादेशलाई राष्ट्रपतिले तुरुन्त स्वीकृत गर्नुपर्छ। अध्यादेश रोक्नु भनेको चुनाव रोक्नु हो' -केसीले भने। राष्ट्रियसभा गठनका लागि ३ जना मनोनित गर्नुपर्ने व्यवस्था भएको र उक्त मनोनितसमेत अहिलेकै सरकारले गर्नुपर्ने उनको तर्क छ।

संविधानविद् डा. भीमार्जुन आचार्यले राष्ट्रियसभा नभए पनि सरकार गठन हुन सक्ने बताएका छन्। उनले भने- 'सरकार गठनका लागि राष्ट्रियसभा नभए पनि हुन्छ, तर प्रतिनिधिसभा चाहिँ आवश्यक पर्छ।'

उनले आफू एकल संक्रमणकालीन निर्वाचनको पक्षपाति भएको समेत स्पष्ट पारे। आचार्यले भने- 'म एकल संक्रमणकालीन प्रणालीको पक्षमा छु, अहिलेको धरातलीय आवश्यकता एकल नै हो, यसमा कुनै पनि मत खेर जाँदैन।' यद्यपि उनले वाम गठबन्धनको पक्षमा बहुमत आएकाले उनीहरूले बहुमतीय संक्रमणकालीन प्रणालीको माग गरेको गुनासो पोखे।

संविधानको धारा ७६ मा राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था रहेको उल्लेख गर्दै भने- 'धारा ७६ को उपधारा २ मा एउटा दलले स्पष्ट बहुमत ल्याउन नसकेको अवस्थामा २ वा २ भन्दा बढी दलहरूको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था छ।'

अर्का संविधानविद् डा. चन्द्रकान्त ज्ञवालीले राष्ट्रियसभा गठन नगरिकन सरकार गठनभन्दा प्रधानमन्त्री चयन गर्न सकिने तर मन्त्रिपरिषद् गठन गर्न नसकिने स्पष्ट पारेका छन्।

उनले भने- 'राष्ट्रियसभा नभएको अवस्थामा कोलिसन गर्भमेन्टको प्रधानमन्त्री बन्न सक्छ, तर संघीय संसद्को समावेशी मन्त्रिपरिषद् गठन गर्न सक्दैन। एउटा पार्टीको मात्रै बहुमत छैन, संघीय संसद्का सदस्यहरूले सपथ नलिइकन कुनै पनि संघीय संसद्को अधिवेशनमा जान सक्दैन, र कुनै पनि समितिमा जान सक्दैन्।'


**मकालु वरुण राष्ट्रिय निकुञ्ज कार्यालय,**
संखुवा–सभा

**किचन डाइनिङ्ग भवन निर्माण सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः २०७४/०९/०१**

यस कार्यालय अन्तरगत मकालु गाउँपालिका स्थित हेदाङ्गनागढी पोष्ट भवनको प्रयोजनको लागि किचन तथा डाईनिङ्ग भवन निर्माण गर्नुपर्ने भएकोले शिलबन्दी दरभाउ पत्रको लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ । सो सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ । नेपाल समाचारपत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन इच्छुक इजाजत प्राप्त निर्माण व्यवसायीलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मकालु वरुण राष्ट्रिय निकुञ्ज कार्यालय,**
**संखुवासभा ।**
**संपर्क नं. ०२९५६०१३६**

**मकालु वरुण राष्ट्रिय निकुञ्ज कार्यालय,**
संखुवा–सभा

**रासन ठेक्का सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७४/०९/०१**

यस कार्यालय र अन्तरगत इलाकाहरुमा कार्यरत रासन सुविधा पाउने कर्मचारी जवान ८५ जना (पछि थपघट हुन सक्ने) लाई मिति २०७४ साल माघ १ गते देखि २०७५ पौष मसान्त सम्मको लागि रासन ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले शिलबन्दी दरभाउ पत्र/बोलपत्रको लागि यो ३० दिने सूचना प्रकाशित गरिएको छ । सो सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ नेपाल समाचारपत्र दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन इच्छुक इजाजत प्राप्त आपुर्तिकर्ता (suppliers) लाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मकालु वरुण राष्ट्रिय निकुञ्ज कार्यालय,**
**संखुवासभा ।**
**संपर्क नं. ०२९५६०१३६**



## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा-व्यवधान।
**वृष** : धनलाभ, मान-सम्मान, इज्जत-प्रतिष्ठा बढ्ने, समस्या समाधान।
**मिथुन** : आर्थिक लाभ, प्रतिस्पर्धा एवम् परीक्षा प्रतियोगितामा सफलता।
**कर्कट** : बाथजन्य रोगको भय, कार्य असफल, शोकसन्ताप, तनाव।
**सिंह** : पेटको खराबी, पारिवारिक विवाद, निरर्थक घुमफिर, अस्तव्यस्तता।
**कन्या** : आर्थिक लाभ, मान-सम्मान, पढाइमा सफलता, मान वृद्धि।
**तुला** : धनहानि, व्यर्थको खर्च, मानसिक चञ्चलता, आँखामा समस्या।
**वृश्चिक** : पुरस्कार, उपहारादि वस्तु प्राप्ति, धनलाभ, कार्य सफल।
**धनु** : आर्थिक नोक्सानी, दुर्घटनाको भय, विवाद, निरर्थक खर्च।
**मकर** : पैसा प्राप्ति, उत्तम भोजन, परिवार-सुख।
**कुम्भ** : सुख-सन्तोष, कार्यसिद्धि, शारीरिक स्वस्थता, मन प्रफुल्लित।
**मीन** : राज्यको भय, इज्जत-प्रतिष्ठामा ह्रास, चिन्ता, तनाव बढ्नेछ।

# नेपाल

एउटै बालिका फरक व्यक्ति या समूहबाट दोहोरिएर बलात्कृत भई अदालतमा मुद्दा पुगेको यो नै पहिलो भएको अधिवक्ता गौतमको भनाइ छ। अधिवक्ता गौतमले अदालतले आदेश गर्दा नै कसले दिने हो स्पष्ट पारिदिए पीडितलाई सजिलो हुने बताउनुहुन्छ।

# १४ वर्षमा पनि अपूरै सराङ्कोट गुरुयोजना

● पूर्वाधार निर्माण गर्न महानगरपालिकासँग साझेदारी ● आर्थिक संकलन गर्न महायज्ञ गरिँदै

धन बस्नेत, पोखरा

सराङकोटलाई धार्मिक पर्यटकीय गन्तव्य बनाउन शुरू गरिएको गुरु योजना १४ वर्ष बित्यो। १४ वर्षको अन्तरमा ४ पटक महायज्ञसमेत लगाइयो। महायज्ञबाट संकलित रकमबाट केही काम गरियो। तर योजनाले मूर्त रूप भने अझै लिएको छैन। फेरि पाँचौ चरणको महायज्ञ गर्दै गुरु योजनालाई साकार रूप दिने तयारीमा सराङकोट धार्मिक पर्यटन क्षेत्र विकास समिति जुटेको छ।

२९ करोडको प्रस्तावित योजना १ सय रोपनीमा बनाइनेछ। आउँदो माघ २२ गतेदेखि महायज्ञ लगाउँदै ५ करोड संकलन गर्ने लक्ष्य छ। पोखरा लेखनाथ महानगरपालिकासँग १३ करोडको योजना पस भई सम्झौताको तयारीमा छ। महानगरपालिका, डीएफआईडी/इपीआईले पर्यटन पूर्वाधारको आवश्यक सर्भे गरिसकेको छ।

निर्माणको चरणमा रहेको अन्नपूर्ण केवलकार प्रालि, उद्योगी व्यवसायी, राजनीतिक दल, स्थानीय सहयोगीहरूको संलग्नतामा बृहत्तर योजनाअन्तर्गत केही पूर्वाधारका योजना प्रस्ताव गरिएको समितिका अध्यक्ष प्रेमबहादुर जिसीले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए।



सराङकोटमा ५१ फिटको शिवमूर्ति स्थापना गर्ने लक्ष्य छ। मन्दिरको पूर्णताको लागि १ सय ८ शिवलिंग, १ सय ८ शहस्त्र धारा, विभिन्न देवदेवीका मन्दिर, विशाल बौद्ध मन्दिरको निर्माण गरिनेछ। अध्यक्ष जिसीका अनुसार नेपालकै विशाल घण्ट शिव मन्दिर परिसरमा स्थापना गर्ने, धार्मिक प्रवचनका साथै बहुउद्देश्यीय भवनको निर्माण गर्ने, ऐतिहासिक संग्रहालय निर्माण गर्ने र भ्युटावर, बाल उद्यान पार्क, फुट ट्र्याक, हेलिप्याड, वनभोजस्थल आदिको निर्माण गरिने पहिलो चरणको योजना रहेको अध्यक्ष जिसीले पत्रकार सम्मेलनमा सुनाए।

पोखरा लेखनाथ महानगरपालिका वडा नं १८ सराङकोटको गुरु योजनालाई कार्यान्वयनमा ल्याउनेतर्फ महानगपालिकाले सहयोग गर्ने प्रतिबद्धता मेयर मानबहादुर जिसीले गरेका छन्। उनले सराङकोटमा धार्मिक पर्यटन पबर्द्धन गर्न आवश्यक पूर्वाधार निर्माण गर्न महानगपालिकाको समेत दायित्व भएको भन्दै त्यसको लागि अन्य दातृ निकायसँग सहकार्य गरिने बताए। धार्मिक पर्यटनको गन्तव्य बनाउन शुरू गरिएको योजनामा ९७ लाख खर्च भइसकेको छ। पूर्वअध्यक्ष लोकबहादुर थापाको नेतृत्वमा काम शुरू गरिए पनि आर्थिक अभावकै कारण योजनालाई थाती राखिएको थियो।

समितिले पहिलो महायज्ञ सराङकोटमै आयोजना गरेको थियो। जसमा ५७ लाख संकलन गरिएको थियो। दोस्रो पोखराको महेन्द्रपुल, तेस्रो काठमाडौं र चौथो पोखराको विन्ध्यवासिनी मन्दिर परिसरमा आयोजना गरिएको थियो। दोस्रोदेखि चौथो संस्करणको महायज्ञमा भने समिति केवल सहयोगी भूमिकामा मात्रै देखियो।

समुद्री सतहदेखि १ हजार ५ सय ९२ मिटरको उचाईंमा रहेको सराङकोट विशेष गरी साहसिक पर्यटनको केन्द्रविन्दु हो। यहाँ प्याराग्लाइडिङ र जिप फ्ल्याएर सञ्चालित छ। त्यसमा पनि अब केवलकार निर्माणले पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने विश्वास स्थानीय बासिन्दाले लिएका छन्।

पोखरामा २०३० सालबाट पर्यटन व्यवसायको शुरूआत भएको थियो। पर्यटन व्यवसाय शुरूआतको चारदशकपछि सराङकोट पुग्ने पर्यटकको संख्यामा उल्लेख्य वृद्धि भएको छ। उदाउँदो सूर्यको दृश्य हेर्नको लागि मात्रै पुग्छन्। प्याराग्लाइडिङ उडानको उत्कृष्ट स्थलका रूपमा समेत यो परिचित छ। इतिहासअनुसार तत्कालीन राजा कुलमण्डल शाहको समयमा कोटमा तरबार(सराङ) चलाउन प्रशिक्षणसमेत दिइन्थ्यो। तरबार रक्षार्थ चलाउन प्रशिक्षण दिने चलनले सराङकोटको नामकरण भएको हो।

# प्रदेशमा सात मन्त्री पराजित

विमल विष्ट, डोटी

प्रदेश नम्बर ७ बाट तीन बहालवाला र ४ जना पूर्वमन्त्री गरी ७ जना प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पराजित भएका छन्। बहालवाला भौतिक योजना तथा यातायात व्यवस्था मन्त्री वीरबहादुर बलायर, वाणिज्य राज्यमन्त्री नरबहादुर चन्द र संघीय मामिला तथा स्थानीय विकास राज्यमन्त्री जनकराज चौधरी चुनावमा असफल भए। त्यसै गरी, पूर्वमन्त्रीहरू रामजनम चौधरी, मोहनसिंह राठौर, एनपी साउद र रमेश लेखक चुनावमा पराजित भएका छन्। पराजित सबै नेपाली कांग्रेसका हुन्।

केन्द्रीय राजनीतिमा पहुँच राख्ने यी नेताहरूले पराजय भोगेपछि विभिन्न खाले टिकाटिप्पणी शुरू भएका छन्। ठूला नेताहरूको हार प्रदेश नम्बर ७ को लागि 'ब्याड लक' रहेको चर्चा परिचर्चा पनि हुन थालेको छ। तर, उहाँहरूको हारले काम गर्नका लागि नयाँलाई अवसर मिलेको पनि बताउन थालिएको छ। कैलाली क्षेत्र नम्बर ३ बाट चुनाव लडेका पूर्वस्वास्थ्यमन्त्री रामजनम चौधरीलाई माओवादी उम्मेदवार एवं पूर्वकृषि मन्त्री गौरीशंकर थारुले पराजित गरे। प्रतिनिधिसभा सदस्यमा पराजित चौधरीले २० हजार ४ सय ७३ मत प्राप्त गरेका छन्। विजयी भएका थारुले २४ हजार ८ सय ७३ मत पाएका छन्। त्यसै गरी, कैलाली क्षेत्र नम्बर २ मा पूर्वशिक्षा राज्यमन्त्री मोहनसिंह राठौरलाई उनकै पूर्वस्वकीय सचिव झपट रावलले हारको स्वाद चखाएका छन्। राठौर एमालेबाट २०६४ सालमा शिक्षा राज्यमन्त्री बन्दा रावल स्वकीय सचिव थिए।

चुनावको मुखमा एमाले परित्याग गरेर नेपाली कांग्रेस प्रवेश गरी चुनावी मैदानमा उत्रेका राठौरले २३ हजार ३ सय १३ मत प्राप्त गरे। एमालेका वैकल्पिक केन्द्रीय सदस्यसमेत रहेका रावलले २५ हजार १ सय ५७ मत प्राप्त गरी विजयी भए। यस्तै, कैलाली निर्वाचन क्षेत्र नम्बर १ को प्रदेशसभा १ मा चुनाव लडेका बहालवाला मन्त्री जनकराज चौधरीले प्रदेशसभा सदस्यमा पराजय भोगेका छन्। मत प्राप्तिका हिसाबले तेस्रो स्थानमा चित्त बुझाएका चौधरीले ९ हजार ३ सय १३ मत प्राप्त गरेका छन्। यसअघि, २०७० सालको संविधानसभाको दोस्रो निर्वाचनमा उनी सोही क्षेत्रबाट संविधानसभा सदस्यमा अत्यधिक मतका साथ निर्वाचित भएका थिए। त्यसै गरी, नेपाली कांग्रेसका लोकप्रिय एवं चतुर नेताका रूपमा चिनिएका पूर्वभौतिक योजना तथा यातायात व्यवस्था मन्त्री रमेश लेखक कञ्चनपुर क्षेत्र नम्बर ३ मा प्रतिनिधिसभा सदस्यमा पराजित भएका छन्। उनलाई झिनो मतान्तरका साथ नेकपा एमालेका उम्मेदवार डा. दीपकप्रकाश भट्टले पराजित गरे। लेखकलाई २६ हजार १ सय ६ मत प्राप्त भयो। जित हासिल गरेका डा. भट्टले २६ हजार ३ सय ६४ भोट पाए।

कञ्चनपुरमै क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्यमा पूर्वसिचाइँमन्त्री एनपी साउद पनि पराजित भएका छन्। एमालेका नरबहादुर धामीले साउदलाई फराकिलो मतान्तरका साथ हारको स्वाद चखाए। पराजित साउदको पक्षमा २४ हजार ८ सय ९३ र विजयी धामीको पक्षमा ३३ हजार २ सय २० मत खसेको छ। डोटीबाट प्रतिनिधिसभा सदस्यमा चुनाव लडेका बहालवाला मन्त्री वीरबहादुर बलायरलाई एमालेका प्रेमबहादुर आलेमगरले पराजित गरे। मन्त्री बलायरले ३० हजार ८ सय ७८ मत प्राप्त गरेर हारको स्वाद चाख्न बाध्य भएका छन्। विजयी आलेमगरको पक्षमा ३२ हजार ५ सय १० मत आएको छ। गत २०७० सालको संविधानसभाको चुनावमा दुई क्षेत्र रहेको डोटीबाट आले र बलायर दुवैजना निर्वाचित भएका थिए।

यस्तै, बहालवाला वाणिज्य राज्यमन्त्री नरबहादुर चन्द बैतडीबाट प्रतिनिधिसभा सदस्यमा पराजित भएका छन्। उनलाई पूर्वअर्थराज्यमन्त्री दामोदर भण्डारीले ३९ हजार ५ सय २४ मत ल्याएर पराजित गरे। चुनावमा हारेका मन्त्री चन्दले २८ हजार २ सय ९१ मत पाए। सात जना भीआईपी चुनाव हारे पनि भीभीआईपी प्रधानमन्त्री शेरबहादुर देउवासहित पूर्वउपप्रधानमन्त्री भीम रावल, पूर्व मन्त्रीद्वय लेखराज भट्ट र गौरीशंकर थारुले सफलता प्राप्त गरेका छन्। नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री देउवाले डडेल्धुराबाट, माओवादी नेताद्वय भट्ट र थारुले क्रमश: कैलाली क्षेत्र नम्बर ४ र ३ बाट विजयको माला लगाए। यसै गरी, नेकपा एमालेका उपाध्यक्षसमेत रहेका भीम रावलले अछाम निर्वाचन क्षेत्र नम्बर १ बाट जित हासिल गरे।

# 'सरकारले गरेको निर्णय मान्दैनौं'

वीरगन्ज, (नेस)। नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले कामचलाउ भइसकेको सरकारले गरेको निर्णय मान्न आफूहरू बाध्य नहुने बताउनुभएको छ।

प्रदेश प्रमुख नियुक्तिको तयारीप्रति संकेत गर्दै उहाँले कुनै नियुक्ति गर्नैपर्ने संवैधानिक बाध्यता भए छलफल गरेर मात्रै निर्णयमा पुग्नुपर्नेमा जोड दिनुभयो। प्रेस चौतारी नेपाल र प्रेस सेन्टर नेपालले संयुक्तरूपमा शुक्रबार वीरगन्जमा आयोजना गरेको पत्रकार सम्मेलनमा नेता नेपालले कम्युनिस्ट गठबन्धनको बहुमत आइसकेकाले सरकार निर्माणको तयारी शुरू भएको बताउनुभयो।

उहाँले सरकार गठन र नेतृत्वमा कुनै विवाद नभएको दाबी गर्नुभयो। यद्यपि, सरकारको नेतृत्व कसले गर्ने भन्ने बारेमा भने केही पनि खुलाउनुभएन। जित्नु ठूलो नभएर जितपछि जिम्मेवारी पूरा गर्ने योग्यता र क्षमता प्रस्तुत गर्नु महत्त्वपूर्ण कुरा भएको पनि उहाँले बताउनुभयो।

# ८ र १२ वर्षमा बलात्कार क्षतिपूर्ति पाउन सकस

कुमार श्रेष्ठ, बाँके

आठ वर्षकी बालिकालाई चार जना बालक/किशोरले घरमै गएर बलात्कार गरे। ११, १२, १४ र १५ वर्षीय बालक/किशोरले घरमा कोही नभएको मौका पारेर बालिकालाई जबरजस्ती गरेका थिए।

घटना अदालतमा पुग्यो। अदालतले ११ र १२ वर्षका बालकलाई अभिभावकको जिम्मा लगायो भने १४ र १५ वर्षका किशोरलाई बाल सुधार गृहमा पठायो। जबरजस्ती करणीको मुद्दामा बाँके जिल्ला अदालतले बालिकालाई ५० हजार क्षतिपूर्ति दिन सरकारलाई आदेश गऱ्यो। पीडकबाट नै असुली गरेर क्षतिपूर्ति दिने भए पनि बालक भएकाले पीडितलाई सरकारबाट क्षतिपूर्ति दिन बाँके अदालतले ऐतिहासिक फैसला गऱ्यो।

बाल सुधार गृहमा बसेका पीडकहरू छुट्ने बेला हुन थाल्यो। पीडितले भने अहिलेसम्म क्षतिपूर्ति पाएकी छैनन्। 'बालगृहमा रहेका दुई जनालाई साढे ७ वर्षको कैद सुनाइएको थियो, उनीहरू छुटेर आउने बेला हुन थाल्यो, हामीले अदालतले आदेश गरेको क्षतिपूर्ति पाउन सकेका छैनौं' -बालिकाकी आमाले भनिन्।

श्रीमान्ले अर्की श्रीमती लिएर अन्यत्र बसेपछि दुई छोरीको हेरचाह गरिरहेकी आमा क्षतिपूर्तिका लागि दर्जनौं पटक नेपालगन्ज आइसकेकी छन्। 'क्षतिपूर्तिको ५० हजार लिन ५० पटक नै आमा अदालतमा आइसकेकी होलिन्, पीडितलाई कानुनी सेवा दिइरहेका अधिवक्ता वसन्त गौतमले भन्नुभयो- 'मैले पनि माथिल्लो स्तरमा लबिङ गरिरहेको छु। क्षतिपूर्ति रकम निस्केको छैन।'

अदालतले पहिलो पटक जिल्लामा पीडितलाई सरकारले क्षतिपूर्ति दिने आदेश त गऱ्यो तर कानुन मन्त्रालय कि सर्वोच्चमार्फत् दिने अन्यौल रह्यो। कानुन मन्त्रालय र सर्वोच्च अदालत कहाँबाट दिने भन्नेमै ६ वर्ष बितिसकेको छ। प्रक्रियागत त्रुटिमा पीडित रुमलिएका छन्।

आठ वर्षमा चार जनाबाट बलात्कृत भएकी ती बालिका १२ वर्षको उमेरमा फेरि बयस्क पुरुषबाट बलात्कृत भइन्। २०७१ पुस ११ गते स्कुलबाट घरतर्फ आइरहेकी ती बालिकालाई ४० वर्षका खड्का थरका पुरुषले ढकेरी जंगलमा लगेर बलात्कार गरे। 'म तिम्रो बुवाको साथी हुँ। तिमीलाई किताब-कापी किनिदिन्छु' भनेर मोटरसाइकलमा बसाएको उसले ढकेरीमा लगेर नास्ता खुवाई फर्किने बेलामा जंगलमा बलात्कार गरेको थियो। बलात्कारपछि बालिकालाई उसले एक रात घरपरिवारको सम्पर्कमा आउन नदिएर आफन्ती पर्नेको घरमा राखेको थियो।

भोलिपल्ट घरमा आएकी बालिकाले आमालाई सबै कुरा बताइन्। अधिवक्ता गौतमले नै फेरि अपहरण, शरीर बन्धक तथा जबरजस्ती करणी मुद्दा दर्ता गराए। २०७२ माघ १७ गते जिल्ला न्यायाधीश विष्णु कोइरालाले पीडकलाई १७ वर्षको फैसला सुनाए। पीडितले उससँग ७६ हजार रुपियाँ क्षतिपूर्ति दाबी गर्न सक्ने बाटो खोलिदिए।

जिल्ला अदालतको आदेशविरुद्ध पीडक पुनरावेदन गयो। पुनरावेदन अदालतले पनि २०७४ जेठ ३० गते जिल्लाकै आदेशलाई सदर गरिदियो। न्यायाधीशद्वय बीरबहादुर डाँगी र लेखनाथ पौडेलले जिल्लाकै आदेशलाई सदर गरेका थिए। अभियुक्त खड्कालाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ३ (२) अनुसार आठ वर्ष कैद र अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नम्बर अनुसार ७ वर्षको कैद र ५० हजार जरिवाना र ऐ. ९ नम्बर अनुसार थप दुई वर्ष कैद हुने फैसला गरिएको छ। पीडितले जबरजस्ती करणीको महलको १० नम्बरअनुसार ७५ हजार र शरीर अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको १२ नम्बरअनुसार २ दिनको १ हजार रुपियाँ क्षतिपूर्ति प्रतिवादीबाट भराई पाउने समेत ठहर गरिएको छ। अधिवक्ता गौतमका अनुसार, अभियुक्त अझै माथिल्लो निकायमा जाने समय भएकाले क्षतिपूर्तिका लागि मुद्दा दर्ता गरिसकिएको छैन। गौतमले केही दिनमै खड्काविरुद्ध क्षतिपूर्तिको मुद्दा दर्ता गरिने जानकारी दिनुभयो।

बाँकेमा एउटै बालिका फरक व्यक्ति या समूहबाट दोहोरिएर बलात्कृत भई अदालतमा मुद्दा पुगेको यो नै पहिलो भएको अधिवक्ता गौतमको भनाइ छ। अधिवक्ता गौतमले अदालतले आदेश गर्दा नै कसले दिने हो स्पष्ट पारिदिए पीडितलाई सजिलो हुने बताउनुहुन्छ।

# कर्मचारीले उठाए ढुंगा, गिट्टी र बालुवा कर

## घाटा हुने भन्दै पन्छिए ठेकेदार

रविन भट्टराई, ताप्लेजुङ

ताप्लेजुङमा जिल्ला समन्वय समितिका कर्मचारी नै कर संकलनमा जुटेका छन्। ढुंगा, गिट्टी र बालुवाका लागि पटक-पटक आह्वान गर्दा पनि ठेक्का नलागेपछि जिल्ला समन्वय समितिका कर्मचारीले आफैं निकासी कर संकलन गर्न थालेका हुन्।

सदरमुकाम फुंलिङनजिकै मेची राजमार्गको सशस्त्र प्रहरी बल कञ्चनजंघा गुल्मको चेकपोस्ट छेउमा बसेर कर संकलन शुरू गरिएको स्थानीय विकास अधिकारी नरहरि भण्डारीले जनकारी दिनुभयो।

भण्डारीका अनुसार गत वर्ष उठेको रकमलाई लक्षित गरी चार पटकसम्म ठेक्का आह्वान गरिएको थियो तर चारैपटक कसैले पनि आवेदन नदिएपछि कात्तिक १७ गते कर्मचारीको बैठक बसेर कर्मचारी आफैं खटिने निर्णय भएको हो। गत वर्ष ढुंगा, गिट्टी र बालुवाबाट १० लाख १० हजार रुपियाँ संकलन भएको थियो।

यो आर्थिक वर्षमा पनि त्यही अनुपातमा संकलन हुने अपेक्षा गरिएको भण्डारीले बताए। ढुंगा, गिट्टी र बालुवाबाट प्रति ट्र्याक्टर २ सय ५० रुपियाँ संकलन गर्ने गरिएको छ। बिहान, दिउँसो र बेलुका गरी तीन सिफ्टमा कर्मचारी विभाजन गरी आलापालो संकलन केन्द्रमा बस्ने व्यवस्था मिलाइएको भण्डारीको भनाइ छ।

साउन, भदौ र असोज ३ महिनाबाहेक ९ महिना कर उठाउने गरिएको जिल्ला समन्वय समितिले बताएको छ। साउन, भदौ र असोज ३ महिना ढुंगा, गिट्टी र बालुवा संकलन गर्न नपाइने हुँदा कर संकलनका लागि नखटाइने समितिको भनाइ छ। अहिले काबेली र तमोर नदीबाट आउने बालुवालाई विशेष ध्यान दिएको छ।




काबेलीबाट दैनिक कम्तीमा १५ ट्र्याक्टर बालुवा सदरमुकाम भित्रने गरेको कर्मचारीहरू बताउँछन्। फागुन-चैत महिनामा सबैभन्दा धेरै आउँछ। सुकेटार, थेचम्बुलगायतका क्षेत्रका बाटोबाट धेरै गिट्टी आउने भएकाले त्यो क्षेत्रलाई पनि ध्यान दिएर कर उठाउने व्यवस्था मिलाउने योजना समितिले बनाएको छ।

यता साउन, भदौ र असोज ३ महिना ढुंगा, गिट्टी र बालुवा संकलन गर्न नपाइने भए पनि सो समयमा पनि बढी निकासी भएको स्थानीयको भनाइ छ। सो समयमा कर संकलनका लागि कर्मचारी नखट्दा लाखौंको कर छलेर ढुंगा, गिट्टी र बालुवा चोरी निकासी भए पनि जिल्ला समन्वय समितिले चासो नदिएको स्थानीय प्रत्यक्षदर्शी राजकुमार मगरले बताए।

किन ठेक्का लागेन ?

यसअघिका वर्षहरूमा ठेक्का आह्वान गर्न साथ ठेक्का लिनेको जिल्ला समन्वय समितिमा लाइन नै लाग्ने गरेको थियो।

ठेक्का लिएर स्थानीय ठेकेदारले दोखुको बहानन्दे र हेलिप्याड क्षेत्रबाट कर संकलन गर्दै आएका थिए। एक जनाले ठेक्कामा लिने र कर संकलनका लागि स्थानीय युवालाई परिचालन गर्ने गरिएको भेटिन्थ्यो।

तर अहिले ढुंगा, गिट्टी र बालुवाको कर संकलनबाट नाफा नहुने देखेका ठेकेदारको आँखा ठूला ठेक्कामा पर्न थालेको जिल्ला समन्वय समितिका कर्मचारी बताउँछन्। समितिले अघिल्लो वर्षको करलाई आधार मानेर केही बढाउँदै ठेक्का आह्वान गर्ने हुँदा नाफा नहुने स्थानीय ठेकेदारको भनाइ छ।

'धेरै बाँकी हुने र उठाउन नसकिने भएकाले एकपटक ठेक्का लिएकाले फेरि लिने आँट गर्दैनन्। ट्याक्टर सञ्चालकदेखि अन्य निर्माणका काम गर्ने ठेकेदारले २/३ सयमा के किचकिच गर्ने गरेको भन्छन्, सबै चिनजानकै हुन्छन्। कोही पछि दिने भन्छन्, त्यसैले पनि घाटा हुन्छ' -गत वर्ष ठेक्का लिएका जंग बस्नेतले भने। 'घाटाको व्यापार कसले गर्छ र ?' -स्थानीय ठेकेदार प्रश्न गर्छन्।

एचआईभी संक्रमित बालबालिकाहरुका लागि सरकार का तर्फबाट पनि त्यस्तो खालको कुनै कार्यक्रम नभएकाले उनीहरु शिक्षाबाट वञ्चित भइरहेका छन्।

# नेपाल

# काइनाइट खानीको अवैध उत्खनन्

कालीबहादुर मल्ल, कालिकोट

जिल्लाको कालिका गाउँपालिका-३ भर्ताको मदाने क्षेत्रमा रहेको बहुमूल्य धातु काइनाइट अवैध उत्खनन् भइरहेको छ। वीपीन एन्ड अभि खनिज उद्योग प्रालि. तथा अन्य २ ठेकेदारले भर्ताको बुकिमालिका सामुदायिक वनमा रहेको खानीबाट ठुलो परिणाममा अवैध रूपमा काइनाइट उत्खनन् गरी भारत निकासी गरिरहेका हुन्।

गाउँपालिका, वडापालिका, जिल्ला समन्वय समितिको अनुमतिबिना नै अवैध रूपमा राजश्व छलेर निकासी भइरहेको छ।

राजश्व छलेर रातारात अवैध निकासी गरिहेको कालिका गाउँपालिकाका अध्यक्ष खडानन्द चौलागाईंले बताए। 'काइनाइट उत्खननका नाममा २० मिटरका बंकर बनाएर सयौं रुखहरू नष्ट गरिएका छन्।' उनले भने- 'ठाउँठाउँमा पहिरो गइरहेको अवस्था छ।'

वीपीन एन्ड अभि खनिज उद्योगका सञ्चालक गोपाल पाण्डे, ठेकेदार डवलसिंह माझी, हरिचन्द्र चलाउने लगाएतले स्थानीयसँगका मिलेमतोमा बहुमूल्य ढुङ्गा भारततिर अवैध निकासी गरिरहेको कालिका गाउँपालिका-३ का अध्यक्ष धनराज शाही बताए। 'सरोकारवालाहरूले चासो नदिंदा यस प्रदेशकै आर्थिक संम्भावनाको बोकेको यो खानी नष्ट भइरहेको छ।' उनले भने- 'हामीले रोक्नका धेरै प्रयास गरेको भए पनि अझैं रोक्न सकिएको छैन्।'

वीपीन एन्ड अभि खनिज उद्योग प्रालिले ०५९ असारमा ठेकेदार माझीले ०६५ र चलाउनेले ०५९ सालमा खानी तथा भूगर्भ विभागबाट उत्खनन् इजाजतपत्र लिएका थिए। डेढ दसकसम्म ठेकेदारहरूले गाविस जिविस हाल गाउँपालिका वडापालिकामा राजस्व तिरेका छैनन्।

खानी उत्खनन्का लागि जंगलभित्र कामदारहरूलाई बस्नलाई टहरा बनाइएका छन्। स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भएर आएपछि तत्कालका लागि भनेर उत्खनन् कार्य रोक्न लगाइए पनि रातारात अबैध उत्खनन् भइरहेको भर्ता गाविस पूर्वअध्यक्ष भरतराज धितालले बताए। 'वीपीन एन्ड अभिले उत्खनन् कार्य शुरू गरेदेखि एउटा आर्थिक वर्षमा मात्र जिविसमा राजश्व तिरेका बाँकी आर्थिक वर्षमा राजश्व तिरेका छैनन्।', उनले भने- 'कुनै निकायमा पहल गर्दा पनि अबैध खानी उत्खनन् रोक्न सकिएको छैन्।'



आर्थिक वर्ष २०७१/०७२ मा मात्र ३४ हजार ४ सय राजश्व तिरेको बाँकी आर्थिक वर्षहरूमा कर छलि गरेको वडा सचिव मोहन न्यौपानेले बताए। 'एउटा आर्थिक वर्षको राजश्व मात्र जिल्ला विकास समितिलाई तिरेका छन्।' -उनले भने, 'अन्य २ जनाले ठेकेदारहरू डवलसिंह माझी र हरिचन्द्र चलाउनेले हालसम्म राजस्व तिरेका छैनन्।'

खनिज उत्खनन् गर्नुअघि खोजतलासका क्रममा वन विभागबाट अनुमति लिनुपर्ने हुन्छ। वातवरण संरक्षण, नियमअनुसार जंगल फँडानी नगरी खनिज झिक्ने प्रक्रिया शुरु गर्नुपर्ने जिल्ला वन कार्यालय कालिकोटका सहायक वनअधिकृत विमल शर्मालै बताए। '१ घनमिटरमा रहेको ३ मिटर बराबरमा क्षेत्रमा रहेको काइनाइट उत्खनन् गर्न पाउने खानी तथा भूगर्भ विभागको नियममा रहेको छ।' उनले भने- 'अवैध रूपमा उत्खनन् नहोस् भनेर स्थानीय साविकको गाविसको बजेटबाट चौकीदार राखिए पनि उनीहरूकै मिले मतोमा अवैध उत्खनन् भएको छ।'

वडापालिकाको बैठक बसेर पुराना चौकीदार हटाएर नयाँ ६ जना नियुक्त गर्ने निर्णय भएको वडाध्यक्ष धनराज शाहीले बताए। 'ठेकेदारहरूले रातारात गुण्डा लगाएर सार्वजनिक सामुदायिक वन कब्जा गरेर बसेका छन्।' उनले भने, 'स्थानीय सरकारलाई राजश्व नतिरी खनिज उत्खनन् गरी अवैध निकासी गरिरहेका छन्।'

कालिका गाउँपालिका-३ भर्ताको ३६ सय ९९ हेक्टर क्षेत्रफलमध्ये २ हजार ७ सय ७९ हेक्टर मदाने वनक्षेत्रमा बहुमूल्य काइनाइट रहेको छ।

खनिज उत्खनन् गर्नका लागि सयौं कामदार घरटहरा बनाएर वन क्षेत्रभित्र बस्ने गरेपछि रुखहरू कटान गर्नुका साथै वन्यजन्तुको चोरीशिकारीसमेत बढेको जिल्ला वन रक्षक वीरेन्द्रप्रसाद आचार्यले बताए। 'ठूलाठूला बङ्करहरू खनेपछि वन क्षेत्रका पानीका मुहानसमेत सुकेका छन्।' उनले भने- ल'वन क्षेत्रमा पाइने पाँचऔले, कटुको, सतुवा, अत्यासीलगायत जडिबुटीको पनि अवैध निकासी भइरहेको छ।'

खानी तथा भूगर्भ विभागको नियम २१ को उपनियम १ अनुसार गार्नेट काइनाइट प्रतिकेजी ३ रुपियाँ औद्योगिक स्तरको प्रतिटन ५० रुपियाँ राजश्व राज्यलाई तिर्नुपर्ने खानी तथा भूगर्भ विभाग ऐनमा उल्लेख गरिएको छ। तर, त्यस विपरीत जिल्लामा रहेको काइनाइट खानीको अबैध उत्खनन् भइरहेको छ।

# एचआईभी संक्रमित बालबालिका समस्यामा

विनोदसिंह विष्ट, बैतडी

बैतडीमा अझै पनि एचआईभी संक्रमितहरू खुलेर बाहिर आउन सकेका छैनन्। समाजमा हुने भेदभावले एचआईभी संक्रमितहरू बाहिर आउन नसकेको यो क्षेत्रमा काम गर्ने संघसंस्थाहरूले बताएका छन्।

जिल्ला स्वास्थ्य कार्यालयको तथ्यांकअनुसार जिल्लामा अहिलेसम्म २ सय ९ जना एचआईभी संक्रमित रहेका छन्। २ सय ९ जनामध्ये १ सय ६ जना पुरुष र १ सय ३ जना महिला रहेका छन्। तीमध्ये २७ जना १८ वर्षमुनिका बालबालिकाहरू रहेका छन्। एचआईभी संक्रमितमध्ये १०४ जना मात्रै उपचारमा रहेका एचआईभीको क्षेत्रमा काम गरिरहेको संस्था बहुउद्देश्यीय विकास समाज बैतडीका कार्यक्रम संयोजक लोकेन्द्रप्रसाद पन्तले बताउनुभयो।

२०६४ सालदेखि अहिले जिल्लामा एचआईभी एड्सबाट ३१ जनाको ज्यान गइसकेको छ। समाज हुने विभेदका कारण अझै पनि संक्रमितहरू खुलेर बाहिर आउन नसकेकाले एचआईभी संक्रमितहरूको संख्या अझै बढी हुन सक्ने पन्तले बताउनुभयो। एचआईभी बारेको गलत बुझाइले पनि एचआईभी संक्रमितलाई समाजमा समस्या हुने गरेको छ।

जिल्ला अस्पतालमा एचआईभी संक्रमितहरूका लागि एआरटी सेन्टर भएकाले उनीहरू नियमित आएर औषधि सेवन गरिरहेको बताइएको छ। बैतडीमा अझै पनि एचआईभी सक्रमितहरूलाई हेर्ने दृटिकोण नराम्रो रहेकाले उनीहरू लुकेर बस्न बाध्य हुने गरेका छन्। एचआईभी संक्रमित नराम्रो क्रियाकलापले मात्रै लाग्ने ग्रामीणस्तरका नागरिकका सोचले उनीहरूलाई हेर्ने दृष्टिकोण नराम्रो हुँदा नियमित औषधि सेवन नगर्ने र लुकेर बस्ने गरेको एचआईभी एड्सको क्षेत्रमा काम गर्नेहरूले बताएका छन्। पश्चिम क्षेत्रमा बढी संक्रमित रहेको पाइएको छ। यस क्षेत्रबाट रोजगारीका सिलसिलामा भारत जाने र त्यहाँबाट फर्किंदा एचआईभी लिएर आउने गरेको बहुउद्देश्यीय विकास समाज बैतडीका कार्यक्रम संयोजक लोकेन्द्रप्रसाद पन्तले बताउनुभयो।

### संक्रमित बालबालिकाहरू समस्यामा

बैतडीमा एचआईभी संक्रमित बालबालिकाहरू समस्यामा परेका छन्। एचआईभी संक्रमित बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र पोषणमा पहुँच पुग्न नसकेको एचआईभीको क्षेत्रमा काम गरिरहेको संस्था बहुउद्देश्यीय विकास समाज डडेल्धुराका कार्यक्रम संयोजक लोकेन्द्र पन्तले जानकारी दिनुभयो। जिल्लामा हाल १९ जना एचआईभी संक्रमित बालबालिकाहरू सम्पर्कमा आएको उहाँले बताउनुभयो। एचआईभी संक्रमित बालबालिकामध्ये अधिकांशले अभिभावक गुमाइसकेकाले उनीहरूलाई झन् समस्या भएको छ। एचआईभी संक्रमित बालबालिकामध्ये कतिपयले आमा र बुवा दुईटै गुमाइसकेका छन् भने धेरैले आमा वा बुवामध्ये १ जना गुमाइसकेका छन्।

एचआईभी संक्रमित बालबालिकाहरूका लागि सरकारका तर्फबाट पनि त्यस्तो खालको कुनै कार्यक्रम नभएकाले उनीहरू शिक्षाबाट वञ्चित भइरहेका छन्। संक्रमित बालबालिकाहरूलाई अहिले बहुउद्देश्यीय विकास समाज डडेल्धुराले मासिक १ हजारका दरले छात्रवृत्ति र औषधिको व्यवस्था गर्दै आएको भए पनि १८ वर्ष माथिकालाई भने कुनै सहयोग नभएको पन्तले जानकारी दिनुभयो। एच आईभी संक्रमित बालबालिकाहरूलाई औषधि सँगसँगै पोषणको आवश्यकता पर्ने भएकाले उनीहरूमा कुपोषणको समस्या देखिएको उहाँले बताउनुभयो।

असुरक्षित यौनसम्पर्क, संक्रमित रगत, संक्रमित सुई सिरिन्ज तथा छाला छेड्ने औजार र संक्रमित आमाबाट बच्चामा सर्छ। एचआईभी संक्रमितका समस्या र अपनाउन सकिने उपायका बारेमा राज्यका निकाय मौन बसेकाले भेद्भाव कायमै रहेको छ।

कतिपय ठाउँमा एचआईभी संक्रमण भएकाहरूले औषधि सेवन गर्न नमानेकाले सचेतनाका कार्यक्रम अझै आवश्यक रहेको बताइएको छ।

## घर जल्दा १६ लाख बढीको क्षति

खोटाङ, (नेस)

खोटाङको हलेसी तुवाचुङ नगरपालिका-८ स्थित धितुङमा आगलागी हुँदा १६ लाख बढीको क्षति भएको छ। बिहीबार अपरान्ह ४ बजे भएको आगलागीबाट सोही ठाउँ बस्ने मित्रमान राईको खरको छाना भएको ३ तले घर र घरभित्र रहेको सम्पूर्ण सामान जलेर नष्ट हुँदा १६ लाख ४८ हजार मूल्यबराबरको सम्पत्ति नष्ट भएको हो। घरमा कोही नभएको अवस्थामा भएको आगलागीबाट राईको १ तले मतान तथा १४ वटा चौपायासमेत जलेर नष्ट भएको प्रहरीले जनाएको छ। उक्त आगलागी प्रहरी र स्थानीय मानिसहरूको सहयोगमा पूर्णरुपमा नियन्त्रणमा आएको प्रहरी चौकी धितुङले जानकारी दिएको हो।

# राजमार्गको वन क्षेत्रमा सरसफाइ

नेपाल समाचारपत्र

बारा

जितपुर सिमरा उपमहानगरपालिका र जिल्ला वन कार्यलय बाराले शुक्रबार राजमार्गको दायाँबायाँ पर्ने वन क्षेत्रमा सरसफाइ गरेको छ। महानगरपालिकाको उत्तरी सिमामा रहेको चुरियामाई मन्दिरबाट दक्षिणको त्रिभुवन राजपथ र पथलैयापूर्व पूर्वपश्चिम राजमार्गको १६ किलोसम्मको करिब २० किलोमिटरको वन क्षेत्रमा सरसफाइ गरिएको हो। राजमार्गमा पर्ने अमलेखगञ्ज र पथलैया बजारबाहेक वन क्षेत्रमा मात्र सरसफाइ गरिएको हो।

जिल्ला वन कार्यालय सिमराका प्रमुख भैरवप्रसाद घिमिरेले राजमार्गमा चल्ने साधन र सवारीका यात्रुले फ्याँकेका फोहरले प्रदूषण बढेर वन्यजन्तु र बिरुवामा असर परेपछि सरसफाइ गर्न परेको बताए। उनले वन क्षेत्रमा पर्ने राजमार्गको दुबैतर्फ रहेका फोहोर संकलन र व्यवस्थापन गरिएको जानकारी दिए। वन र पर्यावरण संरक्षणका लागि थालिएको अभियान जिल्लाका अन्य वन क्षेत्रमा पर्ने राजमार्गमा पनि शुरु गरिने जानकारी दिए। 'जथाभावी फ्याँकिएका फोहोरले दुर्गन्ध बढाएको छ, उनले भने- 'सरसफाइले राजमार्गको सुन्दरता अभिवृद्धिसँगै वन संरक्षणमा पनि सहयोग गर्नेछ।' कार्यक्रममा प्रमुख जिल्ला अधिकारी विजयनारायण मानन्धर, जितपुरसिमरा उपमहानगरपालिका नगरप्रमुख डा. कृष्ण पौडेल, उपप्रमुख सरस्वती चौधरी, प्रहरी उपरिक्षक राजकुमार बैदवार, सशस्त्र प्रहरी उपरिक्षक बिनुप्रसाद पाठक जिल्ला वन कार्यलय बाराका प्रमुख भैरव घिमिरे, जितपुरसिमरा उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत रामकृष्ण उप्रेती, उपमहानगरको फोहोर व्यवस्थापन समिति संयोजक ईश्वर खत्री, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, पर्सा राष्ट्रिय निकुञ्जका कर्मचारीलगायत सयौं सहभागी थिए।

सरसफाइमा स्थानीय जनप्रतिनिधि, समाजसेवी, कर्मचारी र सुरक्षाकर्मीको समेत सहभागिता रहेको थियो।

## मनाङमा वार्षिक परीक्षा सकियो

मनाङ, (नेस)

अत्यधिक चिसोका कारण मनाङका विद्यालयहरू मंसिरको अन्तिम साताबाट वार्षिक परीक्षा सकि जाडो बिदा गरिएको छ। वर्षौंपिच्छे मंसिरको अन्तिम साताबाट विद्यालयहरूमा पुरानो शैक्षिक सत्र सकिन्छ।

जाडोको सिजनमा मनाङबासीहरू जाडो छल्न अन्यत्र जाने भएकाले विद्यालयमा विद्यार्थीहरू नआउने बताउँछन्। अन्नपूर्ण माविका प्रअ आनन्दराज घिमिरे। यस्तै मनाङ जिल्लामा रहेका २८ विद्यालयमा अहिले वार्षिक परीक्षा सकिएको छ।

मनाङबासीहरू जाडो छल्नका लागि नेपालका काठमाडौं, पोखरा, चितवनलगायत भारतको बुद्धगया जाने गर्दछन्। गाउँघरको सबै कामकाज सकेर व्यापारिक पर्योजनका लागि धुपी, जिम्मु, पाँचऔंलेलगायतका जडीबुटी लिएर जाने गर्दछन्। मंसिरको अन्तिम साताबाट मनाङ सुनसान हुने भएकाले मनाङका विद्यालयहरू वर्षौंपिच्छे जाडोको सिजनमा ३ महिना बन्द हुने गर्दछन्।

भावपूर्ण श्रद्धाञ्जली



जन्म:
१९९८/११/१०

स्वर्गारोहण
२०७४/८/१९

स्व. भद्र माया कार्की

यस सम्पूर्ण ग्रील बचत तथा ऋण सहकारी संस्था लि. का तिलक कार्कीका ममतामयी माता भद्रमाया कार्कीको असामयिक स्वर्गारोहण भएको १२औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस शोक सन्तप्त परिवारजनमा भावपूर्ण समवेदना प्रकट गर्दछौं।

सम्पूर्ण ग्रील साकोस परिवार
टुटेपानी-१४, ललितपुर

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन, नेपाल (प्याब्सन)
जिल्ला कार्यसमिति, काठमाडौं
सूचना !

यही २०७४ को कक्षा ८ र ९ को दोस्रो त्रैमासिक परीक्षा यही पौष १६ गते आइतवार देखि सञ्चालन हुन गइरहेको छ। परीक्षा तालिका निम्नानुसार रहेको जानकारी गराइन्छ।

Examination Schedule 2074 Class 8 & 9

| Date | Day | Subject | |
|---|---|---|---|
| | | 8 | 9 |
| 2074-09-16 | Sunday | English | English |
| 2074-09-17 | Monday | Nepali | Nepali |
| 2074-09-18 | Tuesday | C.Maths | C.Maths |
| 2074-09-19 | Wednesday | Science | Science |
| 2074-09-20 | Thursday | Social Study | Social Std. |
| 2074-09-21 | Friday | HPE & Moral Sci. | HPE |
| 2074-09-23 | Sunday | O.Maths | O.Maths |
| 2074-09-24 | Monday | OBTE & Com | Com/AC |

सम्पर्क फोन: ०१–४३८११७८, ०१-४३५४३११, नोटिस बोड नं. १६१८०१४३८११७८

परीक्षा समय १) विहान ०७:०० बजेदेखि १०:०० बजेसम्म,
२) विहान १०:०० बजेदेखि ०१:०० बजेसम्म

यी दुवै सिफ्टका लागि फरक फरक सेटको प्रश्नपत्रहरू हुनेछन्।

- त्रैमासिक परीक्षाको लागि प्रश्नपत्र मात्रै पनि वितरण गर्नेछ।
- सहभागि हुन चाहने विद्यालयहरूले विद्यार्थीहरूको कुल संख्या, ऐच्छिक प्रथम र ऐच्छिक द्वितीय र परीक्षाको समय समेत स्पष्ट पारी यहि पौष ९ गतेभित्र प्याब्सन जिल्ला कार्यलयमा बुझाइदिनुहुन हार्दिक अनुरोध गरिन्छ।
- प्रयोगात्मक परीक्षाहरू सम्बन्धित विद्यालय आफैंले सञ्चालन गर्नुहुन जानकारी गराइन्छ।
- प्रवेशपत्र २०७४ पौष २ गते सोमबारदेखि प्याब्सन जिल्ला कार्यालयबाट वितरण गरिनेछ।
- प्रश्नपत्र तथा उत्तर पुस्तिका २०७४ पौष १४ गते शनिबार १२:०० बजेदेखि वितरण गरिनेछ।
- परीक्षाको शुल्क एकमुष्ठ रकम एभरेष्ट बैंकको खाता नं. ०२०००१०५२००२०३ मा जम्मा गरिदिनु हुन हार्दिक अनुरोध गरिन्छ।

सम्पूर्ण प्याब्सन सदस्य विद्यालयहरूलाई सदस्यता नवीकरण गरिदिनु हुन सादर अनुरोध गर्दछौं।

हार्दिक श्रद्धाञ्जली



जन्म :
१९९२/०२/१२

स्वर्गारोहण :
२०७४/०८/१८

स्व : चन्द्रबहादुर श्रेष्ठ

यस बृहत बहुउद्देश्यीय सहकारी संस्थाका सचिव श्री महेश श्रेष्ठ ज्युका पूजनीय पिता श्री **चन्द्रबहादुर श्रेष्ठ**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

बृहत
बहुउद्देश्यीय सहकारी संस्था लि.
काठमाडौं, नेपाल
फोन नं.: ०१-४२२२०५४

# विश्व

## शुभकामना

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र प्रथम महिला मेलानिया ट्रम्प क्रिसमसको औपचारिक शुरुआत गर्दै पोस्ट गरेको आफ्नो पहिलो तस्वीर। क्रिसमसको शुभकामना दिँदै उक्त तस्वीर मेलानियाले पोस्ट गरेकी हुन्।



## चेताबनी

चीनको बोहाइ सागरमा सैन्य अभ्यासका क्रममा एक विमानवाहक युद्धपोतमा लडाकू विमानमा चढ्दै एक चिनियाँ पाइलट। ताइवानमा सैन्य वेडा पठाउन सक्ने एक कानुनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हस्ताक्षर गरेकोमा चीनले आक्रोश व्यक्त गर्दै उक्त टापुलाई कब्जा गर्ने बताएको छ।



2017, DEC
Saturday
16

## विश्व २ मिनेट

### अमेरिका

#### एआईले ग्रह पत्ता लगाए

लस एन्जलस, (एजेन्सी)

गुगल र नासाले सिक्ने क्षमतायुक्त यन्त्रको सहयोगबाट सौर्य प्रणाली केप्लर -९०मा एउटा नयाँ ग्रह पत्ता लगाएको घोषणा गरेको छ। केप्लर डाटालाई न्युरल नेटवर्किङमा प्रयोग गरी वैज्ञानिकहरुले केप्लर-९० सौर्य प्रणालीको ८औं ग्रह फेला पारेका हुन्। यसको केप्लर-९० प्रणालीमा अन्य ज्ञात प्रणालीमा प्रायः ग्रहको जस्तो सम्बन्ध रहेको जनाएको छ। केप्लर-९० आई गुगलको न्युरल नेटवर्कबाट पहिचान गरेको नयाँ ग्रह हो। गुगलको उक्त आर्टिफिसियल इन्टेलिजेन्स प्रविधिको प्रयोगबाट केप्लर-८० जी पनि फेला पारेको र उक्त ग्रह उसको प्रणालीमा सबैभन्दा सानो ग्रह भएको जनाइएको छ।

### चीन

#### शरणार्थी शिविर निर्माण

बेइजिङ, (एजेन्सी)

चीनले उत्तर कोरियासँगको ८ सय ८० माइल लामो सीमाक्षेत्रमा शरणार्थी शिविरको सञ्जाल निर्माण थालेको छ। उत्तर कोरियाली शासक किम जोङ उनको सत्ता गिरेको अवस्थामा आउन सक्ने शरणार्थी समस्याका लागि उक्त तयारी भइरहेको बताइएको छ। कोरियाली प्रायद्विपमा आउन सक्ने संकटमा हजारौं संख्यामा पलायन हुने अनुमान गरिएका आप्रवासीका लागि आश्रयस्थलका रुपमा ती शिविरहरु निर्माण भइरहेको सरकारी टेलिकमको चिनियाँ सामाजिक सञ्जाल वेइबोमा भाइरल भएको हो। उक्त विषयमा द फाइनान्सियल टाइम्सले समाचार प्रकाशित गरेको थियो।

### इजिप्ट

#### प्राचीन शव प्राप्त

कायरो, (एजेन्सी)

इजिप्टको आस्वान शहरनजिक हालै फेला परेका केही प्राचीनतम पुरातात्विक वस्तुमध्ये तीन हजार वर्षभन्दा पुराना बालकका चारवटा सग्लो शव पनि रहेको सरकारी अधिकारीहरुले बताएका छन्। पुरातत्त्व मन्त्रालयका अध्यक्ष डा. आयमान अस्मावीले स्विडेनी र इजिप्सियाली टोलीले पत्ता लगाएको सो चिहानमा ती शवलाई ममी बनाउन प्रयोग गरिएको कपडा पनि दुरुस्त अवस्थामा रहेको बताएका छन्। यसैगरी उत्खननको क्रममा इजिप्सियाली र अस्ट्रियन टोलीले सो चिहानको केही भाग पत्तालगाउन विशेष योगदान दिएको थियो। अर्को स्विस टोलीले भने एक महिलाको प्राचीन मुर्ति पत्ता लगाएको छ।

### पेरू

#### राजीनामा दिन अस्वीकार

लिमा, (एजेन्सी)

पेरूका राष्ट्रपति पेद्रो पाब्लो कुस्जिन्स्कीले आफूविरुद्ध भ्रष्टाचारको आरोपको बढ्दो दबाबको बाबजुद पनि पदबाट राजीनामा नदिने बताएका छन्। उनीविरुद्धको भ्रष्टाचरको अभियोगमा ब्राजिलियन निर्माण कम्पनी ओडेब्रेष्टको पनि संलग्नता रहेको बताइएको छ। बिहीबार राति टेलिभिजनमार्फत सम्बोधन गर्ने क्रममा आफ्नो मन्त्रीमण्डलको सदस्यहरुले आरोप लगाए जसरी आफूले कुनै नराम्रो काम नगरेको बताएका थिए। तर विवादास्पद ओडेब्रेष्टले पहिलो सरकारको पालामा आफूले पाब्लोलाई परामर्श शुल्कबापत ५० लाख अमेरिकी डलर दिएको बताएको छ। विपक्षी नेताहरुले उनलाई राजीनामा लागि दबाब दिएका हुन्।

## चेंगिज खानको तस्वीरमा अपमान



बेइजिङ, (एजेन्सी)

एकजना चिनियाँ पुरुषलाई मंगोल सम्राट चेंगिज खानको तस्वीरमा कुल्चेर जातीय घृणा फैलाएको अभियोगमा शुक्रबार चीनको एक अदालतले एक वर्ष लामो कारवास सजाय सुनाएको छ। चीनको इन्नर मंगोलिया क्षेत्रको एक अदालतले लुओ नामक ती व्यक्तिले गत मे महिनामा तस्वीरमा कुल्चिँदै गरेको दृश्यको फिल्म पनि खिचेको जनाएको छ।

ती १९ वर्षीय किशोरले सो क्लिप अनलाइनमार्फत प्रसारण गरेपछि जन आक्रोश फैलिएको थियो। मंगोल जनजातिमाझ चेंगिज खान निकै सम्मानित व्यक्तित्व हुन्। चिनियाँ सरकारी समाचार निकाय सिन्हवाले इन्नर मंगोलियाको स्वायत्त क्षेत्रस्थित ओर्डोस शहरको अदालतले उनलाई जातीय घृणा र भेदभाव फैलाएको अभियोगमा दोषी ठहराएको जनाएको छ।

लुओले आफूले बनाएको फिल्म लोकप्रिय भिडियो प्लेटफर्म कुआइसोउ र विच्याट मेसेजिङ एपमार्फत आफ्ना थुप्रै साथीहरुलाई सेयर गरेको बताइएको छ। उक्त घटनाको विरुद्ध थुप्रै व्यक्तिले प्रहरीमा उजुरी गरेका थिए। स्थानीय प्रशासनले सो फिल्म अनलाइबाट हटाइसकेको छ।

अदालतमा सुनुवाइको क्रममा लुओले आफ्नो कारण जनभावनामा चोट पुगेको भन्दै क्षमायाचना गरेका थिए। नौ वर्षको उमेरमा टुहुरो बनेका चेंगिज खान सन् १२०६ मा निर्विवाद मंगोल नेता बनेका थिए। १३औं शताब्दीमा उनी उत्तर-पूर्वी एसियामा विशाल साम्राज्य खडा गर्न लागिपरेका थिए।

# इरानमाथि लडाकूलाई क्षेप्यास्त्र दिएको आरोप

वासिङ्टन, (एजेन्सी)

संयुक्त राष्ट्र संघका लागि अमेरिकी स्थायी प्रतिनिधि निक्की ह्यालीले इरानले यमनका लडाकू समूह हौथी मुभमेन्टलाई साउदी अरेबियाविरुद्ध आक्रमण गर्न क्षेप्यास्त्रहरु उपलब्ध गराउँदै आएको आरोप शुक्रबार लगाएकी छिन्।

उनले गत महिना साउदी अरेबियाको राजधानी रियादनजिक प्रहार गरिएको क्षेप्यास्त्रको भग्नावशेषहरु पत्रकारहरुलाई देखाएकी छन्। उनले उक्त अवशेषमा 'इरानमा निर्मित' स्टिकरसमेत भएको र इरानले संयुक्त राष्ट्र संघको प्रस्तावनाको उल्लंघन गरेको बताएकी छिन्।

तर इरानले भने सन् २०१५ देखि नै साउदी नेतृत्वमा रहेको गठबन्धन फौज समर्थित यमनको सरकारविरुद्ध युद्ध गर्दै आएको हौथी मुभमेन्टलाई कुनै हतियार नदिएको बताएको छ। बरु इरानले अमेरिकाको यो दाबी विनाशकारी, गैरजिम्मेवारी र निहुँ खोज्ने खालको भएको बताएको छ।

ह्यालीले ती क्षेप्यास्त्र सयौं व्यक्तिको ज्यान लिनसक्ने निकै शक्तिशाली भएको दाबी गरेकी छिन्। उनले इरानी सरकाको व्यवहार झनझनै खराब हुँदै गइरहेको पनि बताएकी छिन्। संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेर्रेजले रियादमा प्रहार गरिएको र गत जुलाईमा मक्कानजिक खसेको क्षेप्यास्त्रको भगनावशेष एउटै भएको दाबी गरेका छन्।



## भान्जी मार्नेलाई ४६ वर्ष कैद



सिडनी, (एजेन्सी)

आफ्नी २५ वर्षीया चिनियाँ भान्जीलाई यातना दिँदै हत्या गरेको आरोपमा एकजना अस्ट्रेलियाली पुरुषलाई शुक्रबार ४६ वर्ष लामो कारवास सजाय सुनाइएको छ। डेरेक ब्यार्रेट नामक ती व्यक्तिले मेंग्मेइ लेंग नामक ती युवतीलाई नाङ्गै डोरीले बाँधेर तस्वीरहरु खिचिसकेपछि छुरा प्रहार गरी हत्या गरेको जनाइएको छ।

न्यायाधीशले यस अपराध अरूलाई पीडा दिएर रमाइलो मान्ने खालको देखिएको बताएका छन्। ती २९ वर्षीय नाम नखुलाइएका पुरुषले नशाको सुरमा हत्या गरेकाले आफ्नो कार्यको राम्रो सम्झना नभएको न्यायाधीशसमक्ष बयान दिएका थिए।

उनलाई सन् २०१६ को अप्रिलमा सो अपराध गरेको अभियोग लगाइएको हो। अस्ट्रेलियाली टेलिभिजन एबीसीले अदालती सूत्रलाई उद्धृत गर्दै अपराध निकै भयावह र हिंस्रक भएको जनाएको छ। वकिलहरुले ती व्यक्तिको पीडितमाथि यौन दुराशय रहेको दाबी गरेका छन्।

गत वर्षको २४ अप्रिलमा उनले न्यु साउथ वेल्सको स्न्यापर प्वाइन्टको जलीय क्षेत्रमा लाश फ्याँकेका थिए। युनिभर्सिटीमा अध्ययनरत लेंग सिडनीमा आफ्नी माइजु र मामा ब्यार्रेटसँग बस्दै आएकी थिइन्।

# डिज्नीले मर्डक साम्राज्यको सम्पत्ति किन्ने



लस एन्जलस, (एजेन्सी)

वाल्ट डिज्नी मिडिया मुगल रुपर्ट मर्डकको कम्पनी ट्वान्टीफर्स्ट सेन्चुरी फोक्स इन्टरटेनमेन्टको सम्पत्ति ५२ अर्ब ४० करोड डलरमा किन्न सहमत भएको छ। डिज्नीले उक्त खरिदको घोषणा गर्दै उसले फोक्सको ३९ प्रतिशत हिस्सा किन्ने जनाएको छ।

यो लेनदेनपछि मर्डकद्वारा खडा गरिएको सञ्चार घरानाको दायरा सीमित हुनेछ। अब मर्डकसँग फोक्स ब्रोडकास्ट, फोक्स न्युज च्यानल र खेल च्यानलको मात्र कारोबार हुनेछ।

फोक्स न्युज च्यानल र खेल च्यानललाई मिलाएर नयाँ कम्पनी बनाइनेछ। यो व्यापारिक कारोबारसँगै विगत ५० वर्षदेखि सञ्चारक्षेत्रमा एकछत्र छाएका ८६ वर्षीय रुपर्ट मर्डकको सञ्चार साम्राज्य विस्तार रोकिनेछ।

मर्डकले २१ वर्षको उमेरमा अस्ट्रेलियाको एक अखबार आफ्नो पिताबाट प्राप्त गरेका थिए। त्यसपछि उनले प्रगतिको सिंढी चढ्दै न्युज र फिल्मी कारोबारको जगतमा सबैभन्दा विशाल साम्राज्य खडा गरेका थिए।

मर्डकले सञ्चारको प्रसार अनलाइन विज्ञापनतर्फ तीव्र रूपमा बढिरहेको र प्रतिद्वन्द्वी कम्पनीहरु इन्टरनेटको माध्यमबाट मनोरञ्जन मानिसको घरघरमा पुर्‍याइरहेकाले सञ्चार उद्योगमा यो कारोबार महत्त्वपूर्ण भएको बताएका छन्।

बिहीबार मर्डकले भने- 'आजको यस घोषणाले हामीले हाम्रो यात्रामा अर्को मोडतर्फ कदम बढाएका छौं।'

# ९३ वर्षीया वृद्धालाई हथ्कडी लगाई जेल चलान

ओर्लान्डो, (एजेन्सी)

स्याहार ग्रहमा पैसा नतिरीकन बस्न खोजेकामा ९३ वर्षीय एक वृद्धालाई हथ्कडी लगाई जेल चलान गरिएको छ। फ्लोरिडाको लेक काउन्टीकी युआनिता फित्जेराल्डलाई मंगलबार पक्राउ गरिएको हो। नेसनल चर्च रेसिडेन्सेस फ्रान्कलिन हाउसको हाउसिङ समुदायले आफूमाथि अपार्टमेन्टमा ढुसी फैलाएको आरोप लगाउँदै त्यहाँबाट निकाल्ने निर्णय गरेको बताएका थिए। प्रहरीले उनलाई उक्त अपार्टमेन्ट छोड्न सूचना दिएको तर उनले अर्को दिन भवन छोड्न अस्वीकार गरेको फ्लोरिडा टिभी डब्ल्यूकेएमजीले जनाएको छ। उनले प्रहरी अधिकृतहरुलाई 'तिमीहरुले मलाई यहाँबाट बोकेर नलगेसम्म म कहीँ जाँदिनँ' भनेकी थिइन्।

लेक काउन्टिका सुरक्षा प्रवक्ताले एक सहायकले फित्जेराल्डलाई उनको परिवारका सदस्य र अन्य हाउसिङ कम्पनीसँग सम्पर्क गराउन प्रयास गरेका थिए। तर उनले त्यसलाई अस्वीकार गरेकी थिइन्। उनले त्यहाँ काम गर्ने एक नर्ससँग बस्नका लागि दिएको प्रस्ताव पनि नमानेको बताइएको छ।

अधिकारीहरुले उनलाई भवनबाहिर लग्न खोज्दा उनी जानीजानी मेचबाट भुइँमा लडेकी थिइन्। उक्त आश्रयस्थलबाट निकाल्न अन्ततः अधिकारीहरुले उनलाई हथ्कडी लगाएका थिए । तर त्यहाँबाट गाडीमा लग्ने क्रममा उनका हथ्कडी खोलिएको थियो।

बिहीबार एक न्यायाधीशले एक सुसारे जिम्मा दिएपछि फित्जेराल्डले शुक्रबार आफ्नो ९४ वर्षको जन्मदिन जेलमा मनाएकी छिन्।



## सडक दुर्घटनामा चार बालबालिकाको मृत्यु



पेरिस, (एजेन्सी)

दक्षिणी फ्रान्सको पेर्पिग्नाननजिक एउटा ट्रेन अर्को बससँग ठोकिँदा कम्तीमा चारजना बालबालिका मारिएको आन्तरिक मामिला मन्त्रालयले जनाएको छ। बिहीबार मिल्लास र सेन्ट फेलिउ डि अमाउनटबीच घटेको सो घटनामा अन्य १९ जना घाइते भएको र तीमध्ये ७ जनाको अवस्था चिन्ताजनक रहेको स्थानीय सञ्चारमाध्यमले जनाएको छ।

उक्त स्कुल बसमा ११ देखि १५ वर्ष उमेरका बालबालिका रहेको बताइएको छ। स्थानीय एक अधिकारीले दुर्घटनालगत्तै आपत्कालीन उद्धार सेवा उपलब्ध गराइएको बताएका छन्।

यातायात मन्त्री एलिजावेथ बोर्ने राजधानी पेरिसदेखि करिब ८ सय ५० किमि दक्षिणमा पर्ने घटनास्थल पुगेकी छिन्। घटनाका बेला उक्त ट्रेनमा सवार बारबारा नामक एक प्रत्यक्षदर्शी महिलाले दुर्घटना अत्यन्तै भयानक रहेको तथा ट्रेन लिकबाट उछिट्टिएको हुनुपर्ने बताएकी छिन्। राम्रो सवारी साधन र ट्राफिक नियमहरुको कडा ढंगले पालना गरिने विकसित युरोपेली मुलुक फ्रान्समा सडक दुर्घटना कमै मात्रामा हुने गर्दछ।

नयाँ संविधानअनुसारको स्थायी सरकार निर्माणका लागि निर्वाचन सकिएकाले स्थिर र भरपर्दो सरकार बनाउन राजनीतिक दलहरूले पहल गर्नुपर्ने शर्माले बताउनुभयो। 'उर्जालाई भरपर्दो आधार बनाउँदै यातायातको व्यवस्थालाई सक्षम बनाइ आर्थिक रुपमा सबलीकरण गराउन प्रविधिको हस्तान्तरण र जानकारी समयमै हुनुपर्छ', उहाँले भन्नुभयो- 'परनिर्भरताबाट आत्मनिर्भरतातिर मुलुकलाई लैजान उपयुक्त प्रविधि र अनुसन्धान आवश्यक छ।'

# महानगर दिवस सम्पन्न




**नेपाल समाचारपत्र**

काठमाडौं

काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले नागरिक सहभागिताले दिगो विकास र सुविधा वितरण न्याय हुने भएकाले महानगरको समृद्धिमा महानगरबासीले अपनत्व बोध गर्न आग्रह गर्नुभएको छ। महानगर दिवसका अवसरमा शुक्रबार आयोजित कार्यक्रममा बोल्दै उहाँले काठमाडौं महानगरसँगै उपत्यकाको जीवन्तताका लागि आफूले नेतृत्व गर्ने बताउनुभयो।

महानगरकी उपप्रमुख हरिप्रभा खड्गी श्रेष्ठले साझा समस्या मिलेर समाधान गर्न सके दिगो हुने धारणा राख्नुभयो। रचनात्मक काम र साझा मत निर्माण, महानगरको समृद्धिका आधार रहेको उहाँको धारणा थियो।

कार्यक्रममा बोल्दै महानगरका प्रमुख प्रशासकीय अधिकृत धनिराम शर्माले साविकका स्थानीय निकाय अब सरकार भएको बताउनुभयो। कार्यक्रममा मेयर शाक्यले हिमालय बैंक लिमिटेडका महाप्रबन्धक सुशील जोशीलाई संस्थागततर्फ उत्कृष्ट करदाता सम्मान प्रदान गर्नुभयो। समारोहमा वर्षको उत्कृष्ट करदातामा संस्थागततर्फ हिमालय बैंक र व्यक्तिगततर्फ वडा नं २ की सुशीलादेवी बस्नेतलाई सम्मानित गरियो।

त्यस्तै विद्युतीय नक्सा पास प्रणालीमा ५ जना डिजाइनरहरूलाई इलेक्ट्रोनिक बिल्डिङ परमिट सिस्टम( एवीपीएस) को डिजिटल साँचो हस्तान्तरण गरियो। यसरी साँचो पाउनेहरूमा क्रिएटिभ डिजाइन आर्किटेक्ट लिमिटेड, केज कन्सल्ट, सस्टेनेबल स्ट्रक्चर, एटिक कन्सल्टिङ सर्भिस र सापकोटा एन्ड सन्स रहेका छन्।

सोही अवसरमा महानगरमा २० वर्षभन्दा बढी सेवा गर्ने ५ जना कर्मचारीलाई दीर्घसेवा पदक प्रदान गरियो। यसरी पदक पाउनेहरूमा अम्बिका खड्का, सुनमाया पौडेल, जयन्ती श्रेष्ठ, रामलाल देउला र नरबहादुर साउद हुनुहुन्छ। दिवसको अवसरमा बसन्तपुरबाट झाँकीसहित प्रभातफेरि आयोजना गरिएको थियो।

# एमालेलाई राप्रपाको बधाई

काठमाडौं, (नेस)

राष्ट्रिय प्रजातन्त्र पार्टीले हालै सम्पन्न निर्वाचनबाट देशको सबैभन्दा ठूलो पार्टी भएकोमा नेकपा एमालेलाई बधाई दिएको छ। राप्रपा अध्यक्ष कमल थापाले शुक्रबार एक विज्ञप्ती जारी गरी राप्रपाको तर्फबाट एमालेलाई बधाई दिनुका साथै केही अपवादका बाबजुद शान्तिपूर्ण, निष्पक्ष र स्वतन्त्र रूपमा निर्वाचन सम्पन्न गर्न सफल भएकोमा प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारलाई पनि धन्यबाद दिएको छ।

अध्यक्ष थापाले राष्ट्रिय प्रजातन्त्र पार्टीका निमित्त हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको परिणाम अकल्पनीय एवं अत्यन्त निरशाजनक रहेको भन्दै निर्वाचन परिणाम पार्टीको निमित्त प्रतिकूल रहे तापनि जनताको उक्त मतादेशलाई प्रजातान्त्रिक आदर्शअनुरूप राष्ट्रिय प्रजातन्त्र पार्टी हार्दिकताका साथ शिरोधार्य गर्ने पनि बताउनुभएको छ।

निर्वाचनमा पराजयका विभिन्न कारणहरू छन् भन्दै अध्यक्ष थापाले त्यस बारेमा केन्द्रीय कार्यसमितिले बिस्तृत अध्ययन अनुसन्धान गर्ने बताउनुभएको छ। 'पार्टीको वैचारिक पक्ष एवं कार्यशैलीमा समेत पुनःसमीक्षा र सुधार गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ।' अध्यक्ष थापाले भन्नुभएको छ- पार्टी कार्यकताहरूको अथक प्रयासका बाबजुद निर्वाचनमा यस्तो निराशाजनक परिणाम आउनुमा पार्टी अध्यक्षको नाताले सम्पूर्ण नैतिक जिम्मेवारी मेरो हो।

निर्वाचनबाट सबैभन्दा ठूलो पार्टी बनेकोमा एमालेलाई बधाई दिँदै राप्रपाले निर्वाचनपश्चात अब शान्ति र स्थायित्व कायम भई समग्र आर्थिक विकास र समृद्धितर्फ देश उन्मुख हुनेछ भन्ने विश्वास रहेको पनि जनाएको छ।

# पत्रकारद्वारा बहिष्कार दीक्षान्त समारोह

**मोतीराम तिमल्सिना, काभ्रे**

काठमाडौं विश्वविद्यालयको तेईसौं दीक्षान्त समारोह शिक्षाविद् काठमाडौ विश्वविद्यालयकै संस्थापक उपकुलपति प्राडा. सुरेशराज शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ।

दीक्षान्त समारोहमा बोल्दै प्रमुख अतिथी शर्माले देशको विकासका लागि उर्जाको आधारलाई भरपर्दो बनाउनुपर्ने बताउनुभयो। नयाँ संविधानअनुसारको स्थायी सरकार निर्माणका लागि निर्वाचन सकिएकाले स्थिर र भरपर्दो सरकार बनाउन राजनीतिक दलहरूले पहल गर्नुपर्ने शर्माले बताउनुभयो। 'उर्जालाई भरपर्दो आधार बनाउँदै यातायातको व्यवस्थालाई सक्षम बनाइ आर्थिक रूपमा सबलीकरण गराउन प्रविधिको हस्तान्तरण र जानकारी समयमै हुनुपर्छ', उहाँले भन्नुभयो- 'परनिर्भरताबाट आत्मनिर्भरतातिर मुलुकलाई लैजान उपयुक्त प्रविधि र अनुसन्धान आवश्यक छ।'

सहकुलपति एवं शिक्षामन्त्री गोपालमान श्रेष्ठको सभापतित्वमा सम्पन्न कार्यक्रममा विश्वविद्यालयका उपकुलपति प्राडा. रामकण्ठ माकजुले देशभित्रका प्राज्ञिक समुदायहरूको सशक्तिकरण, विकासका कृयाकलापहरूमा प्राज्ञिक जगतको सहभागिता, नीति निर्माण गर्ने काममा बौद्धिक व्यक्तित्वहरूको संलग्नता आवश्यक रहेको बताउनुभयो। हिमाली क्षेत्रमा जलवायु परिवर्तन, जडीबुटी प्रशोधन, सौर्य उर्जा र पर्यटन प्रवर्द्धनजस्ता केन्द्र एवं प्रयोगशालाहरू स्थापना गर्न, पहाडी भेगमा गएर सामुदायिक विकास, जलविद्युत् विकास र वन विज्ञान आदिका संरचनाहरू तयार गर्न, तराईका फाँटहरूमा जातीय विविधता, कृषि अभ्यास र परम्परागत संगीत र विपत्ति न्यूनीकरणजस्ता विषयको अनुसन्धान गर्ने विश्वविद्यालयको सोच रहेको माकजुले बताउनुभयो।

दीक्षान्त समारोहमा स्कुल अफ साइन्सतर्फका विद्यावारिधी, स्नातकोत्तर तथा स्नातक उर्त्तीण विद्यार्थीहरू, स्कुल अफ म्यानेजमेन्टतर्फका व्यवस्थापन विषयमा स्नातकोत्तर तथा स्नातक उर्त्तीण, स्कुल अफ इन्जिनियरिङका विद्यावारिधी, स्नातकोत्तर तथा स्नातक उर्त्तीण, स्कुल अफ एजुकेसनका विद्याधारिधी, स्नातकोत्तर तथा स्नातक उपाधि, स्कुल अफ आर्टसका विद्याधारिधी, स्नातकोत्तर तथा स्नातक उर्त्तीण गर्ने विद्यार्थीहरू दिक्षित भएका थिए।

पत्रकारहरूद्वारा कार्यक्रम बहिष्कार

काठमाडौं विश्वविद्यालयले हरेक दीक्षान्त समारोहमा पत्रकारहरूलाई बोलाउने तर कार्यक्रममा समाचार संकलनका लागि बस्ने स्थान र तस्विर खिच्ने स्थानमा समेत अवरोध पुऱ्याउँदै आएको भन्दै अघिल्लो दीक्षान्त समारोहमा समेत पत्रकारहरूले गुनासो राखेका थिए। यो दीक्षान्त समारोहमा पनि सोहि व्यवहार देखिएपछि पत्रकारहरूले सम्बन्धित व्यवस्थापनको ध्यानाकर्षण गराएका थिए। तर पनि पत्रकारहरूको गुनासो सुनुवाइ नभएपछि पत्रकारहरूले कार्यक्रम बहिष्कार गर्ने निर्णय गर्दै कार्यक्रम स्थल छाडेर बहिष्कारको जानकारी रजिस्टार भोला थापालाई गराउँदै बाहिरिएका थिए। साही क्रममा पत्रकारहरूलाई अभद्र व्यवहार गरिएको थियो। अभद्र व्यवहारप्रति नेपाल पत्रकार महासंघले खेद व्यक्त गरेको छ।

# डा.लोहनीलाई नागरिक अभिनन्दन

खोटाङ, (नेस)




खोटाङको स्वास्थ्य सेवाका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको भन्दै डाक्टर गुणराज लोहनीलाई नागरिक अभिनन्दन गरिएको छ। २०५८ साल साउन ६ गतेदेखि २०६१ साल वैशाखसम्म जिल्ला स्वास्थ्य कार्यालय खोटाङको प्रमुखका रूपमा रही स्वास्थ्य क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको भन्दै डाक्टर लोहनीलाई शुक्रबार खोटाङका नागरिकले अभिनन्दन गरेको हो।

स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रमका सिलसिलामा पुःन खोटाङ आइपुगेका डा. लोहनीलाई जिल्लाबासीले छुट्टाछुट्टै २ अभिनन्दन गरेका हुन्। लोहनीलाई पुनः शुक्रबार साँझ जिल्लाबासीले दिक्तेलको त्रिवेणीचोकमा सडकमै कार्यक्रम गरेर अभिनन्दन गरेको हो। त्यसअघि स्वास्थ्य बीमा कार्यक्रमको पूर्वतयारीका विषयमा जानकारी दिन जिल्ला समन्वय समितिको सभाहलमा आयोजित कार्यक्रममा जिल्ला समन्वय समिति, रूपाकोट मझुवागढी नगरपालिका, जिल्ला प्रशासन कार्यालय र जिल्ला स्वास्थ्य कार्यालयले जिल्लाबासीका तर्फबाट अभिनन्दन गरिएको थियो।

गम्भीर प्रकृतिका बिरामीको उपचार र ज्यान बचाउनमा मरिहत्ते गरेर लागेकै बदलामा सडकमै कार्यक्रम गरेर उद्योग बाणिज्य संघ, रेडक्रस र गैससमहासंघले डा. लोहनीलाई नागरिक अभिनन्दन गरेको हो।

# मूर्तिसहितको गुफा भेटियो

बैतडी, (नेस)

बैतडीको सिगास गाउँपालिका गाँजरीमा देवीदेवताका मूर्तीसहितको एउटा नयाँ गुफा फेला परेको छ। सिगास गाउँपालिका १ पानीफुट्टाको धारमा स्थानीय उज्ज्वलराम विकले नयाँ घर बनाउन ढुंगा निकाल्ने बेला शुक्रबार उक्त गुफा फेला परेको गाँजरी प्रहरी चौकीका इन्चार्ज जनकबहादुर धामीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो 'त्यसमा अद्भूत कलात्मक दृश्यहरू ढुंगा कुदिएका पाइएको छ।'

सो ठाउँमा १० फिट जति लामो गुफा रहेको र गुफाभित्र विभिन्न देवीदेवताका मूर्ती भेटिएको समेत उहाँले बताउनुभयो। धेरै पहिला गुफा फेला परेको उक्त ठाउँमा राति बत्ती बलेको जस्तो देखिने तर दिउँसोको समयमा केही पनि नदेखिने गरेको बुढापाखाको भनाइ रहेको स्थानीय बासिन्दा गोकर्ण दयालले बताउनुभयो।

# लिबरल डेमोक्रेटिकको शून्य मत

नुवाकोट, (नेस)

नुवाकोटमा मंसिर १० गते सम्पन्न भएको निर्वाचनमा समानुपातिकतर्फ शून्य मत पाउने पार्टी पनि भेटिएको छ। समानुपातिकतर्फ प्रदेशसभामा लिबरल डेमोक्रेटिक पार्टीले शून्य मत प्राप्त गरेको हो। सामानुपातिकतर्फको मतको सबै विवरण आएसँगै यस्तो अनौठो नतिजा आएको जिल्ला निर्वाचन कार्यालय नुवाकोटले जनाएको छ।

नुवाकोटमा प्रदेशसभातर्फ ३१ र प्रतिनिधि सभातर्फ ४९ दल समानुपातिकतर्फ चुनावी मैदानमा भिडेका थिए। यसै गरी समानुपातिकतर्फ प्रतिनिधिसभामा ५० मत नकटाउने दलको संख्या ३२ रहेको छ।

नुवाकोटमा भएको निर्वाचनमा २१ दलले ५० मतसमेत कटाउन सकेका छैनन्। १ मत मात्र पाउने दलहरूमा आमूल परिवर्तन मसिह पार्टी, नेपाल जनता पार्टी, संघीय खम्बुवान पार्टी, नेपाल राष्ट्रिय पार्टीले १ मत मात्र पाएको जिल्ला निर्वाचन अधिकारी जनार्दन अधिकारीले जानकारी दिए।

समानुपातिकतर्फ प्रतिनिधिसभामा नुवाकोटबाट ३ मत मात्र पाउने दलहरूमा संघीय लिम्बूवान, नेपाल दलित पार्टी, नेपाल युथ किसान पार्टी रहेको निर्वाचन अधिकारी जनार्दन अधिकारीले बताए। नुवाकोटमा प्रत्यक्षभन्दा समानुपातिकतर्फको मत अत्याधिक बदर भएको छ।

# १७ जनाको जमानत जफत

ताप्लेजुङ, (नेस)

ताप्लेजुङमा प्रतिनिधि तथा प्रदेशसभामा उम्मेदवार रहेका २३ मध्ये १७ जनाको जनामत जफत भएको छ। विजयी र निकटतम् प्रतिद्वन्द्वीबाहेक सबै अरू सबैको जनामत जफत भएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

मुख्य निर्वाचन अधिकृत कृपासुर कार्कीले प्रतिनिधिसभामा २ तथा प्रदेशसभाको १'क' र १'ख' मा २-२ गरी जम्मा ६ जनाको मात्र जनामत जोगिएको जानकारी दिए। जमानत जोगाउने उम्मेदवारले निर्वाचनमा खसेको कुल सदर मतको कम्तिमा १० प्रतिशत मत ल्याउनुपर्छ।

एक स्थानको प्रतिनिधिसभामा ८ तथा प्रदेशसभाको १ 'क' मा ७ र १'ख' मा ८ गरी जम्मा २३ जना उम्मेदवार प्रतिस्पर्धामा थिए। प्रतिनिधिसभाका उम्मेदवारले उम्मेदवारी दर्ता शुल्कबापत जनही १० तथा प्रदेशसभाका उम्मेदवारले जनही ५ हजार रूपियाँ जमानत 'धरौटी' राख्नुपर्ने हुन्छ।

प्रतिनिधिसभामा कुल सदर मत ४९ हजार ३ सय ४५ को ५९.७४ प्रतिशत ल्याएर विजयी एमालेका योगेशकुमार भट्टराई र ३४.२२ प्रतिशत ल्याएर निकटतम् प्रतिद्वन्द्वी रहेका कांग्रेसका केशवप्रसाद दाहालको जमानत जोगिएको छ।

प्रतिनिधिसभामा उम्मेदवार रहेका मंगोल नेस्नल अर्गनाइजेसनका छबिन्द्र गुरुङ (०.०८), एकीकृत राप्रपा राष्ट्रवादीका डिल्लीराम विष्ट (०.४८), राष्ट्रिय जनमुक्तिका आइत मावो (०.६५), संघीय समाजवादी फोरमका धनकुमार साम्यू (०.८०) र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका विष्णुकुमार याक्सो (३.२२) प्रतिशत मात्र मत आएपछि जमानत जफत भएको छ।

प्रदेशसभा १ 'क' तर्फ कुल सदर मत २७ हजार ८ सय ८३ को ५५.२९ प्रतिशत ल्याएर विजयी एमालेका बलबहादुर साम्सोहाङ र ३९.३५ प्रतिशत ल्याएर निकटतम् प्रतिद्वन्द्वी रहेकी कांग्रेसकी लिलादेवी बोखिमबाहेक अरू सबैको जमानत जफत भएको छ।

# फरार अभियुक्त पक्राउ

काठमाडौं, (नेस)। मानव बेचबिखन तथा ओसारपसार कार्यमा संलग्न रहेको आरोपमा प्रहरीले १ जनालाई पक्राउ गरेको छ। प्रहरीले सिन्धुपाल्चोक बाह्रबिसे गाउँपालिका १ रिबार घर भई हाल ललितपुर सातदोबाटो बस्दै आएका ग्याल्जेन शेर्पालाई पक्राउ गरेको हो।

शेर्पालाई मानव बेचबिखन तथा ओसारपसार 'नियन्त्रण' ऐन २०६४ अनुसार अनुसन्धान शुरु भएको प्रहरीले जनाएको छ। महानगरीय अपराध महाशाखाका अनुसार शेर्पालाई कसुरको मात्रा हेरी बढीमा २० वर्षसम्म कैद र २ लाख रूपियाँसम्म जरिवाना हुनेछ।

## थ्रेसहोल्डले...

समानुपातिकतर्फ ८८ दलले निर्वाचनमा भाग लिएका थिए। प्रत्यक्षतर्फको सबै नतिजा आइसक्दा केबल ९ वटा दलले मात्र कम्तीमा एक सिट जितेका छन्। साथै १ जना स्वतन्त्र उम्मेदवारले पनि जितेका छन्।

यसअघि २०७० को संविधानसभा निर्वाचनमा थ्रेसहोल्ड नराख्दा साना ठूला गरी ३१ दलले व्यवस्थापिकामा प्रतिनिधित्व गरेका थिए। प्रदेशसभाको समानुपातिकतर्फ कम्तीमा डेढ प्रतिशत मत ल्याउने दलले मात्र प्रदेशसभामा उपस्थित हुन पाउनेछन्।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनको दफा ६० को व्यवस्थाअनुसार सबै निर्वाचन क्षेत्रबाट आयोगले विवरण प्राप्त गरिसकेपछि आयोगले दलले प्राप्त गरेको कुल सदर मत संख्याको अनुपातमा मतपरिणाम विभाजक सूत्रका आधारमा निर्वाचित हुने सांसद संख्या तय गर्ने आयोगले जनाएको छ।

दलहरूले प्राप्त गरेको कुल सदर मतलाई भाग गरी प्राप्त गर्ने सिट संख्या बाँडफाँड गर्दा कुनै सिटमा भागफल बराबर भएमा गोला हाली सिट बाँडफाँड छिनोफानो हुनेछ। मतपरिणाम विभाजक सूत्रअनुसार प्रत्येक दलका लागि खसेको मतलाई भाग गर्ने पद्धतिले निरन्तर भाग लगाइनेछ। यसअनुसार दलले प्राप्त गरेको मत परिणामलाई धेरै भाजक अंकले भाग गरिन्छ। उल्टो क्रमबाट १, ३, ५, ७, ९ जस्ता बिजोर अंकले भाग गरी सिट निर्धारण गरिन्छ।

सिट संख्या ठूलो भागफलबाट सानोलाई बाँडफाँड गर्दै तोकिएको सिट नसकिँदासम्म बाँडफाँड गरिनेछ। सिट बाँडफाँड गर्दा कुनै पनि दलले जतिसुकै मत प्राप्त गरेको भए पनि त्यस्तो दलले सूचीमा सूचीकृत गरेको उम्मेदवार संख्यामा सीमित रही सिटको बाँडफाँड हुन्छ।

## सर्वोच्चद्वारा...

अदालतका मुख्य रजिस्टार नहकुल सुवेदीले निवेदनलाई दरपिठ गरिदिनुभएको थियो। २०७२ भदौ ७ गते कैलालीको टीकापुरमा थारू आन्दोलन उत्कर्षमा पुगेको बेला डेढ वर्षीय नाबालकसहित ८ जना सुरक्षाकर्मीको सामूहिक हत्या भएको थियो।

## सरकार...

भेटमा नयाँ सरकार गठन, पार्टी एकता प्रकिया, राष्ट्रिय सभाको गठनलगायतको विषयमा दुई अध्यक्षबीच छलफल भएको प्रचण्डका प्रेस संयोजक मनहरि तिम्सिनाले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो,-'पार्टी एकता प्रक्रिया अगाडि बढाउन दुवै पार्टीले गृहकार्य गरेर निष्कर्षमा पुग्ने सहमति भएको छ।' भेटमा ओली र प्रचण्डले नयाँ सरकार गठन गर्नका लागि प्रधानमन्त्री शेरबहादुर देउवाले राजीनामा दिएर मार्गप्रशस्त गर्नुपर्ने बताएका छन्।

# मंगला गाउँपालिका साक्षर घोषणा

**प्रताप बानियाँ, म्याग्दी**

पश्चिम म्याग्दीको मंगला गाउँपालिका शुक्रबार एक समारोहबीच साक्षर गाउँपालिकाका रूपमा घोषणा भएको छ। गाउँपालिकाको ५ ओटै वडाका १५ देखि ६० वर्ष उमेर समूहका सबै निरक्षर व्यक्तिले अक्षर चिनेर पढ्न र लेख्न सक्ने भएपछि गाउँपालिकालाई साक्षर घोषणा गरिएको हो।

गाउँपालिकामा रहेका १५ वर्षदेखि ६० वर्ष उमेर समूहका ११ हजार ७०९ अर्थात् ९६ दशमलव ३५ प्रतिशत जनसङ्ख्या साक्षर भएपछि गाउँपालिकालाई साक्षर घोषणा गरिएको जिल्ला शिक्षा कार्यालय म्याग्दीले जनाएको छ। जिल्ला शिक्षा कार्यालयको संयोजन र मंगला गाउँपालिकाको आयोजनामा साक्षर घोषणा कार्यक्रम सम्पन्न गरिएको थियो। यसअघि गाउँपालिकालाई साक्षर घोषणा गर्ने अभियानमा शिक्षा कार्यालय, विद्यालय, सामुदायिक अध्ययन केन्द्र, साविकका गाविस कार्यालयले विभिन्न कार्यक्रमहरू सञ्चालन गरेका थिए।

मंगला शिक्षा क्याम्पसको प्राङ्गणमा आयोजित कार्यक्रमको उद्घाटन गर्दै जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख देवेन्द्रबहादुर केसीले आगामी दिनमा पनि साक्षर घोषणा अभियानलाई निरन्तरता दिनुपर्ने बताए। उनले गाउँपालिका अन्तर्गत विभिन्न वडामा रहेका निरक्षर समूहलाई पनि साक्षर घोषणा गरेर साक्षरता प्रतिशत बढाउनुपर्ने बताएका छन्। कार्यक्रमका प्रमुख अतिथिसमेत रहेका केसीले गाउँपालिका साक्षर भएको घोषणा एवं प्रतिबद्धता वाचन गरेका थिए।

सोही कार्यक्रममा जिल्ला शिक्षा अधिकारी रामकुमार श्रेष्ठले नेपाल सरकारको नीतिअनुसार साक्षर घोषणा कार्यक्रम अघि बढाइएको बताएका छन्। उनले हालसम्म जिल्लाका ४३ ओटा वडा साक्षर घोषणा भैसकेको हुँदा आगामी माघ ८ गते म्याग्दी जिल्लालाई नै साक्षर जिल्ला घोषणा गरिने जानकारी दिए।

१ नगरपालिका, ५ वटा गाउँपालिका र ४५ वटा वडा रहेको म्याग्दीमा हालसम्म ४३ वटा वडालाई साक्षर घोषणा गरिसकिएको छ। आगामी माघ ८ गते म्याग्दी जिल्लालाई नेपालको ३९औं साक्षर जिल्लाका रूपमा घोषणा गर्ने तयारीलाई समेत तिब्रता दिइएको छ। कुल ९६ दशमलव २७ प्रतिशत जनसङ्ख्या साक्षर भएको जिल्ला शिक्षा कार्यालयको तथ्यांक रहेको छ।

कार्यक्रममा मंगला स्रोतकेन्द्रका स्रोतव्यक्ति डेकबहादुर बानियाँले गाउँपालिकाको साक्षरता प्रगति विवरण प्रस्तुत गरेका थिए। कार्यक्रममा मंगला शिक्षा क्याम्पसका विद्यार्थीहरूले गीतसंगीत र नृत्य प्रस्तुत गरेका थिए। औपचारिक कार्यक्रम शुरु हुनुपूर्व कार्यक्रमका प्रमुख अतिथि, विशिष्ट अतिथि, जनप्रतिनिधि, शिक्षक, विद्यार्थीलगायत सहभागी र्‍यालीले बाबियाचौर बजारको परिक्रमा गरेको थियो।

# भीरबाट लडेर एकको मृत्यु

गुल्मी, (नेस)

गुल्मीमा भीरबाट लडेर १ जनाको मृत्यु भएको छ। धुर्कोट गाउँपालिका-६ का ६० वर्षीय गोपालबहादुर नेपालीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ।

नेपाली बिहीबार सोही गाउँपालिकाको जैसीथोक छोरीको घरबाट साँझ आफ्नो घर जान्छु भनि हिँडेका थिए। शुक्रबार घर नपुगेपछि परिवारले खोज्दै जाँदा घर नजिकैको भिरबाट करिब १ सय मिटर तल लडेर मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। प्रहरीले नेपालीको शब पोस्टमार्टमपछि परिवारलाई बुझाएको जनाएको छ।



# अर्थ

शेयर बजार समग्रमा आरोलो लागे पनि कारोबार रकम भने अघिल्लो साताको तुलनामा ६१ दशमलव ५४ प्रतिशत बढी रहेको छ।

नेपालको पहिलो अन्तर्राष्ट्रिय गुणस्तर प्रमाणित सिमेन्ट उद्योग
कम्प्युटराइज्ड प्रविधिबाट उत्पादित
नेपाल गुणस्तर प्रमाण - चिन्ह प्राप्त
अन्तर्राष्ट्रिय स्तरको नेपाली सिमेन्ट
तेज सिमेन्ट
... कण कणमा शक्ति भएको
ISO 9001:2000

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| बिर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 EARTHQUAKE RESISTANT REBAR NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

## ग्लोबल आइएमई बैंक लि.

शाखा कार्यालय, कान्तिपथको निक्षेपउपर हकदाबी सम्बन्धी **३५ दिने सूचना**

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **श्री सन्त बहादुर सार्की**को मिति २०७१/११/२२ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतककी श्रीमतीले यस बैंक शाखा कार्यालयमा मिति २०७२/१२/२८ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय, कान्तिपथमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियमअनुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## ग्लोबल आइएमई बैंक लि.

शाखा कार्यालय, महेन्द्रनगरको निक्षेपउपर हकदाबी सम्बन्धी **३५ दिने सूचना**

यस शाखा कार्यालयमा बचत खाता खोली कारोबार गर्दै आउनु भएका **श्री चन्द्रकान्त जोशी**को मिति २०७४/०३/०६ मा मृत्यु भएकोले खाताको रकम भुक्तानी पाउँ भनी मृतककी श्रीमती जानकी देवी जोशीले यस बैंकको शाखा कार्यालयमा मिति २०७४/०७/१९ मा निवेदन दिएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस बैंकको शाखा कार्यालय महेन्द्रनगरमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दाबी गर्न नआएमा बैंक नियम अनुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

### हेटौंडा शाखाको ३५ दिने सार्वजनिक सूचना

बाजेको नाम थाहा नभएको, बाबुको नाम थाहा नभएको, जीतलाल डंगोलको पत्नी जि. मकवानपूर, हेटौडा उ. म. न. पा. वडा नं. ९ बस्ने बर्ष ६९ की श्रीमति धनकुमारी डंगोलको नाममा यस बैंकको हेटौंडा शाखामा खाता नं. २१५७००८४०८१४५२४ को बचत खाता रहेकोमा खाताबाला श्रीमति धनकुमारी डंगोलको मिति २०७४/०५/१६ गतेमा स्वर्गवास भएको भनी नेपाल सरकार, संघिय मामिला तथा स्थानिय बिकास मन्त्रालय, स्थानिय पञ्जिकाधिकारीको कार्यालय, हेटौंडा उपमहानगरपालिका वडा नं. ९, मकवानपूरको मिति २०७४/०६/०६ गतेको मृत्युदर्ता प्रमाण पत्र लगायतका कागजातहरु पेश गरी स्व. धनकुमारी डंगोलको छोरा मोहन डंगोलले उक्त रकमको भुक्तानी पाउं भनि निवेदन गर्नआउनु भएकोले सर्वसाधारणलाई यो सूचना प्रकाशित गरिएको छ । निवेदकको निवेदन बमोजिम यस बैंकको उक्त खातामा रहेको उक्त रकमको भुक्तानी निज निवेदकले भने बमोजिम दिन नपर्ने कुनै कारण भए वा अन्य कसैको हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन म्यादभित्र यस बैंक अफ काठमाण्डू लिमिटेडको हेटौंडा शाखामा आफ्नो लिखित प्रमाण कागजहरु सहित दावी गर्न आउनुहुन अनुरोध गरिएकोछ । लेखिए बमोजिमको म्यादभित्र कोही कसैको दावी पर्न नआएमा बैंकको नियमानुसार भएर जाने र सोकोलागी बैंक जिम्मेवार नहुने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ पुस १, डिसेम्बर १६, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०२।१७ | १०२।७७ |
| युरो १ को रू. | १२०।५८ | १२१।२९ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १३७।०५ | १३७।८६ |
| स्विस फ्रन्क १ को रू. | १०३।३५ | १०३।९६ |
| अस्ट्रलियन डलर १ को रू. | ७८।४४ | ७८।९० |
| क्यानाडियन डलर १ को रू. | ८०।०५ | ८०।५२ |
| सिङ्गापुर डलर १ को रू. | ७५।८७ | ७६।३२ |
| जापानी यन १० को रू. | ९।११ | ९।१६ |
| चिनियाँ युआन १ को रू. | १५।४६ | १५।५५ |
| साउदी अरब रियाल १ को रू. | २७।२४ | २७।४० |
| कतारी रियाल १ को रू. | २८।०६ | २८।२३ |
| थाई भाट १ को रू. | ३।१४ | ३।१६ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।८२ | २७।९८ |
| मलसियन रिङ्गिट १ को रू. | २५।०५ | २५।१९ |
| दक्षिण कारियन वन १०० को रू. | ९।३८ | ९।४४ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।१३ |
| डेनिस क्रोनर १ का रू. | १६।२० |
| हङकङ डलर १ का रू. | १३।०८ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## PRESS RELEASE

### नबिल बैंक र एनबीआईबीच सम्झौता



काठमाडौं, (नेस)

नबिल बैंक र नेसनल बैंकिङ इन्ष्टिच्युट (एनबीआई) बीच तालिम कार्यक्रम सञ्चालन सम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ।

उक्त सम्झौताअनुसार चालू अँर्थिक वर्षकैं लागि एनबीआईले नबिल बैंकका कर्मचारीको कार्यदक्षता विकासका लागि विभिन्न तालिम उपलब्ध गराउने छ।

उक्त सम्झौतापत्रमा नबिल बैंकका तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत अनिलकुमार खनाल र एनबीआईका प्रमुख कार्यकारी अधिकृत सञ्जिब सुब्बाले हस्ताक्षर गर्नुभएको छ।

### अग्निमोटो इन्कको वीरगन्जमा शोरुम

काठमाडौं, (नेस)

महिन्द्रा टु ह्वीलरको अधिकारिक बिक्रेता अग्निमोटो इन्कले वीरगन्जमा आफ्नो आधिकारिक शोरुम स्थापना गरेको छ। नयाँ शोरुममा कम्पनीले प्रदान गर्ने सबै सुविधा रहेको कम्पनीले जनाएको छ।




नयाँ गोस्टो आरएस, गोस्टो १२५, सेन्चुरो तथा अन्य बाइक यस शो रुमबाट बिक्री वितरण गरिएको छ।

शो रुमबाट महिन्द्रा टु ह्वीलरको स्पेयर पार्ट्स उपलब्ध हुनुका साथै बिक्रीपछिको सेवा पनि उपलब्ध हुने कम्पनीले जनाएको छ।

### सिटिजन्स बैंकको नयाँ मुद्दती योजना

Citizens Bank International Ltd. सिटिजन्स बैंक इन्टरनेसनल लि. YOUR PARTNER FOR PROGRESS

काठमाडौं, (नेस)

सिटिजन्स बैंक इन्टरनेसनलले ग्राहकलाई लक्षित गरी नयाँ मुद्दती बचत खाताको योजना 'स्ट्रक्चर्ड फिक्स डिपोजिट' सञ्चालनमा ल्याएको छ।

व्यक्तिगत मुद्दती खाताको लागि सञ्चालनमा ल्याएको यो योजनामा न्यूनतम मौज्दात १ लाख रुपियाँ रहेको छ। ८ महिनादेखि १८ महिनासम्मको समयावधि रहेको यस योजनामा ९ दशमलव ५ प्रतिशत वार्षिक ब्याजदर रहेको छ भने बैंकले त्रैमासिकरूपमा ब्याज उपलब्ध गराउने छ। यो सुविधा बैंकको ६७ वटै शाखाबाट उपलब्ध हुने बैंकले जनाएको छ।

### सोल्टी होटलको अध्यक्षमा पुनः दिनेश विष्ट

काठमाडौं, (नेस)

सोल्टी होटलको ४३औं वार्षिक साधाराणसभाले नयाँ सञ्चालक समिति गठन गरेको छ। साधारणसभाले नयाँ सञ्चालक समितिको अध्यक्षमा दिनेशबहादुर विष्टलाई कार्यकारी अध्यक्षमा पुन: नियुक्त गरेको छ।

कम्पनीको सञ्चालक समितिमा संस्थापक शेयरधनीमध्येबाट नियुक्त हुने ६ जना र सर्वसाधारण शेयरधनीबाट निर्वाचित हुने ३ जना रहने व्यवस्था छ। कम्पनीको तर्फबाट नियुक्त हुने ४ जनामा अध्यक्ष दिनेशबहादुर विष्टसँगै रविभक्त श्रेष्ठ, राजेशकाजी श्रेष्ठ, जया राज्यलक्ष्मी श्रेष्ठ हुनुहुन्छ।

त्यस्तै नेपाल वायुसेवा निगमको तर्फबाट गणेशबहादुर चन्द तथा विदेशी लगानीकर्तामा होलिडे इन्स इन्भेस्टमेन्टको तर्फबाट अनन्थ रामचन्द्रन हुनुहुन्छ। साधारण शेयरधनीतर्फबाट भने शशिराज पाण्डे, निरञ्जनकुमार टिवरेवाला र प्रकाशविक्रम खत्री रहनुभएको छ।

५१ वर्षअघि स्थापना भएको सोल्टी होटलले नेपालको पर्यटन क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ। होटलमा २ सय ८२ कोठा रहेका छन्।

## निर्माण क्षेत्रलाई व्यवस्थित बनाउनुपर्नेमा जोड

काठमाडौं, (नेस)

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले निर्माण क्षेत्र समृद्ध नभएसम्म समुन्नत मुलुकको परिकल्पना गर्न नसकिने बताउनुभएको छ।

हालै सम्पन्न प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनमा बहुमत ल्याएपछि बधाई दिन पुगेको नेपाल निर्माण व्यवसायी महासंघको प्रतिनिधिमण्डलसँग शुक्रबार भएको भेटमा अध्यक्ष ओलीले निर्माण क्षेत्र समृद्ध हुनुपर्ने धारणा राख्नुभयो। महासंघ अध्यक्ष विष्णुभाई श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डलसँगको भेटमा ओलीले निर्माण क्षेत्रलाई व्यवस्थित, मर्यादित तथा समय सापेक्ष बनाउन विद्यमान कानुनमा परिमार्जन गर्न आफू तयार रहेको बताउनुभयो।

विकास निर्माण कार्य पारदर्शी र गुणस्तरीय हुनुपर्ने भन्दै अध्यक्ष ओलीले विकास निर्माणको गुणस्तरीयतामा कसैसँग सम्झौता नगर्ने स्पष्ट पार्नुभयो। 'नेपाल अहिले पुनर्निर्माणको चरणमा भएकाले पनि अबको केही दशक निर्माण क्षेत्रले देशलाई ठूलो योगदान दिन सक्छ,' अध्यक्ष ओलीले भन्नुभयो। ओलीका साथ एमाले नेताद्वय वामदेव गौतम र शंकर पोखरेल पनि रहनु भएको थियो।

## सडक र पुल शिलान्यास

भक्तपुर, (नेस)

नवनिर्वाचित सांसद महेश बस्नेतले पुल र सडकको शिलान्यास गर्नुभएको छ। सूर्यविनायक नगरपालिका-७ गुण्डुस्थित पिपल डाँडाबाट गुण्डु बसपार्क जाने सडकको शिलन्यास गर्नुभएको हो। सडकलाई भौतिक योजना तथा यातायात मन्त्रालयको पाँच करोड रुपियाँमा (पि वान) को प्राथामिक क्रममा राखेको र आगामी चैतभित्र कालोपत्रे गीरसक्ने गरी सडकको काम शुरु भएको सूर्यविनायक नगरपालिका-७ का वडाध्यक्ष रवीन्द्र सापकोटाले बताउनुभयो।

बस्नेतले सूर्यविनायक नगरपालिकाकै दधिकोटबाट गुण्डु मगर गाउँ जाने सडकको पुलको पनि शिलान्यास गर्नु भएको छ।

## शिखरदीप बहुउद्देश्यीय सहकारी संस्था लि.

रजिष्ट्राई कार्यालय, म.थि.न.पा. १५ कौशलटार भक्तपुरको

### नवौं बार्षिक साधारण सभा बस्ने बारेको सूचना

यस शिखर दीप बहुउदेश्यीय सहकारी संस्था लि. को मिति २०७४ मंसिर १६ गते बसेको संचालक समितिको बैठकबाट निर्णय भए बमोजिम देहायका मिति, स्थान र समयमा तपशील बमोजिमका प्रस्तावहरु उपर छलफल गर्ने गरी संस्थाको नवौं बार्षिक साधारण सभा बस्ने भएको हुँदा सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**सभा हुने मिति, स्थान र समय** :-

मिति : २०७४ पौष २२ गते, शनिबार ।
स्थान : कौशलटार बैंक्वेट, कौशलटार, भक्तपुर
समय : विहान ११:०० बजे ।

**प्रस्तावहरु**:-

१. नवौं बार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन ।
२. लेखा परीक्षकको प्रतिवेदन २०७३/०७४ को वासलात, नाफा नोक्सान सहितको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
३. आ.ब. २०७३/०७४ मा संचालक समितिको निर्णयले भए गरेका कार्यहरुको अनुमोदन गर्ने ।
४. आ.व. २०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. भावी योजना तथा वजेट सम्वन्धमा ।
६. संस्थाको आवश्यकता अनुसार उद्योग स्थापना गर्ने सम्बन्धमा ।
७. नवौं बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर धनी महानुभावहरु मध्येबाट ८ प्रतिनिधि मनोनयन गर्ने।
८. विविध ।

**केदारनाथ शर्मा**
**अध्यक्ष**

## मणि केशव नारायण वचत तथा ऋण सहकारी संस्था लि.

स्वठ टोल , ललितपुर

### दशौं बार्षिक साधारण सभा सम्बन्धित सूचना

यस मणि केशव नारायण वचत ऋण सहकारी संस्था लि. को २०७४।८।१० मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको दशौं बार्षिक साधारण सभा देहायनुसार बस्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति,स्थान र समय,**

मिति : २०७४ पौष २२ गते शनिवार
समय : दिउँसो २ बजे देखि ।
स्थान : कुँभया चोक , स्वठ टोल ।

**छलफल विषयहरु :**

१. अध्यक्षज्यूको बार्षिक प्रतिवेदन तथा आ . ब. २०७३/७४ को वासलात पारित गर्ने
२. आ.ब. २०७४/७५ को लागि लेखा परिक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने
३. आ.ब २०७४/७५ को लागि अनुमानित आय व्यय विवरण अनुमोदन गर्ने
४. निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधिहरु छनौट गर्ने
५. संचालक समिति र लेखा समितिको पदाधिकारीहरुको चयन तथा निवर्नचन सम्बन्धमा र
६. विविध ।

**संचालक समितिको आज्ञाले ,**
**उद्धव आचार्य**
**सचिव**

# चुनावपछि पुँजी बजारका लगानीकर्ताको १८ अर्ब गुम्यो

**नेपाल समाचारपत्र**

काठमाडौं

प्रदेशसभा तथा प्रतिनिधिसभा चुनाव सकिएपछिको पहिलो साता शेयर बजार १६ दशमलव ३९ अंकले ओरालो लागेको छ। चुनावको पाँचै दिन कारोबार भएको यस साता नेप्से परिसूचक १ हजार ५ सय ३६ दशमलव ५४ अंकबाट शुरु भएर १ हजार ५ सय २० दशमलव १५ अंकमा पुगेर रोकिएको हो।

साताको चौथो दिन बजार परिसूचक दोहोरो अंकले बढे पनि अन्य दुई दिनको गिरावटले साताको परिसूचक नकारात्मक देखाएको हो। यस साता कारोबार भएको पहिलो तीन दिन निरन्तर ओरालो लागेको शेयर बजार चौथो दिन भने १० दशमलव ५३९ अंकले बढ्दै सुधारको संकेत देखिएको थियो। तर, बजार अन्तिम दिन पनि घट्दा नेप्से सुध्रिने कुनै संकेत देखाएन।

नेप्से परिसूचक घट्दा यस साता 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पनि पहिलो दिनको तुलनामा १ दशमलव ९७ अंकले घटेर ३ सय २० दशमलव ६५ अंकमा आइपुगेको छ।

पछिल्लो समय देशकै अर्थतन्त्र चलायमान हुँदा पनि पुँजी बजारमा सुधारिन सकेको छैन। बजारमा कारोबार निरन्तर बढे पनि परिसूचक भने निरन्तर ओरालो लाग्दै आएको हो। राजनीतिक गतिविधि बढ्दै जाँदा अर्थतन्त्र चलायमान भई शेयर बजारमा सकारात्मक प्रभाव पार्ने विश्लेषकहरूले तर्क गरे पनि बजार ओरालो लागेको हो। यस साता नेप्सेमा २ अर्ब ९२ करोड ८३ लाख ६ हजार रुपियाँ बराबरको शेयर कारोबार भएको नेपाल स्टक एक्स्चेन्जले जनाएको छ। त्यस क्रममा नेपाल स्टक एक्सचेन्जमा १ सय ७९ कम्पनीका ५७ लाख ९५ हजार ७ सय ३० कित्ताँ शेयर २३ हजार ७ सय २७ पटक कारोबार भए। यस अवधिमा लगानीकर्ता विशेषत: पर्ख र हेरको अवस्थामा रहेकाले बजारको घटेको लगानीकर्ताले जनाए पनि परिसूचक घट्ने तथा कारोबार रकम बढ्नुले ठूला लगानीकर्ता साना लगानीकर्ता तर्साउन शेयर मूल्य घटाउने खेलमा लागेको आरोप लगाएका छन्।

कारोबार रकम अघिल्लो साताको तुलनामा ६१ दशमलव ५४ प्रतिशत बढी हो। अघिल्लो साता १ सय ७३ कम्पनीका ३३ लाख ७० हजार कित्ता शेयर १ अर्ब ८१ करोड २७ लाख रुपियाँको कारोबार भएको थियो। यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रको कुनै पनि कारोबार भएन। परिसूचकमा गिरावट आउँदा यस साता शेयर बजारको आकार (बजार पुँजीकरण) करिब १८ अर्ब रुपियाँले घटेको छ। यत साता बजार पुँजीकरण १७ खर्ब ८५ अर्ब ४८ करोड रुपियाँबाट घटेर १७ खर्ब ६७ अर्ब ५६ करोड रुपियाँमा पुगेको नेप्सेले जनाएको छ।

> अघिल्लो साता १ सय ७३ कम्पनीका ३३ लाख ७० हजार कित्ता शेयर १ अर्ब ८१ करोड २७ लाख रुपियाँमा कारोबार भएको थियो। तर, यस साता नेप्सेमा २ अर्ब ९२ करोड ८३ लाख ६ हजार रुपियाँको शेयर कारोबार भएको छ।

यस साता कारोबारमा आएका १० वटामध्ये बैंकिङ र बीमालगायतका मूख्य ७ समूहमा गिरावट आउँदा समग्र बजार परिसूचक ओरालो लागेको हो। घट्नेमा सबैभन्दा धेरै बीमा समूह २ सय ३३ दशमलव ८१ अंकले घट्यो। त्यस्तै होटल, जलविद्युत् र विकास बैंक समूह क्रमश: ६२ दशमलव २६, ३८ दशमलव २ र ३३ दशमलव २३ अंकले ओरालो लाग्दा लघुवित्त, बैंकिङ र वित्त समूह पनि क्रमश: २९ दशमलव २९, १३ दशमलव २२ र ४ दशमलव ७४ अंकले ओरालो लागे।

बढ्नेमा उत्पादनमुलक र अन्य समूह मात्र रहे। ती समूह क्रमश: ८४ दशमलव १२ र १९ दशमलव ३८ अंकले सुधारिँदा ट्रेडिङ समूह भने स्थिर रह्यो। यस साता कारोबार रकमको आधारमा स्ट्यान्डर्ड चार्टर्ड बैंक अग्रस्थानमा रह्यो। बैंकको कूल ४३ करोड ३६ लाख ८० हजार रुपियाँ बराबरको शेयर कारोबार भएको हो। कारोबार भएको शेयर संख्याको आधारमा ग्लोबल आइएई बैंकले शीर्ष स्थान ओगटेको छ। यस साता बैंकका ४ लाख ८२ हजार कित्ता शेयर कारोबार भएका थिए।

त्यसैगरी कारोबार संख्याको आधारमा पनि स्ट्यान्डर्ड चार्टर्ड बैंक अग्रस्थानमा रह्यो छ। बैंकका कूल ३ हजार ६ सय १६ वटा कारोबार भएका थिए। सर्वाधिक कारोबार हुने शीर्ष ५ कम्पनीमा ग्लोबल आईएमई बैंक, बुटवल पावर कम्पनी, नेपाल दूरसञ्चार कम्पनी र राष्ट्रिय बीमा कम्पनी लिमिटेडका संस्थापक शेयर रहेका छन्।

यस साता ४ वटा कम्पनीका १ करोड ५१ लाख कित्ताभन्दा बढी शेयर नेप्सेमा सूचीकृत भएका छन्। तीनमध्ये अल्पाइन डेभलपमेन्ट बैंकको १८ लाख ३ हजार २ सय ४७ कित्ता, हिमालयन जनरल इन्स्योरेन्स कम्पनी ६४ लाख २० हजार कित्ता, मुक्तिनाथ विकास बैंकका ६१ लाख ७० हजार ८ सय ६५ दशमलव शून्य ४ कित्ता हकप्रद शेयर र नेको इन्स्योरेन्सका ७ लाख १२ हजार ८ सय ९५ दशमलव ९९ कित्ता बोनस शेयर नेप्सेमा सूचीकृत भए।

२०७४, पुस
शनिबार
१

आगामी हिउँदमा सबस्टेसनमार्फत थप विद्युत आयात नहुने पक्का पक्की भएको हो। प्राधिकरणले अहिले भारतबाट ३ सय ६३ मेगावाट विद्युत् आयात गरिरहेको छ भने अधिकतम ४ सय मेगावाटसम्म आयात गर्नुपर्ने अवस्था आउन सक्ने जनाएको छ।




## विश्व बजार

### अनलाइन व्यापारबाट खर्बपति



काठमाडौं, (नेस)

सन् १९९९ मा आफ्नै घरको अपार्टमेन्टबाट व्यवसाय शुरु गरेका ज्याक माले सन् २०१७ सम्म आईपुग्दा विश्वकै सबैभन्दा ठूलो ई-कमर्स कम्पनी बनाएका छन्।

आलिबाबा कम्पनी अनलाइनको माध्यमबाट विश्वभर सबैभन्दा धेरै व्यापार गर्ने कम्पनी हो। तर, एक सफल कम्पनीको संस्थापक हुनुभन्दा अगाडि ज्याक मालेलाई गर्नुपरेको संघर्ष र धैर्यतालाई धेरैले प्रेरणाका रूपमा लिन सक्छन्।

ज्याकको शैक्षिक जीवन त्यति सफल रहेन। प्राथमिक तहमा दुईपटक, माध्यामिक तहमा तीनपटक र उच्च शिक्षा प्रवेश परीक्षामा दुईपटक फेल भएका थिए। विश्वविद्यालय तह अध्ययनका लागि उनले हावर्ड विश्वविद्यालयमा १० पटकसम्म प्रयास गरे तर छनोट हुन सकेनन्।

जागिरका लागि ज्याकको जीवनमा झन् नराम्रो अनुभव रह्यो। उनले ३१ वटा जागिरका लागि अन्तर्वार्ता दिए। तर, उनले सबैबाट एउटै खालको उत्तरको सामना गर्नुपर्‍यो-'तिमी योग्य छैनौ'। चर्चित ब्रान्ड केएफसीले कर्मचारीको माग गरेको थियो। जसमा ज्याकलगायत २४ जनाले अन्तर्वार्ता दिए। तर, त्यसमा पनि ज्याकबाहेक सबैको नाम निस्कियो।

> ज्याकको एउटा भनाइ निकै प्रसिद्ध छ -'मानिसमा हुनुपर्ने सबैभन्दा ठूलो गुण धैर्यता पनि हो, काम गर्दै जाँदा हजार गल्ती र असफलता हुन सक्छन् तर एक हजार एक पटकमा सफलता अवश्य भेटिन्छ।'

अन्य पेशामा असफल रहे पनि उनको व्यावसायिक जीवनमा भने विश्वले चिन्ने गरी सफलता हासिल गरेका छन्। ज्याकको एउटा भनाइ निकै प्रसिद्ध छ -'मानिसमा हुनुपर्ने सबैभन्दा ठूलो गुण धैर्यता पनि हो, काम गर्दै जाँदा हजार गल्ती र असफलता हुन सक्छन् तर एक हजार एक पटकमा सफलता अवश्य भेटिन्छ।'

ज्याकलाई अंग्रजी भाषा सिक्ने ठूलो रहर थियो। त्यसका लागि उनले पर्यटकको सहायता लिन्थे। अंग्रेजी भाषामा दक्ष भएका कारण उनले भाषा अनुवाद गर्ने संस्था नै खोले। तर, सन् १९९५ मा ज्याक अमेरिका गएपछि उक्त संस्था बन्द भयो। अमेरिका बसाईको क्रममा उनले इन्टरनेटका बारेमा जानकारी पाए। किनकी चीनमा त्यो बेलासम्म इन्टरनेट प्रयोगमा आइसकेको थिएन। उनका एकजना अमेरिकी साथीको सहायताले इन्टरनेटमा खोजेर सबै चीजको जानकारी लिन सकिन्छ भनेर थाहा भयो। जब उनले इन्टरनेटमा पहिलो शब्दका रूपमा 'बियर' खोजे, त्यो नै उनलाई 'अनलाइन विजनेस'मा प्रवेश गराउने सुत्र बन्यो। त्यो कुन अर्थमा भने इन्टरनेटमा बियर खोज्दा उनले अमेरिका, जर्मनी, बेलायतलगायत देशमा उत्पादित बियरको बारेमा मात्र थाहा पाए तर चिनियाँ उत्पादनका बारेमा भने त्यहाँ जानकारी थिएन।

चीनमा इन्टरनेट प्रविधि भित्रिदो क्रममा थियो। सन् १९९९ मा उनले आफ्ना १७ जना साथीसँग मिलेर आलिबाबा कम्पनीको स्थापना गरे। कम्पनी स्थापनाको शुरुआती तीन वर्षसम्म भने चल्न सकेन तर चौथो वर्षमा भने एक वर्षमा मात्र ६० हजार अमेरिकी डलरको नाफा देखियो।

ब्लुमबर्ग विलिनियर्स इन्डेक्सका अनुसार ज्याक अहिले विश्वका १५औं धनी र चीनका सबैभन्दा धनी व्यक्ति हुन्।

ब्लुमबर्ग इन्डेक्सका अनुसार उनको सम्पत्ति ४६ दशमलव १ विलियन अमेरिकी डलर छ। आलिबाबाले यस वर्ष कम्पनीको कुल सम्पत्तिको १ तिहाई स्टक बजारबाट आर्जन गरेको हो। लामो समयसम्म व्यापारिक शहरका रूपमा चिनिने सिलिकन भ्यालीमा अलिबाबाले प्रवेश गर्न नै सकेन। तर, अहिले त्यहाँको पुँजी बजारमा यस कम्पनीले ठूलो महत्त्व राख्छ। अघिल्लो वर्ष ७० डलर प्रतिकित्ता शेयर मूल्य रहेको आलिबाबा कम्पनीको एक वर्षमा नै १ सय ७७ अमेरिकी डलर पुगेको छ। आलिबाबा ग्रुपको सफ्ट बैंकमा ३२ प्रतिशत र याहुको १५ प्रतिशत शेयर रहेको छ। यूसी ब्राउजर पनि आलिबाबा कम्पनीकै उत्पादन हो।

*(विभिन्न अन्तर्राष्ट्रिय समाचार एजेन्सीको सहयोगमा )*

### ढल्केबर सबस्टेसन निर्माण पूरा गर्न पुन: ठेक्का

# हिउँदमा थप विद्युत् ल्याउन नसकिने

हेमन्त जोशी, काठमाडौं

आगामी हिउँदमा ढल्केबर सबस्टेसनमार्फत् भारतबाट थप विद्युत् आयात गर्न नसकिने भएको छ। निर्माणको अन्तिम चरणमा रहेको २ सय २० केभी सबस्टेसनको काम रोकिएपछि भारतबाट थप ५० मेगावाट विद्युत् आयात गर्ने नेपाल विद्युत प्राधिकरणको योजना प्रभावित बनेको हो।

प्राधिकरणले चालू हिउँदमा नै ढल्केबर सबस्टेसनको निर्माणको काम पूरा गर्ने र हाल आयात भइरहेको विद्युत्मा थप ५० मेगावाट थपेर २ सय मेगावाट विद्युत् ल्याउने लक्ष्य लिइएको थियो। तर, सबस्टेसन निर्माणको काम अधुरै रहेपछि थप विद्युत् ल्याउन नसकिने देखिएको हो। नेपाल विद्युत प्राधिकरणका प्रवक्ता प्रबल अधिकारीले सबस्टेशन निर्माणका लागि नयाँ ठेक्का शुरु भए पनि यस वर्ष थप विद्युत् आयात गर्न नसकिने बताउनुभयो।

> प्राधिकरणले ढल्केबर सवस्टेसन निर्माण कार्य सक्न पुन: ठेक्का आह्वान गरे पनि प्रसारणलाइन निर्माणका विषयमा भने ठोस निर्णय लिन सकेको छैन।

नेपाल समाचारपत्रसँग कुरा गर्दै प्रवक्ता अधिकारीले भन्नुभयो-'निर्माणको करिब ९० प्रतिशत काम सम्पन्न भइसकेको भए पनि पूर्णरूपमा सञ्चालनमा ल्याउनका लागि ४ महिनाभन्दा बढी समय लाग्ने देखिन्छ। यसर्थ, यस हिउँदमा थप विद्युत् ल्याउन नसकिने भएको छ।'

चिनियाँ ठेकेदार कम्पनी सेन्ट्रल चाइना पावर ग्रिड (सीसीपीजी) सँग हेटौडा-बर्दघाट प्रसारण लाइनलगायत इनरुवा, हेटौडा र ढल्केबर सबस्टेसनको निर्माणका लागि ठेक्का सम्झौता भएको थियो। तर, सीसीपीजीले निर्माणको काम रोकेर ठेक्का सम्झौताभन्दा बढी रकम माग गरेपछि सम्झौता रद्द गरिएको प्राधिकरणले जनाएको छ। प्रवक्ता अधिकारीले सीसीपीजीसँग हेटौडा बर्दघाट प्रसारणलाइनको मुख्य ठेक्का तोडिएपछि सोही ठेक्काअन्तर्गत रहेको सबस्टेसन निर्माणको काम पनि प्रभावित भएको बताउनुभयो। ढल्केबर सबस्टेसनको काम पूरा गर्न १० प्रतिशत जति मात्रै बाँकी थियो भने इनरुवा र हेटौडा सबस्टेसनको काम शुरुवात चरणमा रहेको थियो।

प्राधिकरणले ढल्केबर सवस्टेसन निर्माण कार्य सक्न पुन: ठेक्का आह्वान गरे पनि प्रसारणलाइन निर्माणका विषयमा भने ठोस निर्णय लिन सकेको छैन।

प्रवक्ता अधिकारीका अनुसार सबस्टेसन निर्माणको काम अधिकांश पूरा भइसकेकाले बाँकी रेहको काम सक्न चार महिनाजति समय लाग्नेछ। तर, पुन: ठेक्कालगायतका प्रक्रियामा जानुपर्ने भएपछि यसबाट उत्पन्न हुने परिणाम आगामी हिउँदको विद्युत् भार व्यवस्थापनमा देखिने अधिकारीको भनाइ छ।

सीसीपीजीसँगको ठेक्का सम्झौता रद्द भए पनि सबस्टेसन निर्माणको कार्यप्रगति मूल्यांकन अनुगमन गर्न नेपाल विद्युत प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेसनको संयुक्त टोली खटाइएको थियो। उक्त टोलीले स्थलगत अनुगमन गरी कार्यप्रगति विवरण प्राधिकरणलाई बुझाइसकेको छ। परामर्शदाता कम्पनीका रूपमा रहेको पावर ग्रिड कर्पोरेसन र प्राधिकरणको टोलीले हालसम्म भएको कार्यप्रगति विवरण र गर्न बाँकी कामको विवरण आयोजना व्यवस्थापन महाशाखालाई बुझाएको हो। सोही विवरणका आधारमा बाँकी रहेको निर्माण कार्य पूरा गर्न प्राधिकरणले पुन: ठेक्कालगायतका प्रक्रिया चालिसकेको जनाएको छ।

अन्तरदेशीय प्रसारणलाइनसँग जोडिएको सबस्टेसन निर्माणको ९० प्रतिशत काम साउन महिनामै सकिएको भए पनि ठेकेदार कम्पनी सीसीपीजीले विभिन्न कारण देखाएर काम छोडेको थियो। हेटौडा-बर्दघाट प्रसारण लाइनको समेत निर्माण जिम्मा पाएको ठेकेदार कम्पनीले लामो समयसम्म पनि काम शुरु नगरेपछि प्राधिकरणले ठेक्का सम्झौता तोड्दै बैंक ग्यारेन्टीसमेत जफत गरेको थियो।

सीसीपीजीले प्राधिकरणसँग ठेक्का सम्झौताभन्दा बढी रकम माग गरेपछि यिनीहरूबीच तिक्तता बढेको बुझिएको छ। यही विवादबीच ठेकेदार कम्पनीले रकम भुक्तानीमा समस्या देखिएको भन्दै काम रोकेपछि प्राधिकरणले ठेक्का सम्झौता रद्द गर्ने निर्णय लिएको हो। यही विवादबीच साउन महिनामा केही समय काम रोकेको थियो। तर, तत्कालीन ऊर्जामन्त्री महेन्द्रबहादुर शाहीले कार्तिक महिनाभित्रै काम सक्न निर्देशन दिएपछि केही समय काम सुचारु गरेको थियो।

हाल ढल्केबर सबस्टेसनमार्फत १ सय ४५ मेगावाट विद्युत् भारतबाट नेपालमा भित्रिरहेको छ। निर्माण भइरहेको सबस्टेसनमार्फत थप ५५ मेगावाट गरी उक्त प्रसारण लाइनमार्फत् २ सय मेगावाट विद्युत् आयात गर्ने लक्ष्य लिइएको छ। भारतबाट थप विद्युत् आयातका लागि महत्त्वपूर्ण पूर्वाधारका रूपमा हेरिएको ढल्केबर सबस्टेसनको निर्माणको काम पूर्णरूपमा सकेर आगामी अक्टोबरसम्म भारतबाट २ सय मेगावाट बिजुली आयात गर्ने प्राधिकरणको योजना थियो। तर, सम्झौता रद्द भएपछि प्राधिकरणलाई समयमा काम सक्न थप चुनौती देखिएको छ।



## पूर्वअध्यक्षहरू संगठित

काठमाडौं, (नेस)

निजीक्षेत्रको सबैभन्दा ठूलो छाता संगठन नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्षहरू संगठित भएका छन। पूर्वअध्यक्षहरूले शुक्रबार 'नेपाल उद्योग वाणिज्य महासंघ पूर्वअध्यक्ष परिषद्' गठन गरेका हुन्।

तीनै तहको निर्वाचन सम्पन्न भएको र नयाँ सरकार स्थापना हुने चरणमा पूर्वअध्यक्षहरू संगठित हुनुलाई निजीक्षेत्रले आफ्नो भूमिका खोजेको रूपमा अर्थ्याइएको छ। शुक्रबार नै परिषद् सदस्यहरूले नेकपा एमालेका अध्यक्ष केपी ओलीलाई भेटेर छलफल गरेका छन्। अध्यक्ष ओलीलाई महासंघका पूर्वअध्यक्षहरू कुशकुमार जोशी, सुरज वैद्य, महेशलाल प्रधान, पद्म ज्योति, प्रदीपकुमार श्रेष्ठ, रविभक्त श्रेष्ठ, विनोदबहादुर श्रेष्ठ र पूर्ववरिष्ठ उपाध्यक्ष भाष्करराज राजकर्णिकारलगायतको टोलीले ज्ञापनपत्रसमेत बुझाएको छ।

ज्ञापनपत्र बुझाउँदै परिषद् सदस्यहरूले अब बन्ने सरकारलाई आर्थिक विकास र समृद्धिका लागि निजीक्षेत्रको सहभागिताका विषयमा अध्यक्ष ओलीसँग छलफल गरेका छन्। मुलुकमा लगानीमैत्री वातावरण स्थापना गर्न, समाजवाद उन्मुख उदार बजार नीतिलगायत विषयमा पनि छलफल भएको छ। पूर्वअध्यक्षहरू संगठित भएपछि निजीक्षेत्रको सबैभन्दा ठूलो संगठन नेपाल उद्योग वाणिज्य महासंघको भूमिका र उनीहरूले खोजेको थिङ्कटयाङ्क जस्तो भूमिकालाई महत्त्वका साथ हेरिएको छ।

# भारतको आन्दोलनले नेपाली सिमेन्ट उद्योग जोखिममा

कृष्णउदास खनाल, वीरगन्ज

वीरगन्ज-पथलैया करिडोरमा सञ्चालित एक दर्जन सिमेन्ट उद्योग सीमावर्ती भारतीय शहर रक्सौलमा जारी प्रदूषणविरोधी आन्दोलनले जोखिममा पुगेका छन्। नेपाली सिमेन्ट उद्योगले कच्चा पदार्थ आयात गर्न रक्सौलस्थित रेलवे स्टेसन प्रयोग गर्ने गरेका छन्। त्यहाँ क्लिंकरलगायत 'डस्टी' (धुलोयुक्त) कार्गो अनलोड हुँदा त्यसबाट उड्ने धुलोले स्थानीयको जनजीवन नराम्ररी प्रभावित भएको भन्दै स्थानीय संघ-संस्थाले संयुक्त रूपमा आन्दोलन थालेका छन्।

वीरगन्जसँग जोडिएको यस नाकामा स्थानीय र भारतीय रेल्वेबीच जारी प्रदूषण विवादको चपेटामा नेपाली आयात पटक-पटक पर्ने गरेको छ। मुख्य रूपमा नेपालका पर्सा-बारा करिडोरका सिमेन्ट उद्योगले आयात गर्ने क्लिंकर, फलामको धुलो, जिप्सम, स्लेग, कोइलालगायत कार्गो लोड-अनलोड हुँदा उड्ने धुलोले जनजीवन प्रभावित भएको र मानिस रोगी हुन लागेको आन्दोलनकारीको गुनासो छ।

'डर्टी कार्गो' भनिने यस्ता सामानबाहेक खाद्यान्न, नुन, फलाम उद्योगले कच्चा पदार्थको रूपमा प्रयोग गर्ने विभिन्न खाले फलामलगायत वस्तु यही बाटो भएर नेपाल आउँछ। अहिले रक्सौलका विभिन्न संघ-संस्था र अगुवाले शुरु गरेको आन्दोलनअन्तर्गत आगामी पुस १० (२५ डिसेम्बर) देखि नेपाल-भारत नाका नै अवरोध गर्ने तय गरिएको छ।

'हामीले अहिले जागरणसभा, खबरदारी सभा गरिरहेका छौं, यो हाम्रो जीवन-मरणको सवाल होस त्यसकारण यसपटकको आन्दोलन निष्कर्षमा पुऱ्याएर मात्रै रोकिन्छ,' आन्दोलनका संयोजक महेशकुमार अग्रवालले भन्नुभयो- 'डिसेम्बर २५देखि नेपाल-भारत पारवहन हुने नाका हामी ठप्प पार्नेछौं।' आन्दोलनकारीले गत वर्षको मंसिर २६ मा नाका ठप्प पार्दै धर्ना बसेका थिए। स्थानीय प्रशासनले समाधानको प्रतिबद्धता जनाएपछि धर्ना स्थगित गरिए पनि आन्दोलनका माग भने यथावत छन्। कि धुलो उड्ने कार्गो त्यहाँ अनलोड गर्न बन्द गर्नुपर्ने वा रेलवेले धुलो नियन्त्रण गर्न सक्ने संरचना निर्माण गर्नुपर्ने दुईवटा सर्त स्थानीयले राखेका छन्। रक्सौलस्थित रेल यार्डमा व्यवस्थित संरचना निर्माणको माग नेपाली आयातकर्ताले पनि राख्दै आएका छन्।

सीमापारि जारी आन्दोलनले नेपाली उद्योगी तथा आयातकर्ता चिन्तित बनेका छन्। यसले नेपाली सिमेन्ट उद्योगलाई बढी प्रभाव पर्ने र अर्बौंको लगानी समस्यामा पर्ने नारायणी सिमेन्ट उद्योगका प्रमुख सञ्चालक सज्जन चाचानले बताउनुभयो। पर्सा-बारा औद्योगिक करिडोरमा मात्र दर्जन जति सिमेन्ट उद्योग छन्। प्रतिदिन दुई सय ५० टनदेखि एक हजार ५० टनसम्म सिमेन्ट उत्पादन क्षमता भएका ती दर्जन उद्योगले दैनिक करिब आठ हजार टन सिमेन्ट प्रतिदिन उत्पादन गर्छन्। ती उद्योगले करिब १५ देखि २० प्रतिशत स्वदेशी क्लिंकर र बाँकी भारतबाट आयात गरेर सिमेन्ट तयार गर्ने गर्छन्। अर्डिनरी पोर्टल्यान्ड सिमेन्ट (ओपीसी), पोजोलोना पोर्टल्यान्ड सिमेन्ट (पीपीसी) र स्ल्याग सिमेन्ट मुख्यरूपमा यहाँ उत्पादन हुने गरेको छ। सबैथरी सिमेन्ट उत्पादनका लागि क्लिंकर मुख्य कच्चा पदार्थ हो। क्लिंकरबाहेक सिमेन्ट उद्योगलाई चाहिने अरू कच्चा पदार्थ 'स्ल्याग', 'लाइ-एस' र 'जिप्सम' पनि सबै भारतबाटै आयात हुने गरेको उद्योगी बताउँछन्।


## टाइम्स सेभिङ एण्ड कोअपरेटिभ लिमिटेडको सम्पत्ति लिलाम बिक्रि गर्ने बारे शिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रकाशित मिति २०७४/०८/१५)**

यस संस्थाले आफ्नो नाममा सकार गरी संस्थाको नाममा दर्ता श्रेस्ता कायम रहेको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा गोप्य शिलबन्दी माध्यमबाट बिक्रि गरिने भएकोले ईच्छुक सर्वसाधारण व्यक्ति वा संस्थाबाट के-कति मुल्य तिरी लिने हो, मुल्य खोली यो सूचना प्रकाशित भएको मितिबाट ७(सात) दिन भित्र यस संस्थामा सो बारेको शिलबन्दी बोलपत्र निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं | जिल्ला | गा बि स | वडा नं | कित्ता नं | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मकवानपुर | हेटौडा | ८ | ४००५ | ०-०-१५ | जग्गा र सो ले चर्चेको लिगलगापात समेत |
| २ | चितवन | गितानगर | ५ | १९८७ | ०-८-० | जग्गा र सो ले चर्चेको लिगलगापात समेत |

**शर्तहरू**

१) प्राप्त बोलपत्र मिति २०७४/०८/२१ दिनको ३ :०० बजे यस संस्थाको कार्यालय न्युरोड, काठमाण्डौंमा खोलिने छ। बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट खोलिने छ।
२) शिलबन्दी बोलपत्र साथ आफुले कबुल गरेको रकमको कम्तिमा १० प्रतिशत रकम संस्थामा जम्मा गरेको सक्कल भौचर संलग्न राखी बोलपत्र पेश गर्नुपर्ने छ। बोलपत्र खोलिने दिन निवेदक वा निजको प्रतिनिधि उपस्थित नभएत(।पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
३) बोलपत्र स्वीकृत भएपछि बाँकी रकम ७(सात) दिन भित्र दाखिला गरी उक्त सम्पत्ति रजिष्ट्रेशन पारित गराईलिनु पर्नेछ अन्यथा धरौटी बापत राखेको रकम स्वत जफत हुनेछ।
४) कुनै कारण जनाई वा नजनाई बिक्रि स्विकृत गर्ने वा नगर्ने अधिकार यस संस्थाको संचालक समितिमा सुरक्षित रहनेछ।
५) बिक्रि स्वीकृत भएपछि पारित गर्दा लाग्ने सरकारी दै दस्तुर बोलपत्रदाताले ब्यहोर्नु पर्नेछ।
६) बिस्तृत जानकारीका लागि यस संस्थाको कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ।

**टाइम्स सेभिङ एण्ड कोअपरेटिभ लिमिटेड**
खिचापोखरी, ओमदेव प्लाजा, काठमाडौं
फोन नं. : ०१-४२४५३२२

नेपाल समाचारपत्र जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# स्पेन विश्वकपबाट बाहिरिने सक्ने

मेड्रिड, (एजेन्सी)

स्पेन आगामी वर्ष रुसमा हुने विश्वकपबाट बाहिरिने सक्ने भएको छ। विश्व फुटबलका सर्वोच्च निकाय फिफाले स्पेनीस फुटबल महासंघलाई राजनीतिक हस्तक्षेपबारे चेतावनी दिएपछि स्पेन विश्वकपबाट बाहिरिन सक्ने भएको हो। स्पेनको सरकारले महासंघको अध्यक्ष लागि हुने आउँदो चुनावमा निरन्तर हस्तक्षेप भइरहेमा विश्वकपबाट स्पेन निष्कासित भएको हेर्नुपर्ने फिफाले चेतावनी दिएको छ।

स्पेनिस फुटबल जुलाईदेखि अन्तरिम अध्यक्ष हुआन लुइस लारियाको नेतृत्वमा रहेको छ। पूर्वप्रमुख एन्जेल मारिया भिलारमाथि भ्रष्टाचारको आरोप लागेपछि दबाबबाट उनलाई राजीनामा दिन लगाएको थियो। फिफाले राजनीतिक दबाब जारी रहेमा कुनै राष्ट्रिय टोलीको सदस्यताबाट समेत निलम्बन गर्न सक्ने पनि जनाएको छ।

भिलारको राजीनामापछि युरोपियन फुटबलको सर्वोच्च संस्था युएफाका उपाध्यक्ष र फिफाका कार्यकारी उपाध्यक्ष पदमा रहेका पूर्वस्पेनी खेलाडीले पनि राजीनामा दिएका थिए। जब कि उनी फिफा अध्यक्ष गियानी इन्फाटिनोभन्दा दोस्रो स्थानमा रहेका थिए।

यसअघि पनि सन् २००८ मा तत्कालीन फिफा अध्यक्ष सेप ब्लाटरले स्पेनलाई युरो २००८ बाट प्रतिबन्धित लगाउने त्रास दिएका थिए। तर सो प्रतियोगिता स्पेनले जितेको थियो। त्यतिबेला पनि स्पेनिस सरकारले निर्वाचन प्रक्रियामा हस्तक्षेप गरिएको आरोप लागेको थियो। फेरि एकपटक स्पेनिस सरकारमाथि उस्तै आरोप लागेको छ।

# ओलम्पियनलाई नगदको व्यवस्था हुने

काठमाडौं, (नेस)

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव केशवकुमार विष्टले ओलम्पिक खेलकुदमा सहभागी हुने नेपाली ओलम्पियनलाई मासिक नगदको व्यवस्था गर्ने बताएका छन्। राखेपले शुक्रबार ओलम्पियन खेलाडीहरुको सम्मानार्थ चन्द्रागिरी हिल्स भ्रमण गराएको कार्यक्रममा सदस्य-सचिव विष्टले उक्त कुरा बताएका हुन्। विष्टले भने- 'हामीले पहिलो ओलम्पियनलाई मासिक १० हजार उपलब्ध गराउदै आएका छौं। बाँकी ओलम्पियनलाई पनि सम्भवत: आगामी माघ/फागुनदेखि आन्तरिक व्यवस्था गरी मासिक ३ हजार उपलब्ध गराउने तयारीमा छौं। र साथै आउने आर्थिक वर्षदेखि मासिक ५ हजार दिने गरी व्यवस्था मिलाउनेछौं। साथै दक्षिण एसियाली खेलकुदका रजत र कांस्य पदक विजेतालाई मासिक नगद पुरस्कारको व्यवस्थासमेत गर्नेछौं।'

# कमल र पार्वतीलाई स्वर्ण

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल प्रहरी क्लबका खेलाडीहरु कमल श्रेष्ठ र पार्वती गुरुङले आठौं कोरियन एम्बासडर राष्ट्रिय खुला तेक्वान्दो प्रतियोगितामा शुक्रबार स्वर्ण जितेका छन्।

सिनियर एकल पुम्सेको २९ वर्षमुनि तौल समूहअन्तर्गत पुरुषमा कमलले आफ्नै क्लबका जितबहादुर भोटेलाई हराएका हुन्। त्यस्तै महिलातर्फ पनि पार्वतीले प्रहरीकै नितालाई पराजित गरिन्। नेपाल तेक्वान्दो संघद्वारा आयोजित प्रतियोगिताको ३० वर्षमाथि सिनियर पुरुष एकल पुम्सेमा नेपाल आर्मीका रेजिन रिमाल पहिलो भए। उनले प्रहरीका जग्दीशसिंह पालीलाई पराजित गरे। सोही स्पर्धाको महिलामा पोखराकी रेकमाया गुरुङ पहिलो भइन्। रेकमायाले आर्मीकी मिरा काफ्लेलाई पछि पारिन्।

जुनियर पेयर पुम्सेका पुरुषमा स्युचाटारका अस्मिन राउत र विनिता तामाङ पहिलो तथा जेसिजका नवीन श्रेष्ठ र मोनिका मगर दोस्रो भए। सोही स्पर्धाको सिनियर पुरुषमा प्रहरीका कमल श्रेष्ठ र पार्वती गुरुङले स्वर्ण तथा आर्मीका सन्जिव ओझा र निता गुरुङले रजत जिते।

टिम पुम्सेको पुरुषमा प्रहरीका प्रेमबहादुर लिम्बू, कमल श्रेष्ठ र जितबहादुर भोटे तथा महिलामा पनि प्रहरीका मिरा राना मगर, निर्मला विक र पार्वती गुरुङले शीर्ष स्थान हात पारे। सातदोबाटोस्थित नेपाल तेक्वान्दो एकेडेमीको हलमा भइरहेको प्रतियोगिताको १४ वर्षमुनि पुरुष एकल पुम्सेमा ललितपुरका युकिन चौधरी पहिलो र कोटेश्वरका सोहन श्रेष्ठ दोस्रो भए। त्यसै स्पर्धाको महिलामा आर्मीकी रिता श्रेष्ठ पहिलो र स्युचाटारकी मोनिका रम्तेल दोस्रो बने।

पुरुष एकल पुम्सेका १७ वर्षमुनि जेसिजका नवीन श्रेष्ठ र स्युचाटारका अस्मिन राउत क्रमश: पहिलो र दोस्रो भए। उक्त स्पर्धाको महिलामा स्युचाटारकी नोमिता मोक्तानले स्वर्ण तथा आर्मीकी रोशनी श्रेष्ठले रजत हात पारे। जुनियर पुरुष ४२ केजी तौलसमूहमा कोटेश्वरका श्रीकृष्ण कार्की र सीतापाइलाका बिधान श्रेष्ठ फाइनलमा प्रवेश गरेका छन्।



नेपाल आर्मीकी काजल श्रेष्ठ (नीलो) ले मनीषा लिलालाई हराएकी थिइन्।
*तस्वीर: उजोल डंगोल, काठमाडौं*

## धरहरा

### रेशम चौधरी ब्रान्ड



प्रतिनिधिसभाको निर्वाचनका क्रममा ब्रान्डका रूपमा रेशम चौधरी रहेको चर्चा धरहरालाई प्राप्त भएको छ। निर्वाचन आयोगले अन्तिम नामावली प्रकाशन गर्दासम्म न त अभियुक्तको लालमोहर लगाइएका चौधरीलाई कुनै व्यक्तिले उजुरी दिए न त आयोगले उजुरी रद्द गर्ने प्रयास गर्‍यो।

नतिजा आउँदा धरहरा छक्क पर्‍यो। चौधरीले २० वटा हजार मतअन्तरले जिते। तर, चौधरीलाई जितपश्चात मर्नु न ओकल्नु भएको धरहराले फेला पारेको छ। चौधरीका विषयमा सर्वोच्च, निर्वाचन आयोग र प्रहरीबीच त्रिपक्षीय जुहारी चलेको धरहराको विशेष स्रोतले पत्ता लगाएको छ। सर्वोच्चमा प्रमाणपत्र पाउनुपर्‍यो भनेर रिट हाल्न उनका भाइ मिट्ठु पुगेछन्। अदालतले रिटलाई सोझै इग्नोर गरिदियो। निर्वाचन आयोगले आफूसंग प्रमाणपत्र छ भन्छ तर, चौधरीलाई दिन नमानेको खबर धरहराले फेला पारेको छ। प्रहरीले भने चौधरीलाई भेट्नासाथ पक्रने बताउँछ। सरकारका तीन निकायको समन्वयकारी भूमिका नभएको धरहराको ठम्याइ छ।

यदि धरहरा सही हो भने कि त चौधरीलाई उम्मेदवार नै बन्न नदिनु ? नत्र जितिसकेपछि कमसेकम प्रमाणपत्र त दिलाइदिनु न भन्ने धरहराको जिज्ञासा!

# कलेज फुटसलमा टाइम्स च्याम्पियन

काठमाडौं, (नेस)

टाइम्स कलेज एभरेस्ट बैंक अन्तर कलेज फुटसल प्रतियोगितामा च्याम्पियन बनेको छ। बिहीबार बेलुकी सम्पन्न फाइनल खेलमा टाइम्सले कसमस कलेजलाई ४-० गोलमा स्तब्ध बनायो। टाइम्सको जितमा नायक बनेका अनिश कार्कीले ह्याट्रिक गर्दा एब गोल आत्माघातीका रुपमा प्राप्त गरेको थियो। प्रतियोगिताको उत्कृष्ट खेलाडी कसमस कलेजका अरुण तामाङ चुनिए। टाइम्सका अनिश कार्की उत्कृष्ट डिफेन्डर भए। टाइम्सकै रोमन रसाईली बेस्ट किपर चुनिए। बिजेताले ५५ हजार र उपबिजेताले २५ हजार नगद प्राप्त गरेका थिए।

# नेपालको दोस्रो जित



काठमाडौं, (नेस)

नेपालले पहिलो अन्तर्राष्ट्रिय ह्विलचेयर क्रिकेट च्याम्पियनसिप टी २० अन्तर्गत लिगमा दोस्रो खेलमा पनि जित हासिल गरेको छ। त्रिवि मैदानमा शुक्रबार भएको खेलमा नेपालले भारतलाई ६६ रनले हरायो। यसअघि बंगलादेशलाई हराएको नेपालले पहिले ब्याटिङ गरेर १४ ओभरमा ४ विकेटको क्षतिमा १ सय ५१ रन जोडेको थियो। जसमा म्यान अफ द म्याच नवीन राईले ६ चौकाको सहयोगमा ५० रन बनाएका थिए। जवाफमा उत्रेको भारत ८६ रनमा अलआउट भएको थियो। नेपाली बलरमा यमबहादुर श्रेष्ठ र विष्णु अधिकारीले २/२ विकेट लिएका थिए। भारतीय टोलीका लागि सौरभ मालिकले सर्वाधिक २५ रनको योगदान दिएका थिए।

# एक्सेलसियर कपमा दुई खेल

काठमाडौं, (नेस)

छैठौं दि एक्सेलसियर कप अन्तर विद्यालय खेलकुद प्रतियोगितामा फुटबल र बास्केटबलका २ खेल समावेश गरिएको पत्रकार सम्मेलनमार्फत जानकारी गराएको छ। शुक्रबार भएको पत्रकार सम्मेलनमा आयोजक स्कुलका सहायक प्रधानध्यापक प्रशान्त रजकले प्रतियोगिताको फाइभ ए साइड फुटबलमा छात्र जुनियर र सिनियरका खेलहरु सञ्चालन हुने जानकारी गराए। त्यस्तै बास्केटबलमा छात्रतर्फ जुनियर र सिनियर तथा छात्रातर्फ सिनियर स्पर्धा रहेको जानकारी दिए। सहयक प्रधानध्यापक रजकले प्रतियोगिताका लागि अनुमानित ८ लाख लाग्ने पत्रकार सम्मेलनमा बताए।

स्वयम्भुस्थित आयोजक स्कुलमा पुष ४ देखि १३ सम्म सञ्चालन हुने प्रतियोगितामा फाइभ ए साईड फुटबलमा १२ वर्षमुनि १३ तथा १६ वर्षमुनि २० टिमको सहभागिता पक्का भएको प्रतियोगिता संयोजक महेश मल्ल ठकुरीले जानकारी गराए। त्यस्तै बास्केटबलमा छात्रातर्फ १२ टिमले प्रतिस्पर्धा गर्दा जुनियर छात्रमा १६ तथा सिनियर छात्रमा १२ टिम सहभागिता रहेको संयोजक ठकुरीले जानकारी दिए। प्रतियोगितामा स्टाप बास्केटबलका खेल पनि समावेश गरिएको छ।

# मायंका र संरक्षण च्याम्पियन

हेटौंडा, (नेस)



सामरी स्लाम राष्ट्रिय टेनिस प्रतियोगिताको आठौं संस्करणमा मायंका राणा र संरक्षणभूषण वज्राचार्य विजेता बनेका छन्।

शुक्रबार भएको महिला सिंगल्स फाइनलतर्फ मायंकाले बहिनी माहिका राणालाई ६-१, ६-४ को सोझो सेटमा हराएर उपाधि जितेकी हुन्। दिदी मायंका नेपालकी नम्बर १ महिला खेलाडीसमेत हुन्। माहिका दोस्रो स्थानमा रहेकी छिन्। त्यस्तै पुरुष सिंगल्सतर्फ संरक्षणभूषणले सन्तोष खत्रीलाई ६-१, ६-० ले पराजित गरी उपाधि हात पारे।

६० प्लस भेट्रान फाइनलमा विदुर विष्टले वसन्त प्रधानलाई ४-१, ४-१ ले हराएर विजेता बने। ५५ प्लस भेट्रानतर्फ मनोज राणा प्रदीप शाहलाई ६-४, ७-५ ले हराएर पहिलो भएका हुन्। ४५ प्लस भेट्रानमा चन्द्र शाहीले कृष्ण घलेलाई हराए। शाहीले घलेलाई ६-४, ४-६, ११-९ को कठिन सेटमा हराएका थिए। कमल भण्डारीले श्रीराम मगरलाई ६-३, २-६, १०-८ ले हराएर ३५ प्लस भेट्रानको उपाधि जिते।

फन डबल्सतर्फ देवबहादुर क्षेत्री र जितेन्द्र परियारको जोडीले सन्तोष खत्री र भरत रायमाझीको जोडीलाई ८-२ ले पराजित गरेको छ। विजेतालाई प्रधान सेनापति राजेन्द्र क्षत्रीलगायतले पुरस्कार वितरण गरेका थिए।

# म्याराडोनाको सनसनी भनाइ

लन्डन, (एजेन्सी)



डिएगो म्याराडोनाले यदि पुरस्कारका लागि आफू वैधानिकता भएको भए बालान डी ओर अवार्ड क्रिस्टियानो रोनाल्डो र लियोनल मेसीले भन्दा बढी जित्ने सनसनी भनाइ राखेका छन्।

अर्जेन्टिनाका प्रख्यात पूर्वफुटबलर म्याराडोनाले बालान डी ओर अवार्ड कहिल्यै जित्न सकेको थिएन। १९९५ मा पुरस्कारको स्वरुप बदलिनु अधिसम्म युरोपियन खेलाडीको मात्र वर्चस्व रहेको थियो। त्यतिबेला म्याराडोना उत्कृष्ट भए पनि युरोपियन खेलाडीले पाउने भएको हुँदा बालन डी ओर अवार्ड उनको लागि भएको थिएन। यदि त्यतिबेला नै अवार्डलाई विस्तार गरेको भए उनले रोनाल्डो र मेसीले भन्दा बढी यो अवार्ड पाउने उनको दावी थियो।

पछिल्ला १० वर्षमा यो अवार्ड २ खेलाडीको मात्रै भएको सबैले महसुस गरेको पनि म्याराडोनाले बताए। उनले एएसलाई बताए- 'जहिले पनि रियल मेडिङ र बार्सिलोनाका स्टारमध्ये एकलाई पुरस्कार दिनु पनि बोर भइसकेको छ। बालान डी ओर 'ट्रफी' बालान डी ओर एकजना खेलाडीलाई मात्रै दिनु धेरै कठिन हो। जहिले पनि रोनाल्डो वा मेसीलाई दिनु भनेको बोरिङ कुरा हो।'

उनले थपे–को यसको हकदार छन् त? हुनसक्छन् काभानी, मबाप्पे, इब्राहिमोभिच तर मलाई थाहा छैन। त्यहाँ धेरै हकदारहरु छन्।

म्याराडोनाले रोनाल्डोको सदाबहार महान खेलाडी भएको दाबीमा पनि अस्वीकृत जनाएका थिए। अल फुजाइराहका प्रमुख प्रशिक्षक समेत रहेका उनले भने- 'रोनाल्डोले भन्छन् 'उनी सदाबहार उत्कृष्ट हुन्। उनलाई वाहियात कुरा नगर्नु भनेर रोक। उत्कृष्ट, मेरा लागि अल्फ्रेडो डी स्टेफानो, 'ऋुएफ' र मेसी। तर क्रिस्टियानो पनि हुन सक्छन्। रोनाल्डो उनी अद्भूत छन्। मलाई उनको परिभाषा मन परेको छ।' क्रिस्टियानो रोनाल्डोबारे मलाई मन पर्ने अर्को कुरा त्यो हो कि टिमलाई उनको आवश्यकता छ।

# अस्ट्रेलियाको आस स्मिथमाथि

लन्डन, (एजेन्सी)

स्टिभ स्मिथको कप्तानी पारीको सहयोगमा अस्ट्रेलियाले एसेस सिरिजअन्तर्गत तेस्रो टेस्टमा इंग्ल्यान्डलाई सशक्त जवाफ दिएको छ।

इंग्ल्यान्डले पहिलो इनिङमा ४ सय ३ रन बनाएको थियो। यसको जवाफमा अस्ट्रेलियाले दोस्रो दिनमै ३ विकेटको क्षतिमा २ सय ३ रन जोडेको छ। इंग्ल्यान्ड २ सय रनले मात्रै अगाडि रहेको छ। पर्थ मैदानमा घरेलु टोलीलाई कप्तान स्मिथले सुदृढ स्थितिमा राखेका छन्। ९२ रनमा नटआउट रहेका स्मिथमाथि अस्ट्रेलियाको आशा बनेको छ। साथै इंग्ल्यान्डको सिरिजमा फर्कने आससमेत क्षीण हुने संभावना छ। यदि यो टेस्ट जित्न नसकेमा पाँच टेस्टको सिरिज इंग्ल्यान्डले गुमाउने पक्का पनि छ। सिरिजमा अस्ट्रेलिया २-० को अग्रतामा छ।

यसअघि जोनी बेयरस्टोले भ्रमणकारी टोली इंग्ल्यान्डका लागि सतक पूरा गरेका थिए। तर डेविड मालान व्यक्तिगत १ सय ४० रनमा आउट भएपछि अन्तिम ६ विकेट ५१ बलमा ३५ रनका लागि गुमाएको थियो। इंग्ल्यान्ड ४ सय ५० रन पार गर्ने स्थितिमा रहे पनि ४ सय ३ रनमै समेटिएको थियो।

बलिङमा क्रेग ओभरटनले अस्ट्रेलियाका दुबै ओपनरलाई आउट गरेर इंग्ल्यान्डलाई राम्रो शुरूआत दिएका थिए। डेविड वार्नर र केमेरोन बेनक्रफ्ट दुबै जना ओभरटनको बलिङमा फस्दा अस्ट्रेलिया ५५ रनमा थियो र इंग्ल्यान्ड ३ सय ४८ रनको अग्रतामा थियो। तर स्मिथ र उस्मान ख्वाजाले तेस्रो विकेटका लागि १ सय २४ रनको साझेदारी गर्दा खेलमा अस्ट्रेलियाको नियन्त्रणतिर अग्रसर भयो। ५० रन बनाएका ख्वाजा क्रिस वोक्सको बलमा एलबीडब्ल्युको सिकार भएका थिए।



कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ